ज्ञानभूमि, शान्तिभूमि
तराई, पहाड, हिमाल

प्रा.डा. विद्यानाथ कोइराला

ज्ञानभूमि, शान्तिभूमि
तराई, पहाड, हिमाल

लेखक
प्रा.डा. विद्यानाथ कोइराला

प्रकाशक
जरो किलो प्रतिष्ठान नेपाल
काठमाडौं

कृति : *ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल*
लेखक : प्रा.डा. विद्यानाथ कोइराला ।
प्रकाशक : जरो किलो प्रतिष्ठान नेपाल, काठमाडौँ ।
प्रथम संस्करण : वि.सं. २०७८ (सन् २०२१) ।
आई.एस.बी.एन. : ९७८-९९३७-९३८६-३-१
मुद्रक : डिजिटल प्रिन्टलिङ्क, भक्तपुर
०१-६६२०५५५, digitalprintlink@gmail.com
मूल्य : रु. १५०।-

नेपाल चिन्तनको उपक्रम

डा. निर्मलमणि अधिकारी

नेपालको अनुसन्धान मौलिक नेपाली प्रतिमानबाट नभई हाम्रो इतिहासको यथार्थ उजागर हुँदैन । नेपालकेन्द्रित मान्यता एवं नेपाली मौलिक दृष्टिकोणको यो प्रारम्भ बिन्दु हो । त्यो प्रागैतिहासिक कालदेखि प्रारम्भ भएर वर्तमानसम्म नेपाल देशको मौलिक परिचय, सार्वभौमिकता, स्वतन्त्रता, स्वायत्तता, स्थितिगत्यात्मकता आदि कसरी जीवन्त रहिआएका छन् भन्ने विश्लेषणमा नेपाली मौलिक दृष्टिकोण भयो भने नै वर्तमान नेपालमा राष्ट्रिय एकता, स्वाभिमान एवं सामाजिक सद्भावका बारेमा गरिने विचार विमर्शको सकारात्मक उपयोगिता हुने हो । वर्तमान नेपालको मूल स्रोतलाई मौलिक नेपाली दृष्टिकोणबाट बोध गर्ने, नेपाली सभ्यताको नेपालकेन्द्रित अनुशीलनलाई मूलप्रवाहमा ल्याउने एवं नेपालको वैविध्यलाई सहृदयताको सम्बन्धमा जोड्ने प्रयत्नले नेपालको राष्ट्रियता, स्वाभिमान एवं सामाजिक सद्भावका परिप्रेक्ष्यमा हुने चिन्तनले समीचीन दिशा दिन्छ ।

संसारमा सभ्यताको प्रारम्भ कसरी भयो, विकास कसरी भयो भन्नेमा विभिन्न मान्यताहरू छन् । तर बढी चलेको भनेको नदीसँग केन्द्रित रहेर हुने मान्यता हो । त्यसो भएको हुनाले काठमाडौं उपत्यकामा बाग्मति, विष्णुमति रहेको र अन्यत्र पनि नेपालका विभिन्न भूभागमा नदी कहाँ छन् र सभ्यता कसरी विकास भयो भनेर हेर्नु एउटा पद्धति हो । पक्कै पनि नदी किनारमा, नदी प्रश्रवण क्षेत्रमा सभ्यता विकास भयो तर हाम्रो नेपालमा, यो हिमवत्खण्डमा हामीले हेर्‍यौं भने बसाइको पद्धति बाहिरी मानिसहरूले मानव सभ्यताको जुन चर्चा गर्छन् त्यस्तो मात्रै पनि छैन । यहाँ केही वर्ष अगाडिसम्म पनि पहाडमा बस्ने, थुम्कोमा बस्ने, पानीको मूलभन्दा १ घण्टा, २ घण्टा माथि पनि बस्ने,

बरु पानी कसरी कम खर्च गर्ने हो त्यसको पद्धति पनि विकास गरेको पाइन्छ । घैया धानको एक प्रजाति सबैलाई थाहा छँदैछ । पानी कम भएतापनि हुने खालका बालीनाली यहाँ हुने गरेका छन् । यस्तो पद्धति भएको नेपालको यो शिखर सभ्यता अर्थात शैल सभ्यता जुन हो त्यसको राम्ररी अध्ययन भैसकेकै छैन ।

केही पछिल्लो चरणमा, अहिलेको हिसाबले २००७ सालको आसपास, इतिहासको मौलिक लेखन शुरु भैसकेको भए तापनि अझै धेरै प्राचीन कालसम्म हामी जान बाँकी नै छ । संशोधन मण्डल, योगी नरहरिनाथ, इतिहास शिरोमणि बाबुराम आचार्यद्वारा इतिहासको एउटा नेपालको आफ्नो शैली शुरु भएको थियो । संशोधन मण्डलका नयराज पन्त र वहाँका शिष्यहरू सहित, योगी नरहरिनाथ, इतिहास शिरोमणि बाबुराम आचार्यका कारणले हाम्रो मध्यकालसम्मका, प्राचीनकालका केही कुराहरू आएका भए ता पनि अझै इतिहासमा धेरै अनुसन्धान हामीले गर्न बाँकी नै छ । सभ्यताको तरिकाले हेर्दा नेपालको शैल सभ्यता अथवा शिखर सभ्यता जुन हो त्यसको अध्ययन त अझ राम्रोसँग हुन सकेको छैन । अन्वेषण हुन बाँकी नै छ ।

हिमवत्खण्डभित्र अवस्थित नेपालमा हिमाल, पहाड अनि तराइ, जसलाई समष्टिमा त्रिविष्टप भनिन्छ संस्कृतमा, त्यो तीन किसिमको भूभाग जहिले पनि रहेको देखिन्छ । नेपाल आफ्नो विस्तृत अवस्थामा जब थियो यसमा त मानसरोवरदेखि गंगासम्म र कामरूपकामाक्षा, आजको आसामदेखि कशिमरसम्म थियो । त्योभन्दा पछि खुम्चिँदाखेरि पनि अहिलेको कुमाउँसम्म, कर्तृपुर जसलाई भनियो त्यहाँसम्म नेपाल थियो । समुद्र गुप्तको अभिलेख साक्षी छ । नेपाल भूमि जुन छ, आज भर्खरै बनेको त्यस्तो देश होइन । यो त जहिलेदेखि मानव सभ्यताको शुरु हुन थाल्यो, प्रारम्भिक अवस्थादेखि नै एकदमै कम जस्ताको तस्तै रहेको, अलिकति सीमा यताउता भयो तर सार्वभौमसत्ताको अविच्छिन्न प्रवाह भएको एक मात्र देश हो भन्दा पनि अत्युक्ति हुँदैन, त्यस्तो देश हो नेपाल ।

नेपालको राष्ट्रिय एकता, स्वाभिमान एवं सामाजिक सद्भावको मूल स्रोत भनेको नेपालको इतिहासबारे नेपालीजनमा समन्वयात्मक इतिहास बोध आवश्यक छ । नेपाली राष्ट्रियतामा सबैथरी नेपालीजनको

अपनत्व हो । साथै, समकालीन नेपालमा सबैथरी नेपालीले आशा, आत्मविश्वास र आत्मीयताको अनुभूति गर्न सक्ने अवस्था भयो भने मात्र नेपालको राष्ट्रिय एकता, स्वाभिमान एवं सामाजिक सद्भावको लागि अनुकूल परिस्थिति हुने हो भन्ने यथार्थलाई पनि हामीले ख्याल नराखी सुखै छैन ।

वैदिक सनातन हिन्दू, बौद्ध, किराती, बोन, जैन र अन्य पनि मौलिक रैथाने समुदायको प्राचीन कालदेखि नै साझे घर हो नेपाल । त्यो विविधता झन् बढेको देखिन्छ। हिन्दू परिचयभित्र समेटिएकाहरूको विविधता हेरौं त, अति प्राचीनकालदेखिका मष्टोपूजकदेखि हालसालैका सम्प्रदायहरूसम्म यसमा अटाएका छन्। बौद्ध परिचयभित्र पनि प्रशस्त वैविध्य छ। हिन्दू परिचय भित्रको वैविध्य र बौद्ध परिचय भित्रका वैविध्य विशृंखलित छैन, निकै समन्वित छ नेपाली समाजमा । महायानी बौद्ध र नाथ सम्प्रदायहरूको सहअस्तित्वबाट नेपाली समाजको सामञ्जस्यमा अनुपम योगदान पुगेको छ। बोन समुदायले हिन्दू र बौद्ध समुदायहरूलाई बडो बलियोसँग जोडेको छ। किरात धर्म र हिन्दू धर्मको समन्वय पनि उत्तिकै बलियो छ। अचेल "युमा साम्यो" नामकरण सहित सक्रिय हुन थालेको समूहले पहिलेको किरात भन्ने परिचयलाई चुनौती दिएको छ, तर उनीहरूले पनि अन्ततोगत्वा समन्वयात्मक दृष्टिकोण अवलम्बन नगरी सुखै छैन ।

बहुसम्प्रदाय, बहुसंस्कृति, बहुभाषाको विविधताको समन्वित स्वरूप नै नेपाल हो । नेपालको राष्ट्रिय एकताको आधार उपर्युक्त विविधताहरूको आपसी समन्वयले विकसित बृहत्तर राष्ट्रियतामा निहित सहृदयताको सम्बन्ध नै हो । नेपालको राष्ट्रिय एकताको ठोस आधार पनि यसै सहृदयताको आधारशिलाबाट सशक्त हुने हो। ज्ञात इतिहासमा नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता, स्वायत्तता सदैव अक्षुण्ण रहनु हाम्रो स्वाभिमानको प्रमुख पाटो रहेको देखिन्छ । अन्तर्यमा, नेपालको मौलिक धर्म, संस्कृति, सभ्यताको अविच्छिन्न उत्तराधिकार नै हाम्रो स्वाभिमानको मूल स्रोत हो, जसले नेपालको पुनर्जागरणको लागि प्रशस्त आधार दिएको छ । उपर्युक्त उत्तराधिकारमा प्राप्त नेपाली राष्ट्रियताको प्रकृति र प्रवृत्ति हेर्ने हो भने अनेकतालाई वैभिन्न्य होइन, वैविध्य मानेर व्यवहारमा समन्वय, सामञ्जस्य, सहृदयता अवलम्बन गर्ने चरित्र नै

प्रधान छ । सोही कारणले राजनीतिक सिद्धान्तका रूपमा नेपालको चरित्रलाई सहृदयता दर्शन एवं राज्यराष्ट्र सिद्धान्तले प्रतिनिधित्व गर्छन् भनिएको हो ।

हामी विवेकी हौँ भने हामीले ख्याल गर्नुपर्ने कुराहरू भनेको नेपालको इतिहासमा रहेका भ्रमहरू चिर्ने हो र नेपाली मौलिक मान्यता अवलम्बन गर्ने हो । नेपाल विश्वको सभ्यताको केन्द्र हो, सृष्टिको केन्द्र हो। त्यसो भएको हुनाले विश्वका सबै मानवहरूको प्राथमिक घर भनेको यो हिमवत्खण्ड हो । यो हिमवत्खण्डको अविच्छिन्न उत्तराधिकारी नेपाल हो । अरु देशको सांस्कृतिक सम्बन्ध नेपालसँग कसरी विकास गर्न सकिन्छ त्यो हामीले विचार गर्नुपर्छ । राजनितिक नागरिक जुन अधिकारको कुरो छ, त्यसमा जुन नागरिकताको कुरा छ, यहीँ नेपालमा नै बस्ने कुरा छ, त्यसमा नेपाल भूमिले नथेग्ने व्यावहारिक कारणले गर्दाखेरि पनि हामीले निकै नै विचार गरेर त्यसका नीतिहरू बनाउनु पर्छ। तर, अन्तर्यमा चाहिँ जातिवादी, प्रजातिवादी, नश्लवादी घृणालाई नेपालमा स्थान रहनु हुँदैन ।

नेपालप्रति मात्र होइन यो हिमवत्खण्डप्रति, फेरि समष्टिमा पृथ्वीप्रति नै हाम्रो पवित्र भाव छ । किनभने हामीले वैदिक भूमि सूक्त हेर्‍यौं भने त्यहाँ एउटा निश्चित भूखण्डलाई, सानो कित्ताकाट गरेर त्यसलाई मात्र पवित्र भनेको छैन । समष्टिमा यो पृथ्वी नै, यो ब्रम्हाण्ड नै पवित्र भनिएको छ। हामी त यत् पिण्डे तत् ब्रह्माण्डे, यत् ब्रह्माण्डे तत् पिण्डे भन्ने मान्ने संस्कृतिका हौँ । यही कुरो किरात परम्परामा पनि छ । बोन परम्परामा, बौद्ध परम्परामा, जैन परम्परामा पनि छ । अरु पनि जति यहाँका स्थानीय छन्, कतिपयको त नामकरण पनि नभएको होला, या हामी जो मष्टोपूजक छौं सबैको मान्यता के हो भने आफ्नो भूमि, आफू जहाँ बसेको छ त्यसलाई मान्ने हो । सँगसँगै त्यहाँ बस्ने जुनसुकै जातिका, प्रजातिका, नश्लका भए पनि यदि उसको व्यवहार, गुण, चिन्तन, आचार राम्रो छ भने त्यसलाई आफ्नै भनेर मान्ने, स्वीकार गर्ने हाम्रो पद्धति हो । विविधताको समावेशीता नेपालका लागि अत्यावश्यक थियो र छ । नेपालको विशेषता भनेकै विविधताहरू एक ठाउँमा आउने, सबैथरि मिलेर बस्न सक्ने, सहृदयताको सम्बन्ध राख्ने खालको हो । यो प्राचीनभन्दा प्राचीनकालमा पनि थियो, बीचको

कालमा पनि थियो । अहिले पनि केहीकेही कसैले गड्बड् गर्न खोजेको भए पनि हामीले त्यसलाई जितेर त्यस्तै बनाउनु पर्छ ।

नेपाल सरहदभित्र रहेका हामी जति पनि नेपालीजन छौं, जुनसुकै जातिका, प्रजातिका, नश्लका भए पनि, जात मान्ने भए पनि, जात प्रणालीभन्दा बाहिरका भए पनि, जुनसुकै संस्कृतिका भए पनि हामी मिलेर सँगसँगै बस्नु नै छ । एकै देशका नागरिक हौं, नेपालकै सन्तान हौं । हामी बीचमा के के कुरा गर्दा चाहिँ एकताका आधारहरू भेटिन्छन् भन्ने कुरामा हामी लाग्नु पर्छ । किनभने झगडा गर्छु भन्यो भने पनि निहुँ पाइला पाइलामा भेटिन्छ । मिल्छु भन्यो भने पनि मिल्ने प्रशस्त आधारहरू भेटिन्छन् । हाम्रो जोड भनेको मिल्नेमै हुनुपर्छ । हामीले बुझ्नु पर्‍यो कि नेपालको इतिहास भनेको पाँच, दश हजार या पच्चिस, तीस हजार वर्षको होइन । ५००० वर्षको त काठमाडौं उपत्यका भनिन्छ । अलिपर खोकना जाने बित्तिकै मेरो विचारमा २५ देखि ३५ हजार वर्ष पुरानो भैसक्छ होला । यता टोखातिर जाने बित्तिकै त्यति भैसक्छ होला । अझ शिवपुरी डाँडामाथितिर गयो भने अझ पुरानो हुँदै जान्छ । अझ मनाङ मुस्ताङतिर पुग्दा कति पुरानो होला ? जुम्लातिर पुग्दा कति होला ? यो इतिहासको पनि राम्रोसँग अन्वेषण नभैसकेको अवस्थामा १ करोड १० लाख वर्षका रामापिथेकसको दाह्रा भेटियो भनिन्छ बुटवलमा । मलाई त अझ उदार चित्त राखेर, दृष्टिकोण राखेर हेर्दाखेरि त सृष्टिको मूल भूमि नै यही भएको हुनाले एकदम प्राचीनमा प्राचीनतम् कालमा गयो भने त अफ्रिकी, यूरोपेली आदि इत्यादिले पनि नेपालभित्रै आफ्नो मूल भेटाउँछन् होला जस्तो लाग्छ । अब नेपालकेन्द्रित दृष्टिकोणबाट अध्ययन, अनुसन्धान, अन्वेषण गर्‍यो भने त के के कुराहरू आउने हुन् त्यो हामीले हेर्न बाँकी छ । अहिलेलाई चाहिँ मैले जोड दिन खोजेको नेपाल भनेको अन्तअन्तैबाट मान्छेहरू आएर बसेको मात्रै देश हो, नेपालको आफ्नो मौलिक भन्ने केही छैन कि भन्ने जुन भ्रम छ त्यस्तो होइन । नेपाल सृष्टिकै मूल हो, नेपाल नै मौलिक छ । नेपालको त राम्रोसँग उत्खनन्, अनुसन्धान, पुरातात्विक अन्वेषण हुनै बाँकी छ । त्यो भैसक्दाखेरिमा नेपाल विश्वको सभ्यताको उद्गम बिन्दुको रूपमा परिचत हुनेछ, विश्वसभ्यताको केन्द्रको रूपमा विकसित हुनेछ ।

समष्टि हिमवत्खण्ड एक बृहत्तर प्रणालीमा जोडिएको देखिन्छ। किन कि यो नदीको प्रश्रवण प्रणाली हिमालदेखिबाट शुरु हुँदै पहाड हुँदै तराईसम्म जान्छ अनि समुद्रसम्म जान्छ। हिमालदेखि सागरसम्मको यो हाम्रो एउटै प्रणाली क्षेत्र हो। अब त्यसमा हामीले हेर्नुपर्‍यो कि हिमवत्खण्डमा पनि सांस्कृतिक आधारमा नेपाल के हो, ऐतिहासिक आधारमा नेपाल के हो ? सँगसँगै व्यवहारिकता हामीले के ख्याल गर्नुपर्‍यो भने आज नेपाल भन्ने जुन सार्वभौमसत्ता सम्पन्न देश छ, यसको भूराजनीतिक वैधानिक जुन आधार छ, जसमा अहिले अन्तर ाष्ट्रिय सन्धि सम्झौताहरूले पनि त्यसलाई अझ बलियो बनाएका छन्, त्यसलाई आजको हिसाबले केन्द्रमा राखेर कुरा नगरी सुखै छैन।

हामी सहृदयताको पद्धतिलाई मान्ने हुनाले करुणाको पद्धतिलाई मान्ने हुनाले हाम्रा सोचाइ, चिन्तन, व्यवहारमा सकेसम्म त्यो झल्किनु पर्‍यो। यो "उदारचरितानां वसुधैव कुटुम्बकम्" भन्ने पक्षमा पनि जानु पर्‍यो। सारा विश्व नै हाम्रो घर हो भन्ने चेतनालाई पनि स्थान दिन सक्ने हामी हुनु पर्‍यो। साथै, हाम्रो नेपाल आज जुन एउटा विशाल देशबाट खुम्चिदै खुम्चिँदै यो मेची महाकालीको सरहदमा आइपुगेको छ त्यसलाई जोगाएर, त्यसलाई अझ उन्नति प्रगतितिर लिएर जानुपर्‍यो। नेपालमा निहित सांस्कृतिक, सामुदायिक, सम्प्रदायगत, भाषिक, जातीय वा प्रजातीय, भौगोलिक क्षेत्रजन्य वा अन्य कुनै पनि आधारमा रहेका वैविध्यलाई सहृदयताको सम्बन्धमा समन्वित गरेर मात्र सामाजिक सद्भाव सुनिश्चित हुने हो।

कसैले मष्टो भन्यो होला कसैले वायु भन्यो होला। हाम्रो वैदिक पद्धति हेर्‍यो भने जलका देवता, जमीनका देवता, अन्तरिक्षका देवता सबैलाई एकमा अनेक र अनेकमा एकको विभूति मानिएको छ। अग्नि, वायु, सूर्य, यी त एकै ईश्वरीय शक्तिका अभिव्यक्ति हुन्, प्रकटीकरण हुन भन्ने मानेर सबैमा एक नै देख्ने हाम्रो पद्धति हो। त्यसो भएको हुनाले नेपाल जसले पनि डाँडाको पूजा गर्छ, खोलाको पूजा गर्छ, ढुंगाको पूजा गर्छ, रुखको पूजा गर्छ, मष्टोको पूजा गर्छ अथवा भएँरको पूजा गर्छ, झाँकीको पूजा गर्छ, नागको पूजा गर्छ, जेको पूजा गर्छ, सबैथरीको स्वाभाविक समन्वय छ। कसैले हिमालको पूजा गर्ला, पहाडको पूजा गर्ला। कुनै मैदानलाई, कुनै खाली ठाउँलाई, कुनै

ढिस्कोलाई पूजा गरिएला । कहीँ मन्दिर बनाएर गर्ला, कहीँ नबनाएरै गर्ला, कहीँ चैत्य बनाउला, कहीँ गुम्बा बनाउला, कहीँ के बनाउला, जे भए पनि जसको नेपालप्रतिको भावना छ कि यो मेरो मातृभूमि हो, ती सबै वैदिक सभ्यताभित्रका एवं मित्र सभ्यताका हुन् ।

इतिहासमा केके भए, ती कुराहरूलाई अध्ययन अनुसन्धान गर्नु, थाहा पाउनु र भविष्यमा त्यस्ता कमी कमजोरी नहोस् भन्नु जरुरी छ तर फेरि इतिहासमा यस्तो भएको थियो भनेर एक आपसमा झगडा गर्ने, बैर गर्ने, घृणा गर्ने, मारकाट गर्नेतिर लाग्ने भनेको त विवेकको कुरो भएन । इतिहासको बन्दी नहोऔँ, इतिहासबाट पाठ सिकौँ । भनेपछि, केही चीज यस्ता छन् जसलाई इतिहासले स्वतः समाधान गरेको छ, त्यसलाई बलियो बनाऊँ । केही चीज यस्ता छन् कि हामीसँग पर्याप्त विविधता छ, त्यसलाई समन्वय गरौं र सहृदयताको सम्बन्धमा हामी नेपाली बनेर विश्वमानव बनेर अगाडि बढौं ।

नेपालको राष्ट्रियताको उदार, बृहत्तर, अद्यावधिक् परिभाषा, व्याख्या, अर्थापन गरी सबैथरी नेपालीजन अटाउने राष्ट्रियता अवलम्बन गरौँ भनेर भन्न सकिने स्थिति रहेको मुख्यतः वैदिक सनातन हिन्दू धर्मावलम्बीको आधिक्य नेपालमा विद्यमान रहेको कारणले नै हो भन्ने तथ्य विशेष जोड दिन आवश्यक तथ्य हो । अन्यत्र रहेका दुई फक्लेटे (बाइनरी) चिन्तन नभई हामीसँग कम्तीमा ११ दिक् र तिनीहरूका सापेक्षतामा सत्यको वैविध्यपूर्ण दृष्टिकोणको मान्यताले नै हामीलाई बहुलतासँग समन्वय गरी सहजीवन बाँच्न सक्षम बनाएको हो । यो कुनै बुद्धिविलासको कुरा होइन, हिन्दू परिचयमा गौरव गर्नेहरूको बाहुल्य, आधिक्य वा प्रभुत्वको शताब्दीयौँ वा सहस्राब्दीयौँको इतिहास भएको यो देशमा वर्तमानमा पनि निकै विविधता रही संविधानमै यो देशलाई बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक आदि लेख्ने अवस्था विद्यमान रहेको यथार्थले यसको व्यावहारिक प्रामाणिकता दिइरहेको छ । नेपालको आफ्नै मौलिक चुरो छ, मौलिक केन्द्र छ, हाम्रो जरो छ । त्यो जरो के हो हामीले पनि चिन्नु पर्‍यो । र आजको हाम्रो जुन विविधता छ त्यो विविधतालाई पनि हामीले स्वीकार्नु पर्‍यो । नेपालको वैविध्यलाई सहृदयताको सम्बन्धमा जोड्ने दार्शनिक आधार जानेर त्यसलाई अवलम्बन गर्नु नै विवेकी कार्य हुनेछ ।

प्रा.डा. विद्यानाथ कोइरालाद्वारा लिखित प्रस्तुत पुस्तकले नेपालको विविधता दर्शाउनुका साथै अन्तर्निहित ऐक्यलाई पनि उजागर गर्ने उपक्रमलाई अघि बढाएको छ। नेपाललाई ज्ञानभूमि र शान्तिभूमि भनेर भनिरहने मात्रै होइन, यहाँ पुष्पित पल्लवित ज्ञानलाई जान्ने पो हो भन्ने मान्यताले प्रस्तुत पुस्तक जन्मेको सहजै बुझ्न सकिन्छ। यसले नेपाल बारे गरिने मौलिक चिन्तनको उपक्रमलाई थप अगाडि बढाउने निश्चित छ। यस्ता पुस्तकले ज्ञान भण्डार अभिवृद्धि गर्ने र नेपालमा समन्वयतात्मक एवं सामञ्जस्यपूर्ण दृष्टिकोणलाई प्रवर्धन गर्ने विश्वास सहित जरो किलो प्रतिष्ठान नेपाल यसको प्रकाशक बनेको हो। पुस्तकमा व्यक्त दृष्टिकोण प्रा.डा. कोइरालाको हो। प्रस्तुत पुस्तक प्रकाशन गर्ने अवसर जरो किलो प्रतिष्ठानलाई दिनुभएकोमा प्रा.डा. कोइरालालाई हार्दिक साधुवाद छ।

आशाको त्यान्द्रो

यजुर्वेद (३०.१०) ले भन्छ- शिक्षा प्राप्त गर्न प्रश्न गर्न जान्नुपर्छ । विद्या र अविद्या मिलाउनुपर्छ (यजुर्वेद, ४०.१३) । विद्या मात्रै बोक्ने अन्धतामा हुन्छ । अविद्या मात्रै बोक्ने पनि अन्धतामै हुन्छ (यजुर्वेद, ४०.१२) । विद्या भनेको आध्यात्मिक ज्ञान हो । अविद्या भनेको भौतिक ज्ञान हो । त्यही वेदले भनेको छ -सत्य पहिल्याउन चाहनेले परिस्थिति अनुसारका सत्यहरू पनि चिन्नुपर्छ (यजुर्वेद,१९.७६) । योनी सत्य । पिसाब आउने । रगत आउने । रज आउने । बच्चा आउने । यी र यस्ता वैदिक चिन्तनले भन्छन् - निषेधी मानसिकता बोक्नेहरू शिक्षक हुन सक्तैनन् । विद्यार्थी हुन सक्तैनन् । उपदेशक हुन सक्तैनन् । नेता हुन सक्तैनन् । पुर्खाको यो चिन्तनले जिज्ञासु बन्ने प्रेरणा दिन्छ । त्यही जिज्ञासा शान्त गर्न यो खोज गरेको हुँ ।

खोज अपूरो छ । स्वीकार्छु । क्रम मिलेको छैन । स्वीकार गर्छु । तर जिज्ञासा रहिरह्यो - नेपालमा ककसको ज्ञान छ त ? यस क्रममा मैले केही खोज गरेँ । मूलतः इन्टरनेटमा । त्यहाँ जानकारी राख्नेहरूमा सादर नमन । त्यहाँ फोटो राख्नेहरूमा सादर नमन । मैले सिर्फ सङ्कलन गरेँ । मौरी जस्तो । इन्टरनेटमा फूल फुलाइदिनेहरूमा लाखलाख वन्दना ।

मेरो रहर हो -राष्ट्रिय गानमा भएका शब्दको मर्म सबैले जानौँ । गाउनेहरूले । गाउन लगाउनेहरूले । घोकन्ते शिक्षा भनी अरूलाई गाली गर्नेहरूले । आफूले राष्ट्रिय गान घोक्ने तथा अरूलाई घोकाउन तम्सिनेहरूले । आफू नखोज्ने । अरूलाई पनि खोजाउन नचाहनेहरूले । खोज्ने कला नजान्नेहरूले । खोज्नुपर्छ भन्ने सोच नबोकाउनेहरूले ।

मेरो अनुभूतिले भन्छ- जिज्ञासु बन्नेहरूलाई खोज्ने ठाउँहरू अनन्त छन् । पुर्ख्यौली वाङ्मयमा । आधुनिक प्रविधिमा । भूइँमान्छेमा । विज्ञमा । आफ्नै अनुभवमा । आदि इत्यादिमा ।

नेपाल ज्ञानहरूको खानी हो । यसको भौगोलिक विविधताले त्यही भन्छ । सामाजिक विविधताले त्यही भन्छ । धार्मिक विविधताले त्यही भन्छ । सांस्कृतिक विविधताले त्यही भन्छ । जैविक विवधिताले त्यही भन्छ। जनजीवकाको भिन्नताले त्यही भन्छ। यसको अर्थ हो- हरेक विविधतामा रहेका नेपाली ज्ञानहरूको खेती गरे पहिचान बन्छ। बाहिरका ज्ञानको मात्र खेती गरे भरिया बनिन्छ। प्रश्न हो- घरैको ज्ञान खोज्ने कि भरिया बन्ने ? पुर्खालाई बिर्सने कि तिनको ज्ञानमा निरन्तरता दिने ? सुधार गर्ने ? विकल्प दिने ? पुर्खाको ज्ञान र भरिया बनेर ल्याएका ज्ञानमा घालघोल गरेर नयाँ बनाउने कि ? रैथाने ज्ञानलाई पन्छ्याएर ठूलो भरिया बन्ने ? आफ्नै माटोको ज्ञानलाई सिद्धान्तीकरण गर्ने कि ? अरूकै सिद्धान्त बोकेर हिँड्ने ? यी र यस्ता जिज्ञासाहरूको उत्तर खोज्नु जरुरी छ ।

पुस्तकमा सामाजिक न्याय, भाषा, सहित्य तथा कला, धर्म संस्कृति तथा राजनीतिसम्बन्धी ज्ञानहरूको आँखीझ्याले झल्को छ । त्यसो गर्नुको उद्देश्य हो- खोज्न उत्प्रेरित गर्नु । स्थानीय तहका रैथाने ज्ञान खोज्ने । आयातीत ज्ञान खोज्ने । संस्थागत भएका धर्मशास्त्रीय ज्ञान खोज्ने। यो खोजबाट विद्यालय, विश्वविद्यालय र तिनका कलेजहरू खोजका केन्द्र बनाउने ।

डा. निर्मलमणि अधिकारीले यो पुस्तक पढेर थप आधिकारिकता दिनुभयो। दीनानाथ पोखरेलले भाषिक शुद्धता सुनिश्चित गरिदिनुभयो । जरोकिलो प्रतिष्ठानले यसको छपाइ एवं वितरणमा सघायो। यसनिम्ति म सबैप्रति आभारी छु । मलाई विश्वास छ- यो पुस्तकले शिक्षक, विद्यार्थी, रैथाने ज्ञानका उपासक तथा अन्य जिज्ञाशुहरूलाई थप खोजमा झकझक्याउने छ। बोलेका हर शब्दमा गहिरिने तागतका लागि सबैलाई ललकार्ने छ । नेपालमा क-कससको ज्ञान थियो ? क-कसले शान्ति स्थापनार्थ काम गरे भनी थप खोजी गर्ने प्रेरणा दिनेछ। यसकै निम्ति मेरो यो शुरुआती प्रयास हो । यसमा थपौं/काटौं/छाँटौं/ज्ञानभूमिका ज्ञानहरु खोजौं । शान्तिभूमिका शान्तिहरु ल्याऔं । त्यही मेरो आशाको त्यान्द्रो हो ।

प्रा.डा. विद्यानाथ कोइराला

विषय-सूची

खण्ड १ - सामाजिक न्यायका ज्ञानहरू
दीनाभद्री ३
राजा सलहेस ५
शङ्खधर ७
सिरीजङ्गा ८
राजा जयपृथ्वी बहादुर सिंह १०
भगत सर्वजीत विश्वकर्मा १२
भीमदत्त पन्त १४
बलदेव राम १६
खण्ड २ - भाषा, कला, तथा साहित्यका ज्ञानहरू
पाणिनी १९
गोनू झा २०
महाकवि विद्यापति २३
अरनिको २५
खण्ड ३ - धर्म दर्शनका ज्ञानहरू
धर्म र दर्शन २९
शैव दर्शन ३२
शाक्त दर्शन ३६
वैष्णव दर्शन ३९
सीता ४१
कपिल/साङ्ख्य दर्शन ४३
गुरु गोरखनाथ ४६
ऋषि विश्वामित्र ४९
मुन्दुम/मुन्धुम ५२
गौतम बुद्ध ५३
नागार्जुन ५७
गुरु रिम्पोछे ५९
दलाइ लामा ६१

सन्त रविंदास ६३
राजर्षि जनक ६५
ऋषि याज्ञवल्क्य ६७
गार्गी वाचक्नवी ६९
मैत्रेयी ७०
ऋषि अष्टावक्र ७२
वेदव्यास ७५
ऋषि वाल्मीकि ७८
सन्त कवीरदास ८०
भृकुटी ८२
गुरु नानक ८४
महावीर ८६
अब्राहमिक धर्म ८८
मदार बाबा ९१
शिवपुरी बाबा ९२
खप्तडबाबा ९४
स्वर्गद्वारी बाबा ९६
महागुरु फाल्गुनन्द ९८
योगी नरहरिनाथ १००
डा. स्वामी प्रपन्नाचार्य १०२
बाला गुरु षडानन्द १०४
योगमाया १०६
सन्त ज्ञानदिलदास १०८
स्वामी डा. रामानन्द गिरी १०९
विराट राजाको दरबारको भग्नावशेष १११
खण्ड ४- राजनीतिक ज्ञानहरू
श्री ५ पृथ्वीनारायण शाह ११५
बिसे नगर्ची ११८
दङ्गीशरण थारू १२०
रैथाने ज्ञान र सीप १२२
पुर्ख्यौली ज्ञानको क्षेत्र बुझ्ने आधारहरू १२५

खण्ड १

सामाजिक न्यायका ज्ञानहरू

१

दीनाभद्री

बोली विहीनहरूका बलिया आवाज हुन् दीनाभद्री । गरीबमुखी न्यायका प्रतिमूर्ति हुन् । नामूद पहलमान हुन् । पेशाले खेतीहर मजदुर हुन् । मैथिली समाजका लोकनायक हुन् । सामन्ती प्रथाका कट्टर विरोधी हुन् । गिरहत (मालिक) को जी हजुरी नगर्ने दाजुभाइ हुन् ।

मुसहर समुदायका यी दाजुभाइको जन्म सप्तरीको जोगिया जाँगरमा भएको थियो । पिताजी कालु सदा र माताजी नीरसोबाट उनीहरूको जन्म भएको थियो । सप्तरीकै कटैयाखाप उनीहरूको कर्मथलो थियो । उनीहरू पाँच मनको कोदालो चलाउन सक्थे भन्ने जन विश्वास छ ।

दीनाभद्रीले गरीबमुखी न्यायका अनेकन काम गरेका छन् । तीमध्ये दुईवटा कामहरूको बढी चर्चा गरिन्छ ।

- पहिलो, दीनाभद्रीले सामन्ती कनक सिंहलाई कठालो समातेर कुटी त्यहाँको बेठ बेगारी प्रणाली अन्त्य गराएका थिए । बेठ बेगारी प्रथा भनेको सामन्तीको घरको काम गर्दा मजदुरले ज्यालामजुरी नपाउने व्यवस्था हो । अर्थात निशुल्क रूपमा घरलौरी गएर गिरहतको काम गर्नैपर्ने व्यवस्था हो ।

- दोश्रो, दीनाभद्रीले सप्तरीको कुनौली नजिकै भारतका जोरावर सिंहले गर्ने गरेको यौन हिंसाको अन्त्य गराएका थिए । गाउँका जोसुकै नयाँ दुलहीसँग ससुराल (दुलाहाको घर) आएकै दिनमा जोरावर सिंहले यौनक्रिया गर्ने गर्थ्यो । उसको यौन अपराधी क्रियाकलाप रोक्न डोलामा नयाँ दुलही बनेर दीनाभद्री जोरावर सिंहको घर गए । अनि दुई भाइ मिलेर उनीहरूले जोरावर सिंहलाई बेसरी धुलाइ गरे । अर्थात खूब पिटाइ गरे । त्यसपछि गाउँमा आउने नयाँ दुलहीले जोरावर सिंहजस्ता यौन अपराधीहरूको हातबाट सदाका निम्ति मुक्ति पाए ।

दीनाभद्रीले गरीबमाथि भए गरेका अन्याय अत्याचार, व्यभिचार, पापाचारहरू रोक्न अनेकन काम गरेका कथाहरू मुसहर समुदायमा सुन्न पाइन्छ । तर ती कथाहरूको सँगालो अझै बनेको छैन । यति हुँदाहुँदै पनि दीनाभद्रीलाई मैथिली समाजले लोकनायक मान्दछ । नेपाल तथा भारतका मुसहर समुदायले देवता मान्दछन् । दीनाभद्रीका मन्दिरहरू बनेका छन् । नेपालमा पनि सप्तरीको खडक नगरपालिका वडा नं ८ मा दीनाभद्रीको भव्य मन्दिर छ । देशका अन्य भागमा पनि दीनाभद्रीका मन्दिरहरू छन् । कहीँ बन्ने अवस्थामा पनि छन् । मन्दिरमा दीनाभद्रीका गाथा गाइन्छ । पूजा गरिन्छ । प्रार्थना गरिन्छ । तराई मधेसका जिल्लाहरूमा मूलतः सप्तरी तथा सिरहा जिल्लामा कुनै पनि देवीदेवताको पूजा गर्दा अनिवार्य रूपमा दीनाभद्रीको पूजा आराधना गर्ने चलन छ । यस्ता महान न्यायमूर्ति, सामाजिक अभियन्ता, लोकनायक, तथा देवताहरूका बारेमा स्कूल कलेजमा चर्चा गर्ने गरिएको छैन ।

२

राजा सलहेस

अन्याय र अत्याचारका विरुद्ध लाग्ने राजाको आराध्य नाम हो सलहेश । यिनी समावेशीताका प्रतिमूर्ति पनि हुन् । सिरहाको लहान बजारबाट चार किलोमिटर पूर्वमा उनको फूलबारी छ । त्यहाँ भएका मूर्तिले उनको समावेशीताको झल्को दिन्छ । त्यहाँको मूर्तिले भन्छ उनी जातका समावेशी थिए । जातीयताका समावेशी थिए । लैङ्गिक समावेशी थिए । आर्थिक समावेशी थिए । स्वभावतः भाषिक समावेशी थिए ।

राजा सहलेस सिरहा जिल्लाको माडर भन्ने ठाउँको महिसौथामा जन्मेका हुन् । उनको नाम जयवर्धन शैलेश हो । उनी पाँचौं वा छैठौं शताब्दीमा मिथिला क्षेत्रमा राजा भएका थिए । दुषाद जातिमा जन्मेका यी राजाले तत्कालीन मिथिला क्षेत्रमा राज्य गरेका थिए । राजर्षि जनकपछि उनको नाम आराध्य राजाको रूपमा लिइन्छ । लोक कल्याण उनको आदर्श व्यवहार थियो । मिथिला क्षेत्रमा भएको अन्याय अत्याचार समाप्त गर्न उनले अनेकन कामहरू गरेका थिए । उनी प्रकृतिप्रेमी थिए । न्यायप्रेमी थिए । शूरवीर थिए । यही गुणले गर्दा राजा सलहेसलाई देवता मानिन्छ ।

सलहेशको फूलबारीमा प्रतिवर्ष वैशाख १ गते मेला लाग्छ। त्यो फूलबारीमा राजा सलहेस फूल टिप्न जान्थे भन्ने भनाइ छ। नेपाल र भारतका लाखौं भक्तजन तथा दर्शनार्थीहरूले त्यो मेलामा भाग लिने गरेका छन्।

राजा सलहेसले गरेका न्याय सम्बन्धी कामहरू के के थिए ? समावेशिता सम्बन्धी कामहरू केके थिए ? समाज सुधारका कामहरू के के थिए ? लोक कल्याणका उनका कामहरू के के हुन ? कुनकुन कारणले गर्दा उनलाई राजर्षि जनकपछिका आराध्य मानिएको हो ? यी र यस्ता कुराबारे स्कूल तथा कलेजले खोजे खोजाएको छैन। विश्वविद्यालयले अनुसन्धान गरेको छैन।

३

शङ्खधर

कल्याणकारी व्यक्ति हुन्- शङ्खधर । गरिबमुखी हुन शङ्खधर । उनको जीवनीले भन्छ- उनले सुन सङ्ग्रह गरे । त्यो सुनले आफ्नो घर बनाएनन् । सुख शयल गरेनन् । आफन्तलाई बाडेनन् । तर गरिबहरूको ऋण तिरे । सबैलाई अऋणी बनाए । भाषा वंशावली तथा राजभोगमालो वंशावलीमा यो कुरा उल्लेख छ । काठमाडौंको पशुपतिनाथ मन्दिर परिशरको शिलालेखमा पनि यो कुरा उल्लेख छ ।

शङ्खधरले ऋण तिरिदिएको दिन कार्तिक शुक्ल प्रतिपदा तिथि हो । सोही तिथिलाई नै नेपाल संवत्को शुरु दिन मानिन्छ । तिहारको भाइटीकाको अघिल्लो दिन यो संवत्को नयाँवर्ष शुरु हुन्छ । नेपाली पात्रोमा यो संवत् लेखिएकोछ । पुराना कागजपत्र, शिलालेख, ताम्रपत्र, भोजपत्र आदिमा यो संवत् लेखिने गरेको छ । विक्रम संवत् ९३६ मा नेपाल संवत् शुरु भएको थियो ।

शङ्खधरलाई सन् २००३ मा राष्ट्रिय विभूति घोषणा गरिएको थियो । उनका नाममा हुलाक टिकट पनि जारी गरिएको छ ।



४

सिरीजङ्गा

सिरीजङ्गा विद्वान् थिए । अध्ययनशील थिए । शिक्षाप्रेमी थिए । त्यसर्थ सबैले पढ्नु तथा पढाउनुपर्छ भन्ने काममा लागिरहन्थे । लिपिविद् थिए । आफैँले लिम्बूवानको लिपि भनेर बनाएका थिए । भाषाविद् थिए । त्यही लिपिलाई प्रयोग गरी लिम्बूवानका सबैलाई शिक्षा दिनुपर्छ भन्ने कुराका अभियन्ता थिए । दार्शनिक थिए । तिब्बेतियन बौद्धधर्म तथा हिन्दू दर्शनको अध्ययन गरी एकअर्कासँग समभाव कायम गर्ने काममा सदैव क्रियाशील थिए । उनले बनाएको लिपि यस प्रकारको थियो ।

Limbu Script

Letters

Limbu:	ᤀ	ᤁ	ᤂ	ᤃ	ᤄ	ᤅ	ᤆ	ᤇ	ᤈ	ᤉ	ᤊ
Transcription:	vowel-carrier	ko	kho	go	gho	ngo	co	cho	jo	jho	nyo
IPA:		/kɔ/	/kʰɔ/	/gɔ/	/gʰɔ/	/ŋɔ/	/cɔ/	/cʰɔ/	/ɟɔ/	/ɟʰɔ/	/ɲɔ/
Limbu:		ᤋ	ᤌ	ᤍ	ᤎ	ᤏ	ᤐ	ᤑ	ᤒ	ᤓ	ᤔ
Transcription:		to	tho	do	dho	no	po	pho	bo	bho	mo
IPA:		/tɔ/	/tʰɔ/	/dɔ/	/dʰɔ/	/nɔ/	/pɔ/	/pʰɔ/	/bɔ/	/bʰɔ/	/mɔ/
Limbu:		ᤕ	ᤖ	ᤗ	ᤘ		ᤙ	ᤚ	ᤛ	ᤜ	ᤝ
Transcription:		yo	ro	lo	wo		sho	sso	so	ho	loo
IPA:		/yɔ/	/rɔ/	/lɔ/	/wɔ/		/ʃɔ/	/ʂɔ/	/sɔ/	/hɔ/	/lo/

Diacritics

Limbu:	ᤁ	ᤁᤡ	ᤁᤢ	ᤁᤣ	ᤁᤤ	ᤁᤥ	ᤁᤦ	ᤁᤧ	ᤁᤨ	ᤁᤩ	ᤁᤪ	ᤁᤫ
Transcription:	ka	ki	ku	kee	kai	koo	kau	ke	ko	kyo	kro	kwo
IPA:	/ka/	/ki/	/ku/	/ke/	/kai/	/ko/	/kau/	/kɛ/	/kɔ/	/kjɔ/	/krɔ/	/kwɔ/
Limbu:	ᤁᤰ	ᤁᤱ	ᤁᤲ	ᤁᤳ	ᤁᤴ	ᤁᤵ	ᤁᤶ	ᤁᤷ	ᤁᤸ	ᤁ᤹	ᤁ᤺	ᤁ᤻ᤷ
Transcription:	kok	kong	kõ	kot	kon	kop	kom	kor	kol	ko'	koo	koor
IPA:	/kɔk/	/kɔŋ/	/kɔ̃/	/kɔt/	/kɔn/	/kɔp/	/kɔm/	/kɔr/	/kɔl/	/kɔʔ/	/kɔː/	/kɔːr/

ताप्लेजुङ्गको तेल्लोकमा सन् १७०४ मा जन्मेका ते अङ्सी सिरीजङ्गा सिन थेवे (सिरीजङ्गा)ले आफ्ना विचारहरू तत्कालीन लिम्बूवानमा फैलाए । यस क्रममा उनी सिक्किम पुगे । त्यति बेलाका सिक्किमेलीहरूलाई उनको काम तथा कुरा मन परेन । परिणामतः उनलाई सुकेको रुखमा बाँधेर बाँण हानेर सन् १७४१ मा त्यहीँका जनताहरूले मारे । यसरी मारिएको ठाउँ पशिचम सिक्किमको मार्तम हि बेर्मिओक हो । हाल त्यो ठाउँमा उनको सम्झनास्थल बनाइएको छ ।

५

राजा जयपृथ्वी बहादुर सिंह

बझांङ्गी राजा जयपृथ्वीबहादुर सिंह मानव अधिकारवादी हुन्। समाज सुधारक हुन्। कानुनविद् हुन्। शान्तिका प्रचारक हुन्। शिक्षाका अभियन्ता हुन्। शिक्षामा शान्ति, मानवअधिकार, समाजसुधार, तथा कानूनी सुरक्षासहित मिलाएर लानुपर्छ भन्ने व्यक्ति हुन्। साहित्य, पत्रकारिता, स्वास्थ्य सबै क्षेत्रमा उनको ठूलो योगदान छ।

उनले बझाङ्गमा आयुर्वेदिक अस्पताल स्थापना गरे। जनतालाई मोहियानी हक दिलाए। सत्यवादी विद्यालय खोले। नेपाली व्याकरण लेखे। गोरखापत्र नामक सरकारी पत्रिकाको शुरुआत गरे। दास तथा सती प्रथा उन्मूलन गराउन उद्यत भए। सन् १९२८ मा देशको पहिलो मानव अधिकार क्लव खोले। मानवतावादका बारेमा अङ्ग्रेजीमा तीनवटा ठूलाठूला पुस्तकहरू लेखे। शान्तिको झण्डा नामक पत्रिका प्रकाशन गरे। उनी विज्ञान र सामाजिक शिक्षालाई उत्तिकै मान्यता दिन्थे। उनको सुधारात्मक काम देखेर राणा प्रधानमन्त्री चन्द्र शमशेरले उनलाई निर्वासित हुन बाध्य पारे।

त्यसैले उनी सन् १८९४ मा भारतको बङ्गलोरमा निर्वासित जीवन बिताउन बाध्य भए ।

बझाङ्गी राजा बिक्रम सिंह तथा रुद्रकुमारीका सन्तानका रूपमा जयपृथ्वीबहादुर सिंह सन् १८७७ मा जन्मिएका थिए । बझाङ्गमै रहँदा ५ वर्षको उमेरमा उनले पढाइ शुरु गरे । उनको क्षमता देखेर उनलाई काठमाडौँमा ल्याएर पढ्ने व्यवस्था मिलाइयो । उनले कलकत्तामा पढे । सन् १९४० मा भारतको बङ्गलोरमा उनको मृत्यु भयो । उनका किताबमा उल्लेखित मानवतावादबारे स्कूल कलेजमा चर्चा गरिएको छैन । आफ्नै भूमिमा यसो हुनु उनीमाथि अन्याय हो ।

६

भगत सर्वजीत विश्वकर्मा

वेद, उपनिषद्, र पुराणका ज्ञाता हुन् भगत सर्वजीत । उनले भारतको वाराणसीबाट संस्कृतमा आचार्य गरेका थिए । वैदिक ज्ञान सम्पन्न भगत सर्वजीतले विधिवत् जनै धारण गरे । तागाधारी भनिने बाहुन क्षेत्रीले मात्र जनै लगाउन पाउँछन् भन्ने मान्यतालाई उनले वैदिक मान्यताअनुसार नै चुनौती गरे । तत्कालीन समाजको लागि यो ठूलो चुनौती थियो । वैदिक मान्यताअनुसार चल्न चाहनेहरूलाई अत्यन्त राम्रो बाटो पनि थियो ।

जातगत कामसँग टाँसिएको छुवाछुत अन्त्य गर्न भगत सर्वजीतले आरनको तिम्डो भाँच्ने अभियान चलाए । शिक्षाको कारण पछि पर्नुपरेको कुरालाई अनुभूत गरी उनले शिक्षाको प्रचार प्रसार गरे । जनचेतना बढाउने काममा लागिरहे । समाज सुधारका निम्ति उनले गरेका कामहरूले तत्कालीन राणा सरकारलाई चुनौती भयो । आफ्नो राजगद्दी ताक्यो भन्ने दोष लगाएर राणा सरकारले उनलाई १७ महिना जेलमा राख्यो । जेलबाट छुटेपछि सरकारको विरोध गरेर स्वदेशमा

टिक्न मुस्किल पर्ने देखेर उनी भारतको वाराणसी पुगे । त्यहीँ २०१२ सालमा उनको जीवनलीला समाप्त भयो ।

बाग्लुङ्गको गैरी गाउँमा जन्मेका भगत सर्वजीत सामाजिक अभियन्ता हुन् । धार्मिक सुधारक हुन् । वैदिक आचरणका धनी हुन् । समानताका परिचायक हुन् । शिक्षा प्रचारक हुन् । सरकारले उनको नाममा टिकट जारी गरेको छ । त्यसैगरी राष्ट्रिय स्तरको पुरस्कार पनि स्थापना गरेको छ ।



७

भीमदत्त पन्त

किसानको हक अधिकारका लागि भीमदत्त लागि परे । त्यस क्रममा उनको नारा थियो -"कि जोत हलो, कि छोड थलो । हैन भने छैन अब भलो" । यसरी उनले जमीनपतिहरूलाई ललकारे । भूमिहीनहरूलाई जमीन खोज्न र खोस्न उक्साए । साहूहरूले गरीब जनता चुस्न बनाएका कागजातहरू च्याते । बालबालिकाको शिक्षाका लागि आधारभूत पाठशाला र आधुनिक स्कूल खोले । सामाजिक समावेशिताका लागि जात जातीय छुवाछुतको अन्त्य गर्ने अभियान चलाए । दमनकारी सत्ताको अन्त्य भयो भन्ने जानकारी दिन "नून छोड" आन्दोलन गरे । यी र यस्ता अनेकौं कार्य गरेका हुनाले उनलाई सुदूर पश्चिमको रवीन हुड भन्दछन् । रवीन हुड अङ्ग्रेजी साहित्यमा चर्चित नायक हुन् । उनी लडाका थिए । धनीसँग लुट्थे । लुटेर ल्याएको सम्पत्ति गरिबलाई बाँड्थे । भीमदत्तको अभियान पनि त्यस्तै थियो ।

भीमदत्तका बुबाको नाम तारानाथ हो । आमाको नाम सरस्वती हो । उनी डडेलधुराको अमरगढीमा सन् १९२६ मा जन्मिएका थिए । भीमदत्त अङ्ग्रेज विरुद्ध भारतमा चलेको "भारत छोडो" आन्दोलनबाट

प्रभावित थिए । शुरुमा उनी नेपाली काङ्ग्रेसमा लागेका थिए । २००९ सालमा नेपाली काङ्ग्रेस छाडेर नेपाल कम्युनिष्ट पार्टीमा लागे । उनको समाज सुधार अभियान मन नपराउने स्थानीय बासिन्दाहरूले उनलाई डडेलधुराकै जोगबुढामा सन १९५३ मा मारे ।

भीमदत्तका बारेमा अनेकन प्रकाशनहरू छन् । फिल्म बनेका छन् । नगरपालिका तथा सडकका नाम राखिएका छन् ।



८

बलदेव राम

बलदेवराम चमार आन्दोलनका नेता हुन् । उनले आफनो जीवन दलित सचेतीकरणमा बिताए । जमीनहीनलाई जमीन दिलाउन क्रियाशील रहे । जन, हरुवा, चरुवा तथा भूमिहीनको पक्षमा सधैं लागिरहे । उनी २०२० सालदेखि नै सुधारवादी आन्दोलनमा लागिरहे । मधुपट्टी सिरहाका बलदेवराम चमारले सिनो खाने तथा फाल्नुपर्ने परम्परागत मान्यतालाई चुनौती दिए । जातीय आधारमा यो काम नगर्ने गरी चमार समूहलाई तयार पारे । बलदेवले जात जातीय छुवाछूतविरोधी आन्दोलन चलाए । समावेशी नीति कार्यान्वयन गर्न सदैव क्रियाशील बने । उनले चमार, मुसहर र डोमलाई गोलबद्ध गरे । उनी सन् २०७४ सालमा यो संसारबाट सदाका लागि बिदा भए ।

खण्ड २

भाषा, कला, तथा साहित्यका ज्ञानहरू



१

पाणिनी

पाणिनी संस्कृत भाषाका व्याकरणकार हुन् । उनीभन्दा अघि १० जना व्याकरणकारहरू भएको देखिन्छ । तिनीहरू हुन- अपिसाली, कश्यप, गार्ग्य, गालभ, चक्रवर्मा, भरद्वाज, सकतयन, सकल्या, सनका, र स्फोटन । तर तिनीहरूभन्दा पाणिनी विशेष थिए । किनकि यिनले वैदिक संस्कृतलाई सहजै बुझिनेगरी लौकिक संस्कृत बन्ने बनाउने व्यवस्था गरे । यिनका अष्टाध्यायी सूत्र र पतञ्जली महाभाष्य प्रशिद्ध छन् । ती महाभाष्यहरूको अनुशीलनले भन्छ- संस्कृत व्याकरण र नेपाली, मैथिली, भोजपुरी, तथा अवधि व्याकरणमा नजिकको सम्बन्ध छ । यी भाषाहरूमा संस्कृतका धेरै शब्दहरू प्रयोग हुने हुनाले त्यसो भएको हो ।

पाणिनी पणिना र दक्षीका सन्तान हुन् । बाबुको नामबाट उनको नाम पाणिनी राखिएको हो । उनी इपू पाँचौं वा छैठौं शताब्दीका मानिस हुन् । कसैले उनलाई भारतको उत्तराखण्डमा जन्मिएका मानेका छन् । नेपालको अर्घाखाँची जिल्लाको पणेना भन्ने ठाउँसँग पाणिनीको सम्बन्ध छ कि भनी केही नेपाली विज्ञहरूले अनुमान पनि गरेका छन् । उनले एउटा "वाक्य जलम् भक्ष्य" लेखेबाट उनी नेपालकै हुन् भन्ने अनुमान गर्नेहरु पनि छन् । पानी खाने भन्ने चलन नेपाली भाषाकै भएकोले त्यसो भनिएको हो ।

२

गोनू झा

गोनू झा तराई मधेसका घरघरले चिनेका व्यक्ति हुन् । उनी दादा दादी तथा नाना नानीका आराध्य उदाहरण हुन् । युवाहरूले घूर ताप्दा (धुस्कुन बालेर आँगन वा चोकमा आगो ताप्ने चलन) सुने सुनाइएका व्यक्ति हुन् । केटाकेटीले यदाकदा कार्टुन तथा युट्युबमा देखेका व्यक्ति हुन् । कति युवाले उनका मजेदार कहानी पढे होलान् । पढाए होलान् । सुने होलान् । सुनाए होलान् । यसरी गोनू झाबाट मधेसीहरूले नैतिक शिक्षा पाएका थिए । अझै पाउँदै छन् । उनले बनाएका जनावरको कथा सुनेर । बाल कथा सुनेर । परीका कथा सुनेर । पञ्चतन्त्रका कथा सुनेर । अकवर तथा बीरवलका कथा सुनेर ।

गोनू झाका थुप्रै कथाहरू छन् । तिनमा केही प्रमुख कथाहरू हुन् –

- गोनू झाको चतुऱ्याइँ
- चार साथीको कथा
- कछुवा र हाँस
- नीलो स्याल
- बुद्धिमान खरायो
- बाँदर र कछुवाको कथा
- बुद्धिमान बुढो चरा
- तीनवटा माछा
- डुँगा
- काग र सर्प

- कमिला र ढुकुर
- सारस र गँगटो
- राजा, हरिण, सिंह र खरायो
- जादूको लट्ठी
- चलाख साँढे
- घोडा र गदाहा
- बोल्ने गुफा

गोनू झा की चतुराई

मिथिला नरेश की सभा में उनके बचपन का मित्र परदेश आया था ।

नरेश उन्हें अपने अतिथि कक्ष में ले गए ।

उन्होंने अपने मित्र की खूब आवभगत की । अचानक मित्र की नजर दीवार पर लगे एक चित्र पर गई, चित्र खरबूजे का था ।

मित्र बोला - कितने सुंदर खरबूजे हैं ।

वर्षों से खरबूजे खाने को क्या, देखने को भी नहीं मिले। अगले दिन मित्र ने यही बात दरबार में दोहरा दी ।

मिथिला नरेश ने दरबारियों की तरफ देखकर कहा- क्या अतिथि की यह मामूली-सी इच्छा भी पूरी नहीं की जा सकती ?

सारे दरबारी, मंत्री, पुरोहित खरबूजे की खोज में लग गए । बाजार का कोना-कोना छान मारा । गांवों में भी जा पहुंचे । गांव वाले उनकी बात सुनकर हंसते कि इस सर्दी के मौसम में खरबूजे कहां ।

जब सब थक गए तो एक दरबारी ने व्यंग्य से कहा- महाराज, अतिथि की इच्छा गोनू झा ही पूरी कर सकते हैं ।

सच है इनके खेतों में इन दिनों भी बहुत सारे रसीले खरबूजे लगे हैं ।

मिथिला नरेश ने गोनू झा की तरफ देखा । नरेश की आज्ञा मानते हुए गोनू झा ने कुछ दिन का समय मांगा फिर कुछ उपाय सोचते हुए दरबार से चले गए ।

कई दिन बीतने पर भी गोनू झा दरबार में नहीं आए ।

पुरोहित ने कहा- कहीं डरकर गोनू झा राज्य छोड़कर तो नहीं चले गए।

एक सुबह जब मिथिला नरेश अपने मित्र के साथ बाग में टहल रहे थे तो गोनू झा कई सेवकों के साथ आए। सबने मिथिला नरेश को प्रणाम किया।

सेवकों के साथ लाए टोकने जमीन पर रख दिए। उसमें खरबूजे थे।

यह देख नरेश खुश हो उठे। उनके मित्र ने कहा कि आज वर्षों बाद इतने अच्छे खरबूजे देख रहा हूं।

मिथिला नरेश ने सेवकों से छुरी और थाली लाने को कहा तो गोनू झा बोले- क्षमा करें महाराज, हमारे अतिथि ने कहा था कि वर्षों से खरबूजे नहीं देखे इसलिए ये खरबूजे खाने के लिए नहीं, देखने के लिए हैं।

ये मिट्टी के बने हैं। नरेश सहित सभी दरबारी गोनू झा की चतुराई पर दंग रह गए।

गोनू झा की चतुराई पर मित्र भी जोर से हंसा- वाह गोनू झा, समझो हमने खरबूजे देखे ही नहीं, खा भी लिए।

मिथिला नरेश ने गोनू झा को उसकी चतुराई के लिए ढेर सारा इनाम देते हुए उसको शाबाशी दी कि तुम सचमुच इस दरवार के अनमोल रत्न हो, तुम्हारी सूझबूझ से आज मेरे मित्र की इच्छा पूरी हो सकी।

गोनू झा तेह्रौ शताब्दीका मान्छे हुन्। उनको जन्म तिनताकाको मिथिला राज्यमा भएको थियो। त्यो बेला त्यहाँ हरि सिंह भन्ने राजाले राज्य गर्थे। गोनु झा जन्मेको ठाउँ हाल भारतको दरभङ्गा जिल्लाको भर्वरा गाउँ हो। उनी प्रत्युत्पन्न मतिका थिए। अर्को शब्दमा भन्दा तत्काले जवाफ दिन सक्ने व्यक्ति थिए। विद्वान् पनि थिए। मैथिली तथा हिन्दीमा गोनू झाका बारेमा अनेकन जानकारीहरू पाइन्छन्। गोनू झाका कहानीहरूको सँगालो बजारमा पाइन्छ।

३

महाकवि विद्यापति

मैथिली र प्राकृत भाषाका कवि र संस्कृतका लेखक हुन् विद्यापति । यिनलाई मैथिली कवि कोकिल पनि भनिन्छ । उनलाई इटालीका दाँते र वेलायतका चौसरसँग तुलना गरिन्छ। उनी सन् १३५२ मा जन्मिए । १४४८ मा जनकपुरमा मरे । उनी तात्कालीन मिथिलाको मधुवनी क्षेत्रको विस्की गाउँमा जन्मेका हुन् । उनका पिताजीको नाम गणपति ठाकुर थियो । हाल त्यो ठाउँ भारतमा पर्छ । उनी शिवभक्त थिए । उनले शिव पार्वतीका बारेमा अनेकन भजन लेखे । नोबेल पुरस्कार विजेता रविन्द्रनाथ ठाकुर /टैगोर पनि विद्यापतिको कविताबाट प्रभावित भएका थिए । विद्यापतिका बारेमा सिनेमा बनेका छन् । उनका बारेमा विश्वविद्यालयमा पढाइ हुन्छ । उनले ८०० वटा वैष्णव र शैव भजनहरू लेखेका छन् । उनका लेखका आधारमा विद्यापति दर्शन पनि बनेको छ । उनको यही तागत बुझेर मिथिलाका तत्कालीन राजाले उनलाई विद्यापति भन्ने सम्मान दिएका थिए ।

विद्यापतिका १६ वटा उपाधि छन् । तीमध्ये केही हुन् :

लवकवि, खेलान, कण्ठहार, कवि राजन, अभिनव जयदेव, कवि शेख।
विद्यापतिका प्रकाशित कितावाकारका कृतिहरू हुन् :

- पुरुषपरीक्षा (नैतिक शिक्षा)
- लिखनावाली (लेख सँगालो)
- कीर्तिलता (इतिहाँस)
- भूपरिक्रमा (भूगोल)
- दानवाक्यावली
- गाब्गवाक्यावली (पवित्रस्थल)
- दुर्गाभक्तितरङ्गिनी
- वंशीधर

विद्यापतिको भक्तिगीतको नमूना

जयजय भैरवि असुर भयाउनि
पशुपति भामिनि माया
सहज सुमति वर दिअओ गोसाञुनि
अनुगत गति तुअ पाया
वासर रैनि शवाशन शोभित
चरण चन्द्रमणि चूडा
कतओक दैत्य मारि मुख मेंलल
कतओ उगिलि कैल कुडा
सामर वरन नयन अनुरञ्जित
जलद जल फुल कोका
कट कट विकट ओठ फुट पाँडरि
लिधुर फेन उठ फोका
घनघन घनन नूपर कत बाजय
हन हन कर तुअ काता
विद्यापति कवि तुअ पद सेवक
पुत्र बिसरि जनु माता



४

अरनिको

अरनिको कलाकार हुन् । मूर्तिकार हुन् । चित्रकार हुन् । तीन वर्षको उमेरमा नै उनले बौद्ध गुम्बा देखेर स्तम्भ, भूमि, र आडको नमूना बनाएका थिए । १२४५ मा काठमाडौँमा जन्मेका उनी तत्कालीन काठमाडौंका राजा अभय मल्लका पालामा चीन गएका थिए । चीन जानुको कारण थियो- स्तूपा बनाउने परियोजना । राजा जय भीमदेव मल्लको पालामा त्यो स्तूपा बनाउनका लागि चीन सरकारले नेपाली कलाकार माग गरेको थियो ।

युवा अरनिकोको क्षमता देखेर तत्कालीन मल्ल सरकारले उनलाई चीन पठायो । चीनमा उनी कुब्लाई खाँको दरवारमा पुगे । उनलाई देखेर कुबलइ खांले प्रश्न गरे- कलिला छौ । सक्छौ र ? । राजाको प्रश्न सुनेर अरनिकोले भने- “शरीरमा युवा छु । दिमागमा पाको छु ।” उनको जवाफ सुनेर कुब्लाई खाँ प्रभावित भए । उनलाई फागपाले बनाएको परियोजनामा काम गर्न लगाइयो । अरनिकोले २ वर्षसम्म फाग्पाको परियोजनामा काम गरे । काम सकेर अरनिकोले

नेपाल फर्किन चाहे। तर फाग्पाले उनलाई शाक्य गुम्बाको परियोजनामा काम गर्न लगाए र आफ्नो शिष्य पनि बनाए। अनि उनलाई बेइजिङको स्तूपा निर्माण गर्न लगाए।

अरनिकोले चीनमा रहँदा तीनवटा स्तूपा बनाए। नौवटा बुद्ध मन्दिर बनाए। दुईवटा कन्फ्यूसियसको आश्रम बनाए। ताओको मन्दिर बनाए। दरबारका असङ्ख्य कामहरू गरे। यस क्रममा अरनिकोले चित्रकार, मूर्तिकार, र शिल्पकारको राम्रो छवि बनाए। उनले बनाएको कुवलई खाँ र रानी छवीको तस्वीर ताइपेइमा उपलब्ध छ।

बुबा मित्र तथा आमा कुन्दलक्ष्मीका छोरा अनिको, अनिगे, तथा अरनिकोको नामले चिचिन्छन्। फाग्पाले नेपाल आउन नदिएपछि अरनिकोले चीनमा नै विहे गरे। त्यहाँको तत्कालीन चलन अनुसार उनले दुइवटी मङ्गोलियन, ७ वटी हान बिहा गरे। नेपालमा रहँदा नै उनले बिहा गरेका थिए। सबै श्रीमतीहरूको तर्फबाट उनका ६ वटा छोरा र ८ वटी छोरीहरू थिए। उनीहरूकाबारेमा न चीनमा न त नेपालमा नै जानकारी छ। न त नेपालमा भएकी श्रीमतीका तर्फबाट भएका सन्तानको इतिहास थाहा छ। यसरी एक कलाकारको इतिहास नै अलिखित बनेको छ।

खण्ड ३

धर्म दर्शनका ज्ञानहरू

१

धर्म र दर्शन

धर्म के हो ?

ऋग्वेदमा ६३ ठाउँमा धर्म शब्द आउँछ । ती शब्दहरूले ब्रह्माण्डीय नियमितता जनाउँछन् । ऋत जनाउँछन् । ऋतको अर्थ सत्य हो । यसरी हेर्दा धर्मको अर्थ हो- स्वाभाविक नियमवद्धता । अर्को शब्दमा भन्दा वस्तुको स्वाभाविक गुण धर्म हो । पानीको धर्म चिसो हनु हो । सूर्यको धर्म तातो हुनु हो । उपनिषद्ले मेलमिलाप र सत्यलाई धर्म मानेको छ । वृहदारण्यकोपनिषद् (१.४.१४) को शब्दमा धर्मको परिभाषा यस प्रकार छ :

धर्मः तस्माद्धर्मात् परं नास्त्य् अथो अबलीयान् बलीयाँसमाशँसते धर्मेण यथा राज्ञैवम् ।

यो वै स धर्मः सत्यं वै तत् तस्मात्सत्यं वदन्तमाहुर् धर्मं वदतीति धर्मं वा वदन्तँ सत्यं वदतीत्य एतद्ध्येवैतदुभयं भवति ॥

धर्म भनेको सत्य हो । सत्य भनेको धर्म हो । सत्यले नै शासन गर्छ । गर्नु पनि पर्छ । वात्स्यायनले यसलाई शरीरको धर्म र मनको धर्म भनी छुट्ट्याएका छन् । उनले भने अनुसार शरीरको धर्म भनेको दान हो । दुखीको उपकार हो । अरूको सेवा हो । मनको धर्म भनेको दया

हो । स्वाध्याय हो । श्रद्धा हो । मरिहत्ते नगर्नु वा लिप्सारहित बन्नु हो ।

वेद तथा उपनिषद्का आधारमा पतञ्जलीले धर्मका १० गुण हुन्छन भनेका छन् । ती यस प्रकार छन् :

- धृति अर्थात धैर्य
- क्षमा
- दम अर्थात् आत्म नियन्त्रण
- अस्तेय अर्थात् कसैको पनि केही चीज पनि नचोर्ने
- शौच अर्थात् सरसफाइ
- इन्द्रिय निग्रह अर्थात् इन्द्रियको नियन्त्रण
- धी अर्थात् परोपकारी बुद्धि
- विद्या अर्थात् आध्यात्मिक ज्ञान
- सत्यम अर्थात् कल्याणकारी सत्यबोली
- अक्रोध अर्थात् रिसराग विहीनता

रिलिजनको कोही न कोही संस्थापक हुन्छ । पैगम्बर हुन्छ । सम्प्रदाय भनेको त्यही रिलिजियनको विश्वास वा व्यवहारमा फरक पार्दै जाने वा लाने समूह हो । यसरी हेर्दा धर्म सापेक्ष तथा धर्म निरपेक्ष देश भनेर विवाद गर्ने तथा निर्णय गर्नेहरूलाई हामीले कसरी बुझ्यौं ? कसरी बुझ्नुपर्ला ? धर्म, रिलिजन तथा सम्प्रदायमा फरक के हो ? त्यसपछि मात्रै धर्मसापेक्ष तथा निरपेक्षको कुरा पो गर्ने कि ? ऋग्वेद, वृहदारण्यकोपनिषद्, पतञ्जलीको चिन्तनमा घोरिने कि ? रिलिजन र धर्म नछुट्टिएको पश्चिमा शब्दकै पछि लागेर धर्म सापेक्ष र धर्म निरपेक्ष नेपाल भनी अनावश्यक विवाद गरिरहने कि ? पुर्खाको बुद्धिमा टेकेर दीर्घकालीन समाधान खोज्ने कि ?

दर्शन के हो ?

दर्शन भनेको देख्नु हो । दर्शन गर्ने विविध प्रकृया छन् । ध्यानस्थ भएर । भोगेर । प्रत्याभूति गरेर । अनुसन्धान गरेर । अध्ययन गरेर । पूर्वीय चिन्तनमा दर्शन गरिने भनेको (क) ब्रह्म अर्थात् अविनाशी ऊर्जा हो । चेतन पुञ्ज हो । परमात्मा हो । परब्रह्म हो । ब्रह्म ऊर्जा हो । चैतन्य ब्रह्म हो । (ख) प्रकृति हो । माया हो । पदार्थ हो । (ग) ऊर्जा

र प्रकृतिको सहसम्बन्ध हो । (घ) सहसम्बन्धले बनाउने सृष्टि हो । ब्रह्माण्डको सृष्टि । स्वेदजको । अण्डजको । उद्भिजको । जरायुजको । ती सबैको विनाश पनि हो । यसको अर्थ हो- पूर्वीय चिन्तनमा दर्शन बनाइँदैन । देखिन्छ । त्यसरी देखेको कुरा जस्ताको त्यस्तै भनिन्छ । भन्दा, बुझ्दा तथा व्याख्या गर्दा फरकपना भने देखिन सक्छ । महसुस हुन सक्छ । यसो हुँदा दर्शन गर्ने व्यक्ति गौण हुन्छ । परिणामतः दर्शन अपौरुषेय मानिन्छ । अर्थात् देख्नेले प्रतिलिपि अधिकार खोज्दैन । त्यसैले वेदलाई अपौरुषेय भनेको हो ।

सामाजिक दर्शनचाहिँ व्यक्तिले बनाउँछ । त्यसैले उसले दावी गर्छ । फलानोको दर्शन । तिलानोको दर्शन । यस्तो दर्शन बनाइएको हो । जैन धर्मावलम्वीको शब्दमा अनेकान्तवादमार्फत् सत्य सावित गरे गराइएको हो । अनेकान्तवाद भनेको बहुकोणबाट हेरेर सत्य बनाउने हो । दावी गर्ने हो । यसैले सामाजिक दर्शनवालाहरू त्यसमा प्रतिलिपि अधिकार खोज्छन् ।

दुवै तरीकाबाट प्राप्त दर्शनहरू जीवन बदल्ने कुरा सिकाउँछन् । जगत् बुझ्ने कुरा सिकाउँछन् । आफू बदलिने कुरा सिकाउँछन् । कुन दर्शनलाई पत्याउने भन्ने कुरा व्यक्तिको रुची हो । रहर हो । आवश्यकता हो । परिवेश हो । दृष्टिकोण हो ।

२

शैव दर्शन

नेपालमा तीनवटा ठूला तर रैथाने दर्शन छन् । शैव दर्शन । साङ्ख्य दर्शन । बौद्ध दर्शन । शैव दर्शनले द्वैत, अद्वैत तथा एकमा अनेक तथा अनेकमा एकको चिन्तन दिन्छ । साङ्ख्य दर्शनले द्वैतको चिन्तन दिन्छ । बुद्ध दर्शनले शून्यको चिन्तन दिन्छ । यी तीनवटै दर्शनमा भौतिकवादी चिन्तन छन् । अध्यात्मवादी चिन्तन छन् । भौतिक तथा अध्यात्मको सहअस्तित्व छ र हुन्छ भन्ने चिन्तनहरू छन् । तर ती चिन्तनहरूको बारेमा हाम्रा स्कूल, कलेज तथा विश्वविद्यालयहरूमा पढ्ने, पढाउने चलन छैन भने पनि हुन्छ । सबै नेपालीले जान्नुपर्ने तथा विश्वलाई सिकाउनु पर्ने रैथाने दर्शनहरू आफ्नै भूमिमा उपेक्षित हुनु पीडाबोध हो । विदेशी दर्शन घोक्ने र नेपाली रैथाने दर्शन छोड्ने भनेको अपराध हो । पुर्खामाथिको अपराध । ज्ञानमाथिको अपराध ।

वेद चारवटा छन् । ती हुन् :- ॠग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद । तिलकप्रसाद लुइटेलले चारवटै वेदको नेपालीमा भावानुवाद गरेका छन् । डा. प्रसन्नचन्द्र गौतमले ॠग्वेदको आधिकारिक अनुवाद गरेका छन् । मोदशास्त्रीले छन्दमा ॠग्वेदको अनुवाद गरेका छन् । म आफैंले पनि ॠग्वेदलाई अनुष्टुप छन्दमा लेखेको छु । सो किताब प्रकाशोन्मुख छ । सन् १९९६ मा लेख्न शुरू गरेर पनि अझै छाप्न नसक्नुमा मेरै कमजोरी भएको कुरा स्वीकार गर्छु ।

चार वेद निगम हुन् । ती निगमहरू नै आगमका स्रोत हुन् । शैव दर्शनका तीनवटा आगमहरू छन् । ती हुन - शिवागम । रुद्रागम । भैरवागम । ती प्रत्येकका आगमहरू यस प्रकारका छन् ।

शिवागम	रूद्रागम	भैरवागम (अद्वैत प्रधान)
• कामिक	• विजय	(१) भैरवाष्टक
• योगज	• नि:श्वास	(२) यामलाष्टक
• चिन्त्य	• मद्गीत	(३) मताष्टक
• कारण	• पारमेश्वर	(४) मङ्गलाष्टक
• अजित	• मुखबिम्ब	(५) चक्राष्टक
• सुदीप्त	• सिद्ध	(६) शिखाष्टक
• सूक्ष्म	• सन्तान	(७) बहुरूपाष्टक
• सहस्र	• नारसिंह	(८) वागीशाष्टक
• सुप्रभेद	• चन्द्रांशु	
• अंशुमान्	• वीरभद्र	**द्रष्टव्यः** प्रत्येक अष्टकका ८-८ वटा आगम छन् । यसरी हेर्दा भैरवाष्टककै ६४ वटा आगमहरू छन् । यसबारेमा थप जानकारीका लागि नेपाल प्रज्ञा प्रतिष्ठानले २०७३ मा पकाशित गरेको माधवप्रसाद लामिछानेको नेपाली समाजमा तन्त्र परम्परा भन्ने किताबमा थप अध्ययन गर्न सकिन्छ ।
	• आग्नेय	
	• स्वायम्भुव	
	• विसर	
	• रौरव	
	• विमल	
	• किरण	
	• ललित	
	• सौरभेयदश शिवागम	

वैष्णव दर्शनका १०८ आगम छन् । तिनलाई पञ्चरत्न संहिता भनिन्छ । शाक्त दर्शनका ७७ वटा आगम छन् । तिनलाई तन्त्र भनिन्छ । प्रत्येक आगमहरूको उपआगम पनि छन् । यसरी हेर्दा असङ्ख्य आगमहरू भेटिन्छन् ।

ऋग्वेदको १.४३; १.११४;२.३३ मा रुद्रको चिन्तन छ । सातौँ मण्डलको ४६ मा राजाको रूपमा रुद्रको नाम उल्लेख छ । यजुर्वेदको ४६ औँ सूक्तमा रुद्र राजाको रूपमा चित्रित छन् । २४, २५, ३९ औँ अध्यायमा रुद्र नै पशुपति मानिएका छन् । ३९ औँ अध्यायमा "महादेवमन्त" भन्ने शब्द आएको छ । अथर्ववेदको पहिलो काण्डको परमधाम सूक्तको ३५ औँ सूक्तमा रुद्र नै ब्रह्म मानिएका छन् । सोही वेदको दोश्रो काण्डको दीर्घायु प्राप्तिसूक्तमा रुद्रलाई परब्रह्मको रूपमा प्रस्तुत गरिएको छ ।

शिव र शक्ति मिलेर अर्धनारीश्वरको रूप बनेको छ । त्यो भनेको आधा नारी हो । आधा पुरुष हो । नारीले प्रकृति वा भौतिकवादको प्रतिनिधित्व गर्छ । पुरुषले ऊर्जा वा अध्यात्मवादको प्रतिनिधित्व गर्छ । अर्को शब्दमा भन्दा पुरुष ब्रह्म हो । ऊर्जा हो । प्रकृति शक्ति हो । प्रकृतिको शक्ति बिना शिव वा पुरुष, वा ब्रह्मको अस्तित्व हुँदैन । शिव वा पुरुष, वा ब्रह्मको ऊर्जा बिना सृष्टि सम्भव छैन । यी कुराहरू चारवटै वेदमा समेटिएका छन् । त्यहाँ कल्याणको रूपमा शिवको चिन्तन छ । "शिवसङ्कल्पमस्तु" त्यही कुराको सङ्केत हो ।

शिव अक्षरको उत्पत्ति हो । अक्षर भनेको अविनाशी हो । ननाशिने ऊर्जा हो । क्षर भनेको नाशिने प्रकृति हो । त्यसैले शिवलाई नै नृत्य तथा गीतको पनि उत्पत्ति मानिन्छ । नटराज शिवको नाचलाई फ्रिट्जोल काप्राले आफ्नो पुस्तक ताओ अफ फिजिक्समा ब्रह्माण्डीय ऊर्जाको नाच भनेका छन् । श्रृष्टि हुने ऊर्जाको रूपमा । संहार वा नाश हुने ऊर्जाको रूपमा ।

ॐ शब्दलाई नै पहिलो अक्षर मानिन्छ । ऋग्वेदको १.२२.८ मा ॐ शब्द भेटिन्छ । अरू वेदमा पनि यसको चर्चा छ । अथर्व वेदले यसलाई व्यापक मानेको छ । उपनिषद्हरूले ॐ शब्दको अनेकन व्याख्या गरेका छन् (जरोकिलो प्रतिष्ठानले २०७७ मा प्रकाशित गरेको प्रा. डा. विद्यानाथ कोइरालाको उपनिषद्मा विज्ञान नामक पुस्तकमा यो कुरा उल्लेख छ) । ॐ शब्दको उच्चारणले स्वास प्रश्वास नियमित गराउँछ । शरीरको थकान हटाउँछ । शरीरमा पुनः ऊर्जा दिन्छ भन्ने

कुरा प्रमाणित भइसकेको छ । कतिपयले ॐ को सट्टा ॐनमः शिवायः (पञ्चाक्षरीमन्त्र) मन्त्र पनि जप्ने गर्दछन् ।

करा‌एर ॐ शब्द जप्नु भनेको पुलिङ्गी जप हो । गुनगुनाएर जप्नु स्त्रीलिङ्गी जप हो । मनमनै जप्नु नपुंसकलिङ्गी जप हो । ॐ जसरी जपे पनि हुन्छ । जसले जपे पनि हुन्छ । महर्षि महेश विश्वविद्यालयको दस्तावेज अनुसार बुद्धमार्गीले ॐ जपे बुद्धले भनेको शून्यताको बोध हुन्छ । इस्लामले ॐ जपे अल्लाह वा नूरको बोध हुन्छ । इसाईले ॐ जपे किंङ्गडम अफ हेभेनको बोध हुन्छ । हिन्दू वा वैदिक सनातनीले ॐ जपे ब्रह्मको अनुभूति हुन्छ ।

३

शाक्त दर्शन

शक्तिको दर्शन हो शाक्त दर्शन । शक्ति भनेको देवीहरूसँग सम्वन्धित छ । ऋग्वेदमा इला, भारती, वाक्, सरस्वती, उषा, पृथिवी, निऋति, श्रद्धा, यमी आदि देवीको चर्चा छ । ऋग्वेदको १०.१५०.३ र १०.१२५.८ मा त देवी सूक्त नै छ । केनोपनिषद्ले त्यसमा थप कुरा जोडेको छ । देवी माहात्म्य, देवी भागवत महापुराण, कालिका पुराण, शाक्त उपनिषद्, देवी उपनिषद्हरू पनि उपलब्ध छन् ।

शाक्त दर्शन भनेको तन्त्र दर्शन हो । तन्त्र दर्शनमा मन्त्र, यन्त्र, न्यास, मुद्रा, कुण्डलिनी आदि पर्दछन् । शैव, बैशणव, बौद्ध, जैन सबैमा शाक्त चिन्तन छ । सप्त मातृका, नवदुर्गा आदि सबै शाक्त सम्प्रदायका प्रतीक हुन् ।

शाक्त सम्प्रदायमा ७७ आगम छन् । प्रत्येक आगममा ४ पद हुन्छन् ।

- पहिलो ज्ञान वा विद्यापद हो ।
- दोश्रो योगपद हो ।
- तेस्रो क्रियापद हो ।
- चौथो चर्यपद हो ।

विद्यापदले मोक्षको चिन्तन दिन्छ । योगपदले शारीरिक तथा मानसिक अनुशासनको ज्ञान दिन्छ । क्रियापदले नीति, नियम तथा मूर्ति आदिको ज्ञान दिन्छ । चर्यपदले पूजाविधिको ज्ञान दिन्छ ।

शाक्त तन्त्रका ५ वटा स्कूल छन् । स्कूल भनेको चिन्तन हो । दर्शन हो । ती यस प्रकारका छन् :

- शक्ति पीठ स्कूल
- दशमहादेवी स्कूल
- श्रीविद्या स्कूल
- श्रीचक्र स्कूल
- योगिनी स्कूल

शाक्त सम्प्रदायका महादेवीका नामहरू यस प्रकारका छन् :

- पार्वती
- काली (भद्रकाली, भैरवी, चामुण्डेश्वरी, चण्डी, पार्वती)
- भूमि (पृथ्वी)
- लक्ष्मी (अष्टलक्ष्मी)
- सरस्वती
- गायत्री
- गङ्गा
- अन्नपूर्णा
- नर्मदा
- यमी
- सन्तोषीमाता
- सती
- षष्ठी
- सावित्री
- मनषा
- स्वहा
- दक्षिणा (राधा, लक्ष्मी, यज्ञ)
- तुलसी
- सीता
- लक्ष्मी
- राधा

स्थानअनुसार त्यही वा भिन्न नाममा अरू देवीहरूको पनि पूजा तथा प्रार्थना गर्ने गरिन्छ । केही नमूनात्मक मन्त्रहरू यस प्रकारका छन् ।

जटा जूट समायुक्तमर्धेन्दु कृत लक्षणाम्
लोचनत्रय संयुक्तां पद्मेन्दुसद्यशाननाम्

ॐ जयन्ती मंगला काली भद्रकाली कपालिनी ।
दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तुते ॥

या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता,
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥

या देवी सर्वभूतेषु लक्ष्मीरूपेण संस्थिता,
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥

या देवी सर्वभूतेषु तुष्टिरूपेण संस्थिता,
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥

या देवी सर्वभूतेषु मातृरूपेण संस्थिता,
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥

या देवी सर्वभूतेषु दयारूपेण संस्थिता,
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥

या देवी सर्वभूतेषु बुद्धिरूपेण संस्थिता,
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥

या देवी सर्वभूतेषु शान्तिरूपेण संस्थिता,
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥

नवार्ण मंत्र

ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चै'

४

वैष्णव दर्शन

ऋग्वेदमा द्युलोकका देवताको रूपमा विष्णु शब्द आउँछ । वैशणव तिनै विष्णुबाट भएको हो । ऋग्वेदकै भग देवताबाट भागवत भएको मानिन्छ। नरबाट नारायण भएको मानिन्छ। अथर्ववेदमा कृष्णलाई देवता मानिएको छ । गीतामा तिनै कृष्ण वासुदेवको रूपमा पनि चित्रित छन् । रामायणमा तिनै कृष्ण राम भएका छन् । यसरी हेर्दा वैष्णव दर्शन अवतारवादमा आधारित देखिन्छ । भक्तिमा आधारित देखिन्छ । यही क्रममा हरि, केशव, माधव, गोविन्द, कल्की आदि नाम आएको देखिन्छ । यो दर्शनले "ॐनमोभगवते वासुदेवाय" (द्वादशाक्षरीमन्त्र वा वाह्र अक्षरको मन्त्र) र हरेराम हरेकृष्णलाई मन्त्रको रूपमा जप्तछ ।

गौडीय वैष्णवअनुसार तीनवटा विष्णु हुन्छन् । पहिलो, महाविष्णु । तिनलाई श्रष्टा मानिन्छ । दोश्रो, गर्भोदक विष्णु । तिनलाई विविधताका देवता मानिन्छ। तेश्रो, क्षीरोदक विष्णु । तिनलाई सर्वव्यापक मानिन्छ ।

वैष्णव सम्प्रदायका १० वटा स्कूल छन् । प्रत्येक स्कूलका आ-आफ्ना विशेषताहरू छन् । यस सम्प्रदायका मुख्य स्कूल, तिनका संस्थापक, तिनका मान्यताहरू यस प्रकारका छन् ।

संस्थापक	दर्शन	अर्थ	समय
रामानुजाचार्य	विशिष्टाद्वैत	ब्रह्म नै विष्णु हुन् । यिनीहरू नै सम्पूर्ण प्राणीका आत्मा हुन् । सत र असतवाट विष्णुको शरीर वन्दछ । सत मात्र हुँदा ब्रह्म वा विष्णुलाई निर्गुण भनिएको हो । असत पनि सगै हुदा तिनैलाई सगुण ब्रह्म वा सगुण विष्णु भनिन्छ । यसैले जीव (व्यक्तिगत आत्मा) र ब्रह्मको सम्वन्ध पूर्ण र अपूर्णको हुन्छ । जीव अपूर्ण हो । ब्रह्म पूर्ण हो ।	एघारौं शताब्दी
मधवाचार्य	द्वैत	श्रीभाष्य र गीताभाष्यमा आत्मा र विष्णु अलग हुन भनिएको छ । यसैलाई द्वैतको सिद्धान्त भनिएको हो । यो मतमा आत्मालाई ईश्वर मानिँदैन । वरु ब्रह्म व्यक्तिगत हुन्छ भनिन्छ । त्यसको गुण र आकार हुन्छ भन्ने विश्वास गरिन्छ । त्यही गुण र आकार भएको स्वरूप नै विष्णु हो ।	तेह्रौ चौधौं शताब्दी
निम्वार्काचार्य	द्वैताद्वैत	ब्रह्म र जीवात्मा अलग अलग हुन् । तिनमा समानता पनि छ । असमानता पनि छ । त्यसैले ब्रह्म र जीवसँग भएको आत्मा वा जीवात्मा उही होइनन । श्रीकृष्ण चाहिँ ब्रह्म हुन् ।	तेह्रौं शताव्दी शताब्दी
रामानन्दाचार्य	जानकीवल्लभ सम्प्रदाय	राम र सीताको भक्तिमैं मुक्ति हुन्छ । तुलसीदास, कवीर, मिरावाई र रविदास/रैदासहरूले यो चिन्तन वढाएका हुन् ।	चैधौं र पन्धौं शताब्दी
कृष्ण चैतन्य	अचिन्त्य वेद अवेद	राधा र कृष्ण एक हुन् । नाच गानले तिनको पूजा तथा भक्ति गर्नुपर्छ । यिनीहरु हरे कृष्णलाई महामन्त्र मान्दछन् । यिनीहरु गौडीय वैष्णव भनी चिनिन्छन् । यिनीहरुका लागि लागि कृष्ण रस हुन् । जीवन चाहिं पदार्थको प्रभावमा हुनाले मुक्त छैन । भुक्तिका लागि कृष्णमा समर्पण हुनुपर्छ ।	पन्धौं सोह्रौं शताब्दी
वल्लभाचार्य	शुद्धाद्वैत	अन्ततोगत्वा ब्रह्म तथा जीवात्मा एकै हुन् । आगो ब्रह्म हो भने जीवात्मा झिल्का हो । जसरी आगोभन्दा झिल्का फरक हुन्छ त्यसरी नै ब्रह्मभन्दा जीवात्मा फरक नै हुन्छ । तर जीवात्मा ब्रह्मकै अंश हो । कृष्ण नै सर्वोच्च देव हुन् । उनकै भक्ति गर्नाले मुक्ति हुन्छ ।	पन्धौं सोह्रौं शताब्दी

वैशणव दर्शनमा १०८ आगमहरू छन् । प्रत्येक आगमले विशिष्ट जानकारी दिन्छ ।



५

सीता

सीता आदर्शकी प्रतिमूर्ति हुन् । त्यागकी नमूना हुन् । विचारकी दृढ निश्चयी हुन् । कर्तव्य पालनकी अनुपम नमूना हुन् । राजकाजकी सल्लाहकार हुन् । मर्यादा पालक हुन् । उनी मिथिलाका राजा राजर्षी जनककी छोरी हुन् । मर्यादा पुरुषोत्तम श्रीरामकी पत्नी हुन् । वीर बालक लव र कुशकी आमा हुन् ।

सीतालाई अनेकन नामले चिनिन्छ । चन्द्रमुखी हुनाले उनको नाम सीया हो । जनककी छोरी हुनाले जानकी हो । मिथिलाबासी हुनाले मिथली हो । मिथिलाको राजधानी विदेहकी बासिन्दा हुनाले वैदेही हो । विदेह राजा जनककी छोरी हुनाले पनि वैदेही भनिएको हो । भूमिकी छोरी हुनाले भुम्जा भनिएको हो ।

सीताले ससुरा दशरथ र सासु कौशल्याको चित्त शान्त पारिन् । लक्ष्मण, भरत तथा शत्रुघ्नजस्ता देवरहरूप्रतिको स्नेह बलबान् बनाइन् । वनवासमा पनि बसाइलाई आनन्दित बनाइन् । दरबारको सुख सयललाई बारम्बार तुच्छ ठानिन् । आफ्नो मर्यादालाई उच्च सम्मान गरिन् । रावणले हरण गर्दा पनि हरणकारीलाई अदबसाथ व्यवहार गरिन् । हनुमानलाई पुत्रसमान प्रेम दिइन् । दोस्रो वनबासमा हुँदा लवकुशलाई जन्माइन् । सामान्य तपस्वी भएर वाल्मीकि आश्रममा हुर्काइन् ।

सन् १९६५ मा नेपाल भारतको संयुक्त टोलीले पहिल्याए अनुसार सीताले लवकुश जन्माएको, हुर्काएको र आफू पातालबास भएको वाल्मीकि आश्रम चितवन जिल्लाको ठोरीमा पर्दछ । भारतको बिहार जिल्लाको वाल्मीकि नगरमा पनि त्यस्तै आश्रम छ ।

हनुमान र सीताका संवादले दर्शन सिकाउँछ । राम र सीताको संवादले आदर्श र मर्यादा सिकाउँछ । रावण र सीताको संवादले दृढता सिकाउँछ । कौशल्या र सीताको संवादले लोक व्यवहार सिकाउँछ । ती संवादहरूको छुट्टाछुट्टै सङ्कलन गरिएका सामग्रीहरू उपलब्ध हुनु जरुरी छ ।

जनकपुरमा विश्वप्रशिद्ध जानकी मन्दिर छ । देशका विभिन्न ठाउँमा सीताराम मन्दिरहरू छन् । जैन धर्ममा पनि सीता र रामका प्रसङ्गहरू आउँछन् । सीताको नामसँगै रामको नाम जोडिएर आउँछ । मर्यादा पुरुषोत्तम राम । आदर्श सीता । वाल्मीकि रामायण तथा अन्य रामायणहरूले राम र सीताका अनेकन महिमाहरू गाएका छन् । ती महिमाहरूले भन्छन् सीता त्यागकी मूर्ति हुन् । सहनशीलताकी नमूना हुन् । विश्वासकी प्रतिमूर्ति हुन् ।

रामायणको उत्तर काण्डमा सीता पुत्र लवकुशको बृहत् चर्चा छ । त्यहाँ श्रीरामले गरेको अश्वमेध यज्ञको घोडा लव र कुशले समातेको कथा छ । उनीहरूले रामका सेनालाई जितेको कहानी छ । लभपुरी राज्यमा राज गरेको कहानी छ । त्यो भनेको अहिलेको लाहोर हो भन्ने मानिन्छ । सीताको पातालबासपछि रामले लवलाई श्रावस्ती र कुशलाई कुशावतीमा राजा बनाएको चर्चा छ । कसैकसैले चाहिँ वाल्मीकिले आफनो रामायणमा यो कुरा लेखेका थिएनन् पनि भनेका छन् ।



६

कपिल/साङ्ख्य दर्शन

कपिलमुनिको नाम ऋग्वेदमा भेटिन्छ । स्वेतस्वेतर उपनिषद्मा पनि देखिन्छ । विष्णु पुराण तथा नारद पुराणमा भेटिन्छ । भागवतमा पनि छ । जैन र बुद्ध धर्मका शास्त्रहरूमा पनि उल्लेख गरिएको छ । यसको अर्थ हो- धेरैवटा कपिलमुनिहरू छन् । तर पनि उनीहरू एउटै स्कूल वा मतका अनुयायी हुन् भन्ने अनुमान गरिन्छ । पछिल्ला कपिलमुनि चाहिँ इपू छैठौँ शताब्दीका मानिन्छन् । ती मुनिहरूमध्येका कपिलमुनि नेपालको कपिलबस्तुका हुन् भन्ने विश्वास गरिन्छ । उनकै नामबाट कपिलबस्तु नाम रहेको हो भन्ने भनाइ छ । तिनै कपिलमुनिले साङ्ख्यकारिका वा साङ्ख्य सूत्र लेखेका हुन् भन्ने गरिन्छ ।

कपिलमुनि सम्बन्धी अनेकन पुस्तकहरू छन् । तीमध्ये केहीको नाम तल दिइएको छ ।

- माण्डवी श्रद्धा
- द्रशतन्त्र योग
- कपिलन्याय भाषा
- कपिल पुराण
- कपिल संहिता

- कपिल सूत्र
- कपिल स्तोत्र
- कपिलस्मृति
- कपिलोपनिषद्
- कपिल गीता
- आयुर्वेद सम्बन्धी किताबहरू

कपिलमुनिको साङ्ख्य दर्शन वैदिक दर्शनका षड्दर्शनमध्ये एक मानिन्छ । षड् भनेको ६ हो । ती ६ वटा दर्शनहरू हुन् –

१. न्याय
२. वैशेशिका
३. साङ्ख्य
४. योग
५. मिमांसा
६. वेदान्त ।

साङ्ख्य दर्शनले द्वैतवादमा विश्वास गर्छ । अर्थात् प्रकृति र पुरुष दुवैको उत्तिकै योगदानले ब्रह्माण्ड बन्छ भन्ने कुरा मान्दछ । मन, पदार्थ र ऊर्जाको संयोगलाई साङ्ख्यले प्रकृति भन्दछ । त्यस्तो प्रकृतिमा सत्व, रज तथा तम गुण हुन्छ भन्ने विश्वास गर्दछ । सत्व भनेको चेतनयुक्त गुण हो । रज भनेको अहङ्कार मिसिएको चेतनयुक्त गुण हो । तम भनेको अहङ्कारयुक्त गुण हो । शुद्ध चेतनालाई चाहिँ यसले ब्रह्म मान्दछ ।

साङ्ख्य दर्शन योगमा आधारित छ । यसले सत्यको पहिचान गर्न तीनवटा प्रमाण खोज्दछ । पहिलो प्रत्यक्ष प्रमाण हो । यो भनेको आफैंले हेरेर वा भोगेर सत्य पहिल्याउने विधि हो । दोस्रो, अनुमान प्रमाण हो । अनुमान प्रमाणका लागि तर्क तथा उपमाको सहारा लिइन्छ । तेस्रो, शब्द प्रमाण हो । यसलाई आप्तवाक्य प्रमाण पनि भनिन्छ । फलानाको भनाइअनुसार भनी सत्य सावित गर्नु शब्द प्रमाणको उदाहरण हो ।

साङ्ख्य दर्शनले प्रत्येक कुरामा कारण र असर खोज्छ । यो दर्शनअनुसार प्रकृतिमा २५ वटा पदार्थ छन् । ती पदार्थहरू हुन् :

५ ज्ञानेन्द्रिय (आँखा, कान, छाला, जिब्रो, नाक)

५ कर्मेन्द्रिय (हात, खुट्टा, यौनाङ्ग, गुदद्वार, बोली)

५ तन्मात्रा (स्पर्श, आवाज, दृष्टि, स्वाद, गन्ध)

५ पञ्चतत्व (पृथ्वी, पानी, वायु, तेज, आकास)

२१. अहङ्कार

२२. बुद्धि

२३. मन

२४. चित्त (मन मिसिएको बुद्धि)

२५. आत्मा

यी माथिका पदार्थहरूको योग र वियोगले ब्रह्माण्ड बन्छ र नाशिन्छ भन्ने साङ्ख्य दर्शनको विश्वास हो ।

ऋग्वेदको १०.२७.१६ मा कपिल मुनिको चर्चा छ । यजुर्वेदको सतपथ ब्राह्मणमा छ । अथर्ववेदको ११.३.३.४ मा छ । स्वेतस्वेताम्वरोपनिषदको ५.२ मा छ। ब्रह्मपुराणमा छ। नारद पुराणमा छ। विष्णु पुराणमा छ। भागवत महापुराण, ब्रहमाण्ड पुराण, पद्मपुराण, स्कन्द पुराण, नारद पुराण तथा वाल्मीकि, रामायणमा पनि कपिलको नाम अझै छ । यसको अर्थ हो कपिलको साङ्ख्य दर्शन हो । त्यो दर्शनका सूत्राधार विविध कपिलहरू हुन् । जैन धर्मको उत्तराध्यायन सूत्रको आठौं परिच्छेदमा कपिलको चर्चा छ । बुद्धको जातक कथामा पनि कपिलको कुरा अझै छ ।

७

गुरु गोरखनाथ

गुरु गोरखनाथ भोजपुरी भाषाका कवि हुन्। नाथ सम्प्रदायका गुरु हुन्। उनले द्वैत र अद्वैतको विवादलाई सहज समाधान दिए। द्वैत भनेको प्रकृति र पुरुष (ऊर्जा, चेतन ब्रह्म/परमात्मा/हिरण्यगभ) हो। यी दुवैलाई उत्तिकै मान्यता दिने चिन्तन गुरु गोरखनाथको हो। यो चिन्तनले ऊर्जा र प्रकृति दुवैको समान अस्तित्व मान्छ। बोलीचालीको भाषामा बीज र प्रकृति दुवैको समान अस्तित्व हुन्छ भन्ने विश्वास गर्छ । बीज भनेको पुरुष वा ऊर्जा वा चेतन वा ब्रह्म वा परमात्मा वा हिरण्यगर्भ हो। प्रकृति भनेको भौतिक वस्तु हो। अद्वैतवाद अनुसार ऊर्जा वा ब्रह्म नै सत्य हो। प्रकृति त्यसैको छाँया हो। बोलीचालीको भाषामा माया हो। नाशवान् हो। ऊर्जाचाहिँ अविनाशी हो।

गुरु गोरखनाथले द्वैत अद्वैतको यो विवादलाई व्यक्तिको निर्णयमा छोडिदिए। उनले भने- द्वैतवाद स्वीकारे पनि पुग्ने ठाउँ त्यही हो। अद्वैतवाद स्वीकारे पनि पुग्ने ठाउँ त्यही हो। यसमा विवाद गर्नु जरुरी छैन। उनको यो भनाइले द्वैत र अद्वैतको कित्ताकाटे व्यवधान अन्त्य गरिदिएको थियो।

त्यसैगरी मुस्लिम र हिन्दूका विवादास्पद सोचहरूलाई पनि गुरु गोरखनाथले समाधान गरिदिएका थिए। गुरु गोरखनाथले अल्लाह र

ब्रह्म एउटै हो भन्ने चिन्तन दिएकाले मुस्लिमहरूले उनलाई रीन हाजी भन्ने गर्दथे । त्यसैगरी बुद्ध तथा हिन्दूको मत मिलाउन गुरु गोरखनाथले हठयोगमा विपश्यना जोडेर नवीन ध्यान तथा योग पद्धति विकास गरेका थिए । यसरी सबै धार्मिक आस्थाहरूलाई मिलाउने तर्किक क्षमता भएका गुरु गोरखनाथको प्रभाव सन्त कवीर दास तथा गुरु नानकमा पनि परेको थियो ।

शिव आदिनाथ मानिन्छन् । शिवले मच्छेन्द्रनाथलाई आफनो ज्ञान दिए । शिवका चेला मच्छिेन्द्रनाथले गुरु गोरखनाथलाई दीक्षा दिएका थिए । नाथ सम्प्रदायमा ९ नाथ भएको मानिन्छ । ती नाथहरू हुन् :

- मच्छेन्द्रनाथ (नेपालमा रातो तथा सेतो मच्छेन्द्रनाथको पूजाआजा गरिन्छ । रातो मच्छेन्द्रनाथको भोटो देखाउने पनि गरिन्छ ।)
- गोरखनाथ
- गिहिनीनाथ
- जालन्धरनाथ
- कृष्णपादनाथ
- भर्तृहरिनाथ
- रेवणनाथ
- नागनाथ
- चर्पटनाथ ।

गुरु गोरखनाथका अनेकन पुस्तकहरू छन् । तीमध्ये प्रमुख किताबहरू यस प्रकारका छन् :

१. लय योग
२. गोरक्ष संहिता
३. शिद्ध सिद्धान्त पद्धति
४. योगमर्तानन्द
५. योग सिद्धान्त पद्धति
६. योग विज्ञ
७. योग चिन्तामणि

यसरी गुरु गोरखनाथले योग, अध्यात्म, र नैतिकता एकसाथ जोडेमा सहजै समाधीमा पुगिन्छ भन्ने सत्य स्थापति गरे । यस अर्थमा उनी समन्वयवादी हुन् । समावेशवादी हुन् । शान्तिवादी हुन् । यी गोरखनाथ गोरखामा तपस्यारत थिए । त्यहीँ उनले नेपालको एकीकरण गर्ने बडामहाराज श्री ५ पृथ्वीनारायण शाहलाई वरदान दिएका थिए । गुरु गोरखनाथलाई राष्ट्रदेव मानी नेपालमा गोरखा पल्टन, गोरख मन्दिर, गोरखकाली मन्दिर आदि बनाइएका छन् । वैशाख पूर्णिमाका दिनमा गुरु गोरखनाथ मेला पनि लाग्ने गरेको छ ।

८

ऋषि विश्वामित्र

गायत्री मन्त्रका द्रष्टा हुन् विश्वामित्र । ऋग्वेदको ३.६२.१० मा यो मन्त्र छ । मन्त्रले सूर्यको तेज आफूमा समाहित गर्ने कुरा भनेको छ । मूलतः यो सूर्यको स्तुति हो । श्रष्टाको रूपमा । ज्ञानको स्रोतको रूपमा । अनन्त शक्तिको रूपमा । ब्रह्म ऊर्जाको रूपमा । ऊर्जाको अर्थमा गायत्री मन्त्रलाई गायत्री माता पनि भनिन्छ ।

जन्मले विश्वामित्र क्षेत्रीय हुन् । पुराणका २४ ऋषिमध्ये एक हुन् । विश्वामित्र वंश हो कि व्यक्ति विशेष हो भन्ने बारेमा चाहिँ मत मतान्तर छ । किनकि विश्वामित्र वेदहरूमा छन् । पुराणमा छन् । रामायणमा छन् । यी ग्रन्थहरूको काल गणनाले हेर्दा विश्वामित्र वंश भन्ने बुझिन्छ । उनको पारिवारिक कुराले चाहिँ उनी कुश राजाका नाति हुन् भन्ने देखिन्छ । यिनकै नामबाट त्यहाँको नदीको नाम कौशिकी रहेको हो । प्रा. डा. वेणीमाधव ढकालको हिमवत्खण्ड नामक अनुदित पुस्तक अनुसार कुशिक ऋषिकै नामबाट कुशेश्वर महादेवको नाम राखिएको हो । कुशको घारीबाट उत्पत्ति भएकोले पनि कुशेश्वर भनिएको हो । हिमवत्खण्ड अनुसार कुशेश्वर महादेव स्वयम्भूव हुन् । स्वयम्भूव भन्नाले आफैँ उत्पत्ति भएको भन्ने बुझिन्छ । त्यसैले कुशेश्वर महादेवलाई आदिलिङ्ग भनिन्छ ।

कौशिकीलाई बोलीचालीमा सुनकोशी भनिन्छ । यो नदी त्रिकुटको बीचमा छ । चापाडी, तेमाल (तिमाल) र दुम्जाको टाकुराको संयुक्त नाम त्रिकुट हो । त्रिकुट भनेको तीनवटा पहाडको मिलनस्थल हो । हिमवत्खण्डअनुसार ती त्रिकुटका नामहरू हुन्- कामकुट, चित्रकुट र हेमकुट । चापाडीपट्टिको भूभाग चित्रकुट हो । त्यहीँ तपस्या गरेर विश्वामित्र गायत्री मन्त्रका द्रष्टा बनेका हुन् । कसैकसैले गायत्री मन्त्रको द्रष्टा बन्दा विश्वामित्र ऋषि सुनसरी जिल्लाको वराह क्षेत्र अन्तर्गत चतरामा थिए पनि भनेका छन् ।

तेमालपट्टिको भूभाग कामकुट हो । दुम्जापट्टिको भूभाग हेमकुट हो । चापाडी पट्टिको भूभाग चित्रकुट हो । नेमुनिको आश्रम पनि यही त्रिकुटको कुशेश्वर क्षेत्रमा भएको देखिन्छ । त्यहीँ नेमुनिले विरूपाक्षलाई ज्ञान दिएको देखिन्छ । सोही ज्ञानले विरूपाक्ष श्रापमुक्त भएका देखिन्छन् । उनै नेमुनिको नामबाट देशको नाम नेपाल रहेको भन्ने गरिन्छ । समय समयमा नेपालको नाममा आएको फेरबदलले पनि यो कुराको सङ्केत गरेको छ । स्कन्ध पुराण अनुसार सत्य युगमा नेपालको नाम सत्यवती थियो । त्रेता युगमा नेपालको नाम तपोवन भयो । द्वापर युगमा नेपालको नाम मुक्ति सोपान थियो । कली युगमा नेपालीका पुरी नाम भएको छ । यसैलाई छोटकरीमा नेपाल भनिएको देखिन्छ । स्कन्ध पुराणको श्लोकले भन्छ :-

कृते सत्यवती प्रोक्ता त्रेतायान्तु तपोवनम्
द्वापरे मुक्तिसोपानं कलौ नेपालिकापुरी

हिमवत्खण्डको नेपाल माहात्म्यमा देवी दुर्गाले शुम्भ तथा निशुम्भको वध गरेको कुरा उल्लेख गरिएको छ । कुशेश्वर क्षेत्रमा भएको त्यो ठाउँ दुर्गातीर्थ नामले प्रशिद्ध छ । यो प्रशिद्ध ठाउँ लीलावती वा रोशमत्या (रोसीखोला) तथा सुवर्ण कौशिकी (सुनकोशी)को सङ्गममा छ । त्यहीँ आदिलिङ्ग कुशेश्वर महादेव छन् । स्वस्थानीमा पनि यो कुरा उल्लेख गरिएको छ । डा. वेणीमाधव ढकालले हिमवत्खण्ड (२०७५) को एकचालीसौँ तथा बयालीसौँ अध्यायमा यसको विशद वर्णन गरेका

छन् । लिङ्ग पुराणमा पनि कुशेश्वर महादेवको चर्चा छ ।

गायत्री मन्त्रका द्रष्टा विश्वामित्र ऋषिले तपस्या गरेकै ठाउँमा मार्कण्डेय ऋषिले मार्कण्डेय पुराण रचना गरेका थिए । अर्थात् यो ठाउँ पनि कुशेश्वर महादेवको क्षेत्रमै थियो । यसबाहेक अनेकन ऋषिमुनिहरूले यस क्षेत्रमा मुक्तिको ज्ञान आर्जन गरेका तथा ज्ञान दिएका थिए भन्ने देखिन्छ ।

यो ठाउँ विपि राजमार्गको नेपालथोक भन्ने स्थानमा अवस्थित छ । राजर्षिबाट ब्रह्मर्षि बनेका विश्वामित्रको आश्रम पनि यहीँ छ । परा बोलीबाट गायत्री मन्त्र देखेको ठाउँ यही हो भन्ने विश्वास गरिन्छ । हामी बैखरी बोली बुझ्छौँ । धामीहरू मध्यमा बोली बुझ्छौं । सिद्धहरू पश्यन्ति बोली बुझ्छन् । विश्वामित्रजस्ता मन्त्र द्रष्टाहरू परा बोली बुझ्छन् । त्यही पराबोली हो -ॐ भूर्भुवः स्वः तत्सवितवरण्य भर्गोदेव स्थधिमहि धियोयोन प्रचोरसयात् । मन्त्रको दुरुपयोग नगर्ने जोसुकैले पनि यो मन्त्र जप्न सक्छ । क्षरवाला (नाशवान्) हामीले अक्षर (अविनाशी) वा ब्रह्म ऊर्जा चिन्न चाहने हो भने यो मन्त्र जपे हुन्छ ।

९

मुन्दुम/मुन्धुम

किरांत धर्मको मूलग्रन्थ मुन्दुम हो । त्यसैलाई किरातको वेद भनिन्छ। त्यही ग्रन्थलाई कसैले मुन्धुम भन्छन् । कसैले रिदुम भन्छन् । कसैले दुम भन्छन् । मुन्दुम दुई किसिमका छन् । थुङ्गसाप र पेसाप । साम्बा वा फेदेङ्गवा/मा ले गाएर बचाएको गीति वेद हो थुङ्गसाप । पेसाप चाहिँ लिखित वेद हो । पेसाप पनि चार किसिमका छन् :

- सोकसोक मुन्दुमः- विश्व श्रृष्टि, जीवनको उत्पत्ति, पापको कारण र मृत्युको जानकारी दिने पुस्तक ।
- येहाङ्ग मुन्दुमः- मानव पुर्खा, बिबाह, व्यहार, तथा धर्मको जानकारी दिने पुस्तक ।
- साम्जिक मुन्दुमः- आध्यात्मिक ज्ञानको सङ्ग्रह ।
- साप मुन्दुमः- लिखित मुन्दुम ।

किरांतहरू प्रकृति पूजक हुन् । उनीहरू पुर्खा, सूर्य, चन्द्र, हावा, अग्नि र घरको मूल थाम (खम्बा) को पूजा गर्छन् । तागेरा निङ्वाफुमाङ लिम्बूका सर्वोच्च देव हुन् । तिनकै स्त्री अंश युमा साङ्मा हुन् । पुरुष अंशचाहिँ थेवा साङ्मा हुन् । त्यस्तै पारोहाङ्ग राईका देव हुन् । सुम्निमा देवी हुन् । किरांतहरूमा शिव वा किराँतेश्वर महादेवलाई पुज्ने तथा विरूपाक्षलाई किराँती पुर्खा मान्ने पनि चलन छ । राई, लिम्बू, सुनुवार तथा याख्खा जातिले मुन्दुमका ज्ञान तथा रीतहरूलाई आफ्नो व्यवहारमा लागू गरेको देखिन्छ ।

१०
गौतम बुद्ध

निर्वाण प्राप्त व्यक्ति बुद्ध हो । निर्वाण भनेको दुःख नहुने तथा इच्छा नहुने अवस्था हो । यो अवस्थामा पुगेको व्यक्ति जन्मनु र मर्नु पर्दैन । त्यही निर्वाण हो । यस्ता निर्वाण प्राप्त व्यक्तिहरू गौतम बुद्धभन्दा अगाडि २७ जना भैसके । बुद्धपछि मैत्रेयी बुद्ध समेत जोडदा २९ जना बुद्ध हुने देखिन्छ । गौतम बुद्ध चाहिँ नेपालको कपिलबस्तु जिल्लाको लुम्बिनीमा जन्मेका हुन् । मायादेवी र शुद्धोधन उनका मातापिता हुन् । २७ बुद्धका नामहरू तल दिइएका छन् ।

- तनङ्कार बुद्ध
- मेधङ्कार बुद्ध
- सरङ्कार बुद्ध
- दिपङ्कार बुद्ध
- कोन्दान्न बुद्ध
- मङ्गल बुद्ध
- सुमन बुद्ध
- रेवता बुद्ध
- सोभिता बुद्ध
- अनोमदस्सी बुद्ध
- पद्मा बुद्ध
- नारद बुद्ध
- पदुमुत्र बुद्ध
- सुमेध बुद्ध
- सुजाता बुद्ध
- पियादस्सी बुद्ध
- अथदस्सी बुद्ध
- धमदस्सी बुद्ध

- सिद्धाथ्थ बुद्ध
- तिस्सा बुद्ध
- फुस्सा बुद्ध
- विपस्सी बुद्ध
- सिखी बुद्ध
- वेस्साभू बुद्ध
- ककुच्छन्द बुद्ध
- कोनागमना बुद्ध
- कश्यप बुद्ध
- गौतम बुद्ध

सवै बुद्धका चिन्तनहरूमा दार्शनिकता र योगको मिलन छ । सवै बुद्धले अनुभवजन्य कुरालाई नै प्रमाण मानेका छन् । गौतमबुद्धले चाहिँ थप दुई कुरा पनि गरेका छन् । पहिलो बुद्धहरूको चिन्तनमा उनले प्रत्युतसमपाद थपे । प्रत्युतसमपाद भनेको दुईवटा चीजको सँगै जन्म हुनु हो । जस्तोः –उज्यालोसँग अध्यारो आउँछ । अँध्यारोसँग उज्यालो आउँछ । सुखसँग दुःख आउँछ । दुखःसँग सुख आउँछ । राम्रोसँगै नराम्रो आउँछ । गौतम बुद्धले थपेको दोश्रो कुरा मध्यमार्ग हो । हर कुरामा हो र हैन मात्रै हुँदैन । बीचमा तेश्रो कुरा पनि हुन्छ । त्यही मध्यमार्ग हो । यही मार्गले गर्दा गौतमबुद्ध ईश्वर छ कि छैन भन्ने कुराको विवादमा लागेनन् । आत्मा छ कि छैन भन्ने कुरामा विवाद गरेनन् । यस्ता कुरामा किन विवाद गर्ने भनेरै उनी अगाडि बढे ।

बुद्धधर्मका मूलतः चार हाँगा छन् । ती हुन् : वोन बुद्धमार्ग । थेरवाद । महायान । वज्रयान । वोन बुद्धमार्गमा अवतारवाद प्रमुख छ । थेरवादले बुद्धलाई ज्ञानी व्यक्ति मान्दछ । महायानले बुद्धलाई भगवान् मान्दछ । वज्रयानीले बुद्ध धर्ममा तन्त्र र मन्त्र जोडेको छ । उनीहरू शरीरलाई नै मुक्तिको ढोका मान्दछन् । यसबाहेक पनि अनेकन बुद्ध मतहरू छन् । जे भए पनि बुद्धको मूल बाटो हो- मध्यमार्ग । प्रत्युतसमपाद । अनुभवको मान्यता । निर्वाण (मुक्ति)को लक्ष्य । विपस्यना ध्यान ।

बुद्धधर्मका ग्रन्थहरू पाली, संस्कृत तथा तिब्वती भाषामा पाइन्छन् । बुद्धकै वचन भएको ग्रन्थको नाम त्रिपिटक हो । तिनमा तीनवटा पिटकहरू छन् । पहिलो विनय पिटक । दोश्रो सुत्तपिटक । तेश्रो अभिधम्म पिटक । यसवाहेक धम्मपद, जातककथा आदि प्रमुख ग्रन्थहरू हुन् ।

बुद्धको देशना (शिक्षा/उपदेश) दिने तरीका साह्रै सहज छ। उदाहरणबाट सम्झाउने। व्यवाहारमा लागू गर्न लगाउने। हर कुरामा दु:ख छ। दु:खको कारण छ। दु:खको समाधान पनि छ। दु:खबाट मुक्ति पाउन सकिन्छ भन्ने। बुद्धको यो सहज बाटोको नाम नै आर्य सत्य हो। अहिलेका विज्ञहरूले बुझे बुझाएको जस्तो आर्य भनेको जात होइन। वेदमा आर्य शब्द विशेषणको रूपमा प्रयोग भएको छ। बुद्धको समयमा पनि यो शब्द विशेषण नै हो। बुद्ध स्वयंलाई पनि आर्य भनिन्छ। उनले अरूलाई पनि आर्य बन्ने बनाउने सन्देश दिएको मानिन्छ । यस अर्थमा आर्य ज्ञानवाचक शब्द हो। सांस्कृतिक प्रयोग हो। नामको अगाडि जोडिने विशेषण हो। ज्ञानीलाई सम्बोधन गरिने शब्द हो। ऋषि मुनिलाई सम्बोधन गरिने शब्द हो। वेदका अनुवादक म्याक्समुलरले आर्य शब्द अङ्ग्रेजी भाषामा प्रवेश गराएको मानिन्छ। त्यसैले अठारौं शताब्दीमा प्रयोग हुँदा आर्य शब्दले इण्डो युरोपियन, इण्डो इरानी, रोमन, जर्मन, ग्रीक, बाल्टस, केल्टस, र स्लाभ भाषाहरू आर्य भाषा मानिएका थिए। ती भाषा बोल्नेहरूलाई आर्य नै भनिन्थ्यो। सन् १८३९ सम्म पनि आर्य शब्द विशेषणकै रूपमा प्रयोग भएको देखिन्छ।

म्याक्समुलरको शब्दमा आर्य जाति भनेको भारतीय उपमहाद्वीप, जर्मन, नर्डिक, र उत्तरी युरोपियनको समूह हो। एच जी वेल्सले भाषा र जातलाई जोडेर आर्य पिपुल्स भन्ने शब्द प्रयोग गरेको देखिन्छ। उनले सभ्यताको अर्थमा आर्य शब्द प्रयोग गरेका थिए। पारसी धर्मग्रन्थ आवेस्तामा इरान र आलनियाका जातिलाई आर्य भनिएको देखिन्छ। सन् १९४४ राण्डम्याक नाल्लीले विश्व एटलसमा आर्य शब्दलाई जाति वाचक बनाएको देखिन्छ। पाउल एण्डरसनले इण्डोयुरोपियन जनाउन आर्य शब्दको प्रयोग गरेको देखिन्छ। इण्डो इरानी समुदायलाई पनि आर्य नै भनेको देखिन्छ।

आर्य शब्दको जातीयकरण गर्ने काम चाहिँ फेन्च लेखक आर्थर डे गोबिन्याउँ हुन्। उनले सन् १८५० को दशकमा आर्यलाई जातिवाचक शब्दको रूपमा व्यापक बनाए। नेपालको संविधान २०७२ ले पनि आर्थरकै बुद्धिमा आर्यलाई जाति मानेको छ। यस अर्थमा संविधानले वैदिक

तथा बुद्धकालीन अर्थ छोडेर आर्थरको बुझाइलाई बोकेको देखिन्छ । तर बुझ्नु बुझाउनुपर्ने कुरा के हो भने आर्य जाति होइन । ज्ञानीको नाम हो । अर्थात वैदिक पुर्खाले बुझेको आर्य विद्वान् हो । बुद्धले बुझेको आर्यमा विद्वता र कुलीनता पनि हो । त्यसैले आर्य सत्यहरूको सही प्रयोग गर्न बुद्धले आठवटा मार्ग दिएका छन् । ती हुन् :

- ठीक बुझाइ
- ठीक विचार
- ठीक बोली
- ठीक काम
- ठीक जीवीका
- ठीक प्रयत्न
- ठीक मनोवृत्ति
- ठीक ध्यान

यति सहज तरिकाले असल जीवन जिउन सिकाउने बुद्धका चिन्तनहरू मनन योग्य छन् । अपनाउनै पर्ने छन् । विपस्यना बुद्धको योग हो । बालबालिकादेखि वृद्धसम्म सबैलाई काम लाग्ने गरी यो योग बनाइएको छ । युट्युवबाट पनि यो योग सिक्न सकिन्छ । यस्ता योगकेन्द्रहरू स्वदेश तथा विदेशमा भेटिन्छन् ।

११

नागार्जुन

जीवन र जगत् बुझ्ने अनेकन चिन्तन छन् । नागार्जुनको चिन्तन त्यसमध्येको एक हो । बुद्धमार्गी यिनले दुइटा मुख्य किताव लेखे । पहिलो प्रज्ञापारमिता । दोश्रो, माध्यमिका । भावातीत विद्वताको नाम हो प्रज्ञापारमिता । पूर्णताको नाम हो प्रज्ञापारमिता । संस्कृत शब्दको विद्वता र पूर्णता मिलेपछि प्रज्ञापारमिता बन्छ । यसको अर्थ हो - व्यक्तिमा विद्वता हुन्छ । त्यो विद्वताले उसलाई पूर्णतामा लान्छ । प्रज्ञापारमितामा शून्यको चिन्तन छ । बोधीसत्वको चिन्तन छ ।



पूर्णता के हो ? महायनी बुद्धमार्गीको चिन्तनमा ६ वटा प्रकृयाबाट पूर्णता प्राप्त गर्न सकिन्छ । दान, शील, क्षान्ति, वीर्य, ध्यान, प्रज्ञा । तलको चार्टले ती प्रक्रियाहरू देखाएको छ ।

मध्यमार्गको चिन्तन धर्मचक्र पवर्तन सुत्तमा छ । त्यहाँ बुद्धले इन्द्रियजन्य सुख र निर्वाणजन्य सुखको चर्चा गरेका छन् । यी दुई खाले सुख भनेकै दुई विन्दु हुन् । यी दुई विन्दुको बीचमा बस्ने चिन्तन बुद्धले भिक्षु भिक्षुणीहरूलाई दिएका छन् । त्यही बुँदालाई लिएर नागार्जुनले शून्यवाद र निर्वाणका बीचको चिन्तन बनाएका हुन् । नागार्जुनले भनेका छन- शून्य भनेको अन्त्य होइन । त्यहाँ दुई कुरा एकैसाथ आउँछन् । शून्य आउँदा अस्तित्व आउँछ । अस्तित्व आउँदा शून्य आउँछ । त्यसैलाई प्रतीत्य समुत्पन्न वा प्रतीत्य समुत्पाद भनिएको हो । यसरी हेर्दा नागार्जुनले शून्य र भौतिक दुनियाँबीच सहसम्बन्ध देखाए । भौतिक वस्तु र शून्यता एकसाथ रहनसक्ने कुरा सिकाए । जन्म र मृत्युको सहसम्बन्ध बुझाए । पुनर्जन्मको चिन्तन दिए । अर्थात वस्तु हुन्छ वा वस्तु हुँदैन भन्ने परस्पर विरोधी चिन्तनलाई छ र छैनको बीचमा पनि केही छ भन्ने कुरा सिकाए ।

निर्वाण भनेको राग, द्वेष, र मोहको नाश भएको अवस्था हो । फेरि जन्मनु तथा मर्नु नपर्ने अवस्थाको नाम हो । यस्ता चिन्तक नागार्जुन र ललितपुरमा भएको हिरण्यवर्ण महाविहार (क्वबहा:)बीच सम्बन्ध छ भन्ने भनाइ छ । सो भनाइ अनुसार नागार्जुनले सोही विहारमा बसेर माध्यमिका सुत्त लेखेका थिए । दक्षिण भारतका नागार्जुन कहिले र कसरी त्यहाँ आए भन्नेबारे खासै जानकारी पाइँदैन ।

१२

गुरु रिम्पोछे

बुद्ध धर्मका हस्ती पद्मसम्भवलाई गुरु रिम्पोछे भनिन्छ । पद्म भनेको कमलको फूल हो । तिब्बती भाषामा त्यही अर्थमा रिम्पोछे भनिएको हो । उनी आठौं शताब्दीका गुरु हुन् । भारतबाट नेपाल हुँदै उनले तिब्बत पुगेर बुद्ध धर्म प्रचार गरेका थिए । यही नै तिब्बतियन बुद्धमार्गको शुरुआत हो । भगवान बुद्धले सुत्रायन पथमा भन्नुभएको तन्त्रलाई लिएर गुरु रिम्पोछेले तिब्बतमा तान्त्रिक बुद्धमार्गको विस्तार गरेका थिए । उनको बुद्धमत अनुशरण गरी हालसम्ममा ८ जना रिम्पोछे भइसकेका छन् । उनीहरूको नाम यस प्रकारको छ :

१. गुरु श्होके दोर्जे
२. गुरु शाक्य सेंगें
३. गुरु निमा ओजेर
४. गुरु पद्मसम्भव
५. गुरु लोदेन चोक्सें
६. गुरु पेमा जुङ्नें
७ गुरु ड्राड्रोक
८. गुरु दोर्जे ड्रोलों

उनीहरू सबैलाई तिब्बतियन गुरु सेंगें भनिन्छ। गुरु रिम्पोछेको शब्दमा सबै गुरुहरूले पद्मसम्भवको सोच बोकेका हुन्छन्। सबै गुरुहरू वज्रयानी बुद्धमार्गी हुन् । गुरु पद्मसम्भव अहिलेको पाकिस्तानमा पर्ने स्वात भन्ने ठाउँमा जन्मेका थिए । अहिलेका रिम्पोछेहरू चाहिँ तिब्बतीहरू हुन् । अवतारवादमा आधारित भई त्यस्ता रिम्पोछेहरूको पहिचान गर्ने चलन छ ।



१३

दलाइ लामा

शान्तिका पर्यायवाची हुन् दलाइ लामा । उनले विश्व शान्तिका लागि काम गरेबापत नोबेल पुरस्कार पाएका छन् । पहेंलो वस्त्रधारी दलाइ लामा गेलुग सम्प्रदायका तिब्बतियन बुद्धमार्गी हुन् । गेलुग सम्प्रदायका यिनी १४ औं लामा हुन् । इसं १३९१ देखि शुरु भएको दलाइ लामाको इतिहासमा हालका लामा १४ औं हुन् । ती चौधवटा लामाहरूको नाम यस प्रकार छ ।

१. गेदुन डुब	२. गेदुन ग्यात्सो
३. सोनाम ग्यात्सो	४. योन्तेन ग्यात्सो
५. नवाङ लोब्साङ्ग ग्यात्सो	६. साङ्गयाङ्ग ग्यात्सो
७. केल्जाङ्ग ग्यात्सो	८. जाम्फेल ग्यात्सो
९. लुङ्गतोक ग्यात्सो	१०. स्हुल्त्रिम ग्यात्सो
११. खेद्रुप ग्यात्सो	१२. त्रिन्ले ग्यात्सो
१३ थुब्तेन ग्यात्सो	१४. तेन्जिन ग्यात्सो

शान्ति, अहिंसा, मानव अधिकारको लागि समर्पित धर्म गुरु चौधौं दलाइ लामा सन १९५० मा चीनले तिब्बत लिए पछि सन १९५९

देखि भारतको धरमशालामा बसिरहेका छन् । त्यहींबाट उनले धर्म, शान्ति, अहिंसा र मानव अधिकारका लागि विश्वभरका जनताहरूलाई शिक्षा दिइरहेका छन् । उनको विश्वास छ कि कुनै दिन तिब्बतको उ-साङ्ग, आम्दो, र खामले स्वतन्त्रता पाउनेछ । यही शिक्षामा आधारित रही उनले तिब्बत स्वतन्त्रताको लागि ५ सूत्रीय योजना दिएका छन् । ती योजनाहरू हुन् :

- तिब्बतको रूपान्तरण गरी अहिंसात्मक भूमि बनाउने
- तिब्बतमा चीनको जनसङ्ख्या भित्र्याउने काम बन्द गर्ने
- तिब्बतीहरूको मानव अधिकार र लोकतान्त्रिक अधिकारको सम्मान गर्ने
- तिब्बतको प्राकृतिक सौन्दर्य ब्यूँताउने
- तिब्बत र चीनबीचको सौहाद्रपूर्ण सम्बन्ध सुनिश्चित गर्ने

समयको प्रवाहसँगै दलाइ लामाका राजनीतिक विचारहरूमा फेरबदल आएको छ । अहिले उनी मूलतः आध्यात्मिक विषयमा मात्रै चर्चा परिचर्चा गर्ने गर्छन् । बोधीसत्वका अवतार मानिने दलाई लामाले ६ वर्ष तिब्बतमा पढे । नालन्दा संस्कारमा अध्ययन गरेका उनी ५ वटा प्रमुख तथा ५ वटा सहायक विषयका विज्ञ छन् । टाक्सेरको किसान परिवारमा जन्मेका दलाई लामाको बालक कालको नाम ल्हामो थोन्दूप हो ।

मङ्गोलियन भाषामा दलाइ भनेको सागर हो । तिब्बती भाषामा ग्यात्सो भनेको पनि सागर हो । लामा भनेको संस्कृतको गुरुको अर्थमा प्रयोग हुने शव्द हो । दलाई लामाको शाब्दिक अर्थ हुन्छ- आध्यात्मिक ज्ञानको सागर भएका गुरु । दलाइ लामाले ४३ वटा किताब लेखेका छन् । सबै किताबहरू प्रख्यात छन् । अङ्ग्रेजीमा लेखिएका ती किताबहरूको सूचीमा आर्ट अफ हापिनेस देखि अपिल टू दि वर्ल्डः दि वे टू पिस इन टाइम अफ डिभिजन पर्दछन् । दलाई लामाले लेखेका सबै किताबहरू बजारमा उपलब्ध छन् ।

१४

सन्त रविदास

सन्त रविदास भक्ति सम्प्रदायका गुरु हुन् । कवि हुन् । समाज सुधारक हुन् । आध्यात्मिक गुरु हुन् । अन्तर जात जातीय तथा अन्तर धार्मिक सद्भाव कायम गर्न सदैव लागि परेका गुरु हुन् । उनलाई रैदास, रामदास, रुद्रदास, सइदास, रयिदास,रोहिदास, रुहदास, रमादास, हरिदास आदि नामले चिनिन्छ । उनी पन्ध्रौं शताब्दीका व्यक्ति हुन् । जन्मले उनी भारतीय मानिन्छन् । उनको जन्म वाराणसी नजीक श्रीगोविन्दपुरमा भएको थियो । त्यहाँको चमार समुदायमा उनको जन्म भएको थियो । उनका आमाबाबु छालाको काम गर्थे । ठूलो भए पछि रविदासले पनि छालाकै काम गरे । छालाको काम गर्दागर्दै समाज सुधारगर्न जातजाति, लिङ्ग तथा धर्मका विभेदहरू अन्त्य गर्ने सन्देशमूलक भक्ति गीतहरू लेखे । उपदेश दिए । छालाको कामबाट भएको कमाइको केही हिस्सा साधु सन्तको सेवा तथा समाज सुधारमा खर्च गरे । गुरु रविदासमा सुफी सम्प्रदायको छाप थियो । उनलाई सन्त कवीरका गुरुभाइ पनि भनिन्छ । पछि उनी हिन्दू धर्मका रामानन्द सम्प्रदायमा समेत दीक्षित भएका थिए ।

गुरु रविदासका ४० वटा भक्ति गीतहरू शिख समुदायको पवित्र पुस्तक गुरु ग्रन्थ साहिवमा समावेश गरिएका छन् । हिन्दू धर्मको

ददूपन्थी सम्प्रदायमा पनि गुरु रविदासका अनेकौं भक्ति गीतहरू छन् । आज पनि ती गीत तथा भजनहरू आदरले गाइन्छन् । भारतमा उनका अनेकन मन्दिरहरू छन् । सबै जात जातीले पुज्ने मन्दिर । सबैले गाउने भजन । भक्तिगीत । उनका भक्ति गीतमा अन्याय र अत्याचारको विरुद्धमा आवाज उठाउने विषयवस्तु छ । हिन्दू धर्मको नाथ सम्प्रदायमा चलेको निर्गुण ब्रह्मको चिन्हारी छ । समानता तथा समताको चिन्तन छ । जेफ्र इब्सन, पिटर फ्रेडलैण्डर, डेभिड लोरेन्जनजस्ता व्यक्तिहरूले रविदासका भक्ति गीतहरूको मुक्त कण्ठले प्रशंसा गरेका छन् ।

गुरु रविदासले जातजातीय छुवाछुतको बिरोध गरे । जातीय समानताको वकालत गरे । लैङ्गिक समताको वकालत गरे । व्यक्तिगत स्वतन्त्रता र मानव मुक्तिको पैरवी गरे । गुरु रविदासको त्यो तागतले गर्दा महान् विद्वान्, दार्शनिक, पण्डितहरू पनि उहाँको चरण स्पर्श गर्न लालायित हुन्थे । गुरु रविदाससँग शास्त्रार्थमा भाग लिन्थे । हार स्वीकार्थे । चेला तथा चेली बन्थे । गुरु रविदासका भक्ति गीतहरू यूट्यूबमा पाइन्छन् । उनका बारेमा सिनेमा पनि बनेको छ । हरेक वर्ष माघ पूर्णिमाका दिनमा उनको जन्म जयन्ती मनाइन्छ । उनका उपदेश तथा भक्तिगीतको आधारमा रविदासीय धरम (धर्म) पनि बनेको छ । सन्त रविदासका भक्ति गीतको नमूना यस प्रकारको छ :

अब कैसे छूटे राम, नाम रट लागी ।
पढ़रभढ़जी तढ़म चनढ़दन हम पानी, जाकी अंग अंग बास समानी ।
पढ़रभढ़जी तढ़म घन बन हम मोरा, जैसे चतिवत चनढ़द चकोरा ।
पढ़रभढ़जी तढ़म दीपक हम बाती, जाकी जोती बरै दनि राती ।
पढ़रभढ़जी तढ़म मोती हम धागा, जैसे सोने मलित सढ़हागा ।
पढ़रभढ़जी तढ़म सढ़वामी हम दासा, भ्कसी भकढ़ती करै रैदासा ।

१५

राजर्षि जनक

लोक कल्याणकारी राजाको नाम हो राजर्षि जनक । ज्ञानको रूपमा उनी महाज्ञानी हुन् । उनलाई देहमा रहेर विदेह हुने ज्ञान थियो । देह ज्ञान भनेको भौतिक ज्ञान हो । विदेह ज्ञान भनेको अध्यात्मिक ज्ञान हो । मुक्तिको ज्ञान हो । राजर्षि जनक भने देह र विदेहबीच सह सम्बन्ध राख्न जान्दथे । यस्ता विदेही राजाको राजधानी हो जनकपुरधाम । वैदेही (सीता मैयाँ/माता)को जन्मघर हो ।

जनक वंशका २८ औं राजा हुन राजर्षि जनक । उनको खास नाम शिरध्वज जनक हो । राजा भएर पनि ऋृषि भएकाले उनलाई राजर्षि भनिएको हो । जनक वंशमा ५७ वटा राजा भए । मिथी नामका राजा मिथिला क्षेत्रका पहिला राजा हुन् । तिनै मिथीका छोरालाई पहिलो जनक मानिन्छ । तिनै मिथीले राज गरेको ठाउँ हुनाले मिथिला भनिएको हो । राज्यको सीमा बढाउने र सम्झौता गर्ने क्रममा सीमानाहरू हेरफेर हुन्छन् । मिथिलाको प्राचीन नक्सामा पनि फेरबदल भएको छ । यो क्षेत्र हाल नेपाल तथा भारत दुवै देशमा फैलिएको छ ।

रामायण, वृहदारण्यक उपनिषद्, महाभारत, तथा पुराणमा राजर्षि जनकका अनेकन प्रसङ्ग छन् । रामायणले उनलाई असल पिताको रूपमा

चित्रित गरेको छ । वृहदारण्यक उपनिषद्ले कर्मयोगीको रूपमा प्रस्तुत गरेको छ । शतपथ ब्राह्मणले उनलाई दार्शनिक राजाको रूपमा प्रस्तुत गरेको छ । त्यहाँ उद्धोलक आरुणी, याज्ञवल्क्य, गार्गीजस्ता विद्वान्सँग सवाद भएको कुरा देखिन्छ। महाभारतको भीष्म पर्वमा युधिष्ठिरले असल पिता र लोक कल्याणकारी राजा मानेका छन् । गीतामा श्रीकृष्णले कर्मयोगी शिरध्वज जनक भनेका छन् । अर्थात उनी कर्मवादी राजाका रूपमा चिनिएका छन् । कर्मयोग भनेको काममा रहँदा पनि अध्यात्म साधना गर्नु हो । काम छोडेर अध्यात्म साधना गर्नेहरू सन्यासी हुन् । अध्यात्ममा विश्वास नगर्नेहरू भौतिकवादी हुन् । यस अर्थमा उनी विद्वान् पनि थिए । दरबारमा विद्वान्हरू बोलाएर शास्त्रार्थ गर्थे । गराउँथे ।

राजा जनक तथा अष्टावक्रकसँगको संवादलाई अष्टावक्र गीतामा पढन पाइन्छ । त्यहाँ विद्वान्को सम्मान गर्ने राजाका रूपमा राजर्षि जनकको चिनारी छ । व्यवहार र आदर्श मिलाउने चिन्तन दिने अष्टावक्रको सहज ज्ञान स्वीकार्ने राजाको पहिचान छ। आत्मा र परमात्मा चिन्ने सहज उपाय छ । आत्मा भनेको शरीरको चेतनायुक्त ऊर्जा हो । परमात्मा भनेको ब्रह्माडमा भएको चेतनायुक्त ऊर्जा हो । आत्मा र परमात्माको मिलन भनेको शरीरको चेतनायुक्त ऊर्जा र ब्रह्माण्डमा भएको चेतनायुक्त ऊर्जा जोड्नु हो । अष्टावक्रबाट राजर्षि जनकले यो कुरा सिकेका थिए ।

वाल्मीकि रामायणको बाल काण्डमा राजा जनकले छोरी सीताको अयोध्याका राजा श्रीराम/रामचन्द्रसँग बिहा गर्दाका अनेकन प्रसङ्गहरू छन् । सीता मैयाँ/माताको लालन पालन गरेको । शिव धनु भाँचेको । बिबाह मेला भएको । जनकपुर धाममा वर्षेनी लाग्ने विवाह पञ्चमी मेला राजर्षि जनककै पालाको संस्कारको निरन्तरता हो । अक्सर मंसिर महिनाको पञ्चमी तिथिमा जनकपुरधाममा मनाइने सो मेलामा नेपाल र भारतका तीर्थयात्रीहरू भेला हुन्छन् । सो मेलामा नेपालका तर्फबाट सीता तथा भारतका तर्फबाट रामको विबाहको तयारी गरिन्छ । सोही अनुसार सीता तथा रामको विवाह पूरा गरी मेलाको पनि अन्त्य गरिन्छ ।

१६

ऋषि याज्ञवल्क्य

याज्ञवल्क्य इ.पू. आठौं शताब्दीका मिथिला क्षेत्रका ऋषि हुन् । पातञ्जलिको योगसूत्र जस्तै यिनको पनि योगसूत्र छ । यिनले हठयोग र वेदान्त सूत्र लेखे । यिनको योगसूत्रमा प्राणायाम, प्रत्याहार, ध्यान, धारणा आदिको वर्णन छ । यसबाहेक याज्ञवल्क्यले वृद्धयाज्ञवल्क्य, वृहद् याज्ञवल्क्यजस्ता ग्रन्थहरू लेखेका छन् । शुक्ल यजुर्वेद, सतपथ ब्रात्मण, वृहदारणकोपनिषद्, छान्दोग्यपनिषद्मा यिनको चर्चा छ । वृहदारण्यकोपनिषद् त महोत्तरीको मटिहानी ज्ञानकूपमा लेखिएको ग्रन्थ मानिन्छ । याज्ञवल्क्यस्मृति चाहिँ उनी पछिका ऋषिले लेखेका हुन् । यो पुस्तकमा तीन खण्ड छन् । पहिलो, आचार खण्ड । दोश्रो, व्यवहारखण्ड । तेश्रो प्रायश्चित्तखण्ड । पुस्तककमा जातीय तथा लैङ्गिक असमानताका कुराहरू पनि परेका छन् ।

योग याज्ञवल्क्य / याज्ञवल्क्य संहितामा गार्गी वाचक्नवी र याज्ञवल्क्यको संवाद छ । उनीहरूको संवाद यस प्रकारको छ ।

गार्गी : पानीले पृथ्वीलाई बाँधेको छ भने पानीलाई केले बाँधेको छ ?

याज्ञवल्क्य : हावाले

गार्गी : हावालाई केले बाँधेको छ ?

याज्ञवल्क्य : आकाशले

गार्गी : आकाशलाई केले बाँधेको छ ?

याज्ञवल्क्य : गन्धर्व (आवाज) ले

गार्गी : गन्धर्वलाई केले बाँधेको छ ?

याज्ञवल्क्य : सूर्यले

गार्गी : सूर्यलाई केले बाँधेको छ ?

याज्ञवल्क्य : चन्द्रमाले

गार्गी : चन्द्रमालाई केले बाँधेको छ ?

याज्ञवल्क्य : ताराले

गार्गी : तारालाई केले बाँधेको छ ?

याज्ञवल्क्य : देवताले बाँधेको छ

गार्गी : देवतालाई केले बाँधेको छ ?

याज्ञवल्क्य : इन्द्रले

गार्गी : इन्द्रलाई केले बाँधेको छ ?

याज्ञवल्क्य : वृजले

गार्गी : वृजलाई केले बाँधेको छ ?

याज्ञवल्क्य : हिरण्यगर्भले

गार्गी : हिरण्यगर्भलाई केले बाँधेको छ ?

याज्ञवल्क्य : अब बढी प्रश्न गर्ने हैन गार्गी । अति भयो ।

गार्गी : त्यसो भए अब अर्कै दुइवटा प्रश्न गर्छु । पहिलो प्रश्न हो – आकाशभन्दा माथि र पृथ्वीभन्दा तल कुन सूत्रले बाँधेको छ ? बीचमा केले बाँधेको छ ? केले बाँधिएला ?

याज्ञवल्क्य : अव्यक्त आकाशले

गार्गी : अव्यक्त ब्रह्म कस्तो छ ?

याज्ञवल्क्य : अविनाशी छ । ज्ञानीले अनुभूत गर्न सक्छ । सुन्छ । सुनिदैन । खान्छ । खाइँदैन । देख्छ । देखिँदैन । त्यो स्थूल पनि हैन सूक्ष्म पनि हैन । लामो पनि हैन । छोटो पनि हैन । अज्ञेय छ तर जान्दछ । हावा पनि हैन । आकाश पनि हैन । सुन्ने चाहिँ त्यही हो । सोच्ने पनि त्यही हो । जान्ने त्यही हो । त्यसैले सबैलाई बाँधेको छ । अव्यक्त ब्रह्म त्यही हो ।



१७

गार्गी वाचक्नवी

गार्गी महान विदुषी हुन् । यिनी राजा जनकको दरबारमा भएका अश्वला, अर्थभग, भुज्यु, उद्धोलक, उशस्त जस्ता विद्वान्हरूसँग शास्त्रार्थ गर्न सक्थिन् । तिनीहरूलाई हराउन सक्थिन् । त्यही तागत देखेर राजर्षि जनकले उनलाई नवरत्नको पदवी दिएका थिए । गार्गी र याज्ञवल्क्यको संवादले उनको विद्वता झल्काउँछ । संवादपछि गार्गीले भनिन् - मसँगको प्रश्नोत्तरबाट यो स्थापित हुन्छ कि तपाईं ८ जना विद्वान्लाई याज्ञवल्क्यले सहजै जित्छन् । त्यसरी याज्ञवल्क्यको क्षमता जाँच्ने हैसियत गार्गीमा थियो । गार्गीलाई सहज, सरल, एवं स्वाभाविक विद्वान मानिन्छ । उनले याज्ञवल्क्यलाई सोधेको प्रश्नले यो कुरा प्रमाणित गर्छ ।

गार्गी अध्यात्मकी ज्ञाता हुन् । परमतत्वकी ज्ञाता हुन् । ब्रह्मवादिनी हुन् । गर्ग गोत्रमा जन्मिएकी हुनाले उनको नाम गार्गी राखिएको हो । उनको कुण्डलिनी जागेको थियो । त्यही बलले नाम चलेका तत्कालीन विद्वान् मण्डन मिश्रलाई पनि उनले शास्त्रार्थमा हराएकी थिइन् ।



१८

मैत्रेयी

मैत्रेयी गार्गीकी दाजुकी छोरी हुन् । उनी पनि गार्गीसँगै राजर्षि जनकको विद्वत सभामा गएकी थिइन् । उनी स्वयं पनि ज्ञान र अध्यात्मकी साधक थिइन् । दार्शनिक थिइन् । विद्वत सभामा गार्गी र याज्ञवल्क्यको संवाद सुनेर मैत्रेयीलाई याज्ञवल्क्यकी अध्यात्म ज्ञाता पत्नी बन्न मन लाग्यो । उनले कात्यायनीसँग सहमती लिएर याज्ञवल्क्यसँग बिहा गरिन् । कात्यायिनी याज्ञवल्क्यकी पहिली पत्नीको नाम हो । महाभारत, गृहसूत्र, वृहदारण्यकोपनिषद् आदिमा मैत्रेयीको विद्वताको चर्चा छ। उनी ब्रह्मवादिनी हुन्। अद्वैत वेदान्ती हुन्। जीव र जगत्को सम्वन्ध जानेकी विद्वान् हुन् । मैत्रेयी र याज्ञवल्क्यको संवाद सुरेश्वर भर्तृकामा पढन पाइन्छ। यिनी पनि मिथिलाकी हुन्। उनका बाबु राजा जनकको सरकारका मन्त्री थिए ।

मैत्रेयी र याज्ञवल्क्यको संवादका विषयहरूमा आत्मा, ब्रह्म, अद्वैत, प्रेम सम्वन्धी चर्चा भएको देखिन्छ। वेदको मध्यान्दिनी शाखाको कण्व वैदिक शास्त्रमा यस्ता दर्शनहरू पाइन्छन्। याज्ञवल्क्यले मैत्रेयीलाई अंश दिन खोज्दाको संवाद वृहदारण्यकोपनिषद्मा छ जुन यस प्रकार छ :

याज्ञवल्क्य : अब म वानप्रस्थ जान्छु । कात्यायिनी र मैत्रेयीलाई आधा आधा अंश दिन्छु ।
मैत्रेयी : अंश मरणशील हो । त्यो सबै कात्यायनीलाई दिनु भए हुन्छ । म अमरत्व चाहन्छु ।
याज्ञवल्क्य : तैपनि जीवन जिउन त सम्पत्ति चाहियो नि
मैत्रेयी : जुन सम्पत्तिले अमरता दिँदैन त्यो सम्पत्ति मलाई किन चाहियो ?
याज्ञवल्क्य : ठीक हो । यहाँ बस । म तिमीलाई भन्छु । तिमी सच्चा आत्माको खोजीमा रहिछौ । ब्रह्मको खोजीमा रहिछौ । त्यही आत्मा नै मेरो पनि हो । यसका लागि तिमीले योग गर । ध्यान गर । यो संवाद पछि कात्यायनीलाई सबै सम्पत्ति दिएर याज्ञवल्क्य सन्यासी भए । मैत्रेयी सन्यासिनी भइन् ।

१९

ऋषि अष्टावक्र

आमाको गर्भमा छँदा नै अष्टावक्र विद्वान् थिए । गर्भमै आफ्ना विद्वान् मातापिताका कुरा सुन्थे । गर्भबाटै उत्तर दिन्थे । आवश्यकता अनुसार पितामाताको कुरा सच्याइदिन्थे । पिता कहोडलाई यो कुरा मन परेन । उनले गर्भमा भएका बालकलाई आठ ठाउँ बाङ्गो होओस् भनी श्राप दिए । त्यही श्रापले गर्दा अष्टावक्र अपाङ्गतासहित जन्मिए भन्ने कथा छ ।

अष्टावक्रका मातापिता छान्दोग्यपनिषद्मा उल्लेखित आरुणी स्कूलका चेला चेली थिए । त्यो स्कूल उनका मामाघर/मावली हजुर बुबाको चिन्तनमा आधारित थियो । एक दिनको कुरा हो- अष्टावक्रका पिता कहोड राजर्षि जनकको दरवारमा शास्त्रार्थ गर्न गएका थिए । त्यतिबेला अष्टावक्र सानै थिए । शास्त्रार्थमा कहोडलाई वन्दिन ऋषिले हराए । हारेकाहरूले जल समाधी (पानीमा डुवेर बस्ने समाधी) लिन बाध्य गराइन्थ्यो । कहोडलाई पनि त्यसै गरियो । फलतः उनले पिता कहोडलाई देख्न पाएनन् ।

आफ्नी माताबाट यो कुरा थाहा पाएर अष्टावक्र पिता कहोडको खोजीमा राजा जनकको दरबार पुगे । ढोकामा उनलाई चौकीदारले रोके । होचो कदका तथा शारीरिक अपाङ्गता भएका

१० वर्षे बालकको विद्वता जान्न जनकलाई उत्सुकता भयो । उनले अष्टावक्रलाई सभामा बोलाए । बालक उमेर र अपाङ्गता भएको फुच्चे केटाको शास्त्रार्थ गर्ने कुराले गर्दा सभासद्हरूले अष्टावक्रको खिल्ली उडाए । दिल्लगी गरे । त्यही दिल्लगीलाई लिएर विद्वान् अष्टावक्रले सभासद्हरूप्रति व्यङ्ग्य गरे । उनले भने– "महाराजको सभामा विद्वान रहेनछन् । यी त छालाका पारखीहरू हुन् ।" अष्टावक्रको यो भनाइ सुनेर सभासद्हरूले घोसेमुण्टो लगाए । अनि जनकले भने– शास्त्रार्थ गर्न तयार होऊ बालक ।

शास्त्रार्थमा बालक अष्टावक्रले सबैलाई हराइदिए । वन्दिन पनि हारे । हार स्वीकारेका वन्दिनले जल समाधीमा जाने विचार गरे । त्यतिबेलै अष्टावक्रले भने- वन्दिन तिमीले मेरा पिताजीलाई जल समाधीमा लगेर माऱ्यौ । अब यो नियम बदलौं । म तिमीलाई जल समाधीमा जान दिन्न । यो कुरा सुनेपछि वन्दिन लज्जित भए । उनले भने अष्टावक्र "तिम्रा पिताजी वरुण पुत्र हुन् । उनी जलमा मर्दैनन् । जीवित छन्" । यसरी अष्टावक्रले पिताजीलाई जल समाधीबाट मुक्त गरे । शास्त्रार्थमा हार्नेलाई जल समाधी गराउने चलन पनि बन्द गरे । अनि पिता र पुत्र घर फर्के ।

घर आउँदा बाटोमा कहोडले छोरालाई नदीको सङ्गममा नुहाउन लगाए । त्यसपछि अष्टावक्रको अपाङ्गता सदाको निम्ति अन्त्य भयो । यो सबै कुरा बुझेका राजा जनकले अष्टावक्रलाई गुरु माने । उनीसँग दीक्षा लिए । त्यही दीक्षा नै अष्टावक्र गीताको नामले प्रख्यात छ । त्यसैलाई अष्टावक्र संहिता पनि भनिन्छ । संहिता भनेको सङ्कलन हो । सो पुस्तकमा राजा जनकको प्रश्न र बालक अष्टावक्रको ब्रह्म, आत्मा तथा परमात्माको बारेमा संवाद छ । देहबाट विदेह बन्ने भए आत्मा चिन । परमात्मा चिन । आफैंलाई चिन भन्ने सन्देश छ । उनको सन्देश अद्वैतवादी छ । अद्वैत भनेको एक हो । त्यही एकबाट दुई बन्छ । मिथिला क्षेत्रका यी महान् विद्वान् इपू आठौं शताब्दीका मानिन्छन् ।

अध्यात्म रामायण, महाभारत, पुराण आदिमा अष्टावक्रको विद्वताको चर्चा छ । ब्रह्म वा परमात्मा अंशी हो । आत्मा अंश हो भन्ने

उनको चिन्तन छ। यति धेरै ज्ञान भएका अष्टावक्र अष्ट चिरञ्जीवीमध्ये एक मान्नेहरू पनि छन्। चिरञ्जीवी हुनु भनेको अमर हुनु हो। वैदिक सनातन धर्ममा चिरञ्जीवी मानिएका ८ जना व्यक्ति हुन –

अश्वत्थामा बलिर्व्यासो हनूमांश्च विभीषणः।
कृपः परशुरामश्च सप्तैतै चिरजीविनः॥
सप्तैतान् संस्मरेन्नित्यं मार्कण्डेयमथाष्टमम्।
जीवेद्वर्षशतं सोपि सर्वव्याधिविवर्जित॥

अर्थात् तलका व्यक्तिहरू अष्टचिरञ्जीवी हुन्। यिनमा अष्टावक्रको नाम भने परेको छैन।

- असुर राजा महावली
- अश्वत्थामा
- मार्कण्डेय
- व्यास
- हनुमान
- विभीषण
- कृपाचार्य
- परशुराम



२०

वेदव्यास

महाभारतका लेखक हुन् वेदव्यास । वेदलाई चार खण्डमा बाँडी ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद बनाएका हुनाले उनलाई वेदव्यास भनेको हो । उनका चार चेलाहरूले यो कामको जिम्मा लिएका थिए । पाइला नामक चेलाले ऋग्वेदको जिम्मा लिए । जैमिनीले सामवेदको जिम्मा लिए । वैशम्पायनले यजुर्वेदको जिम्मा लिए । सुमन्तले अथर्ववेदको जिम्मा लिए । वेदव्यासको असली नाम कृष्णद्वैपायन हो । काला हुनाले कृष्ण र द्वीपमा हुर्केका हुनाले द्वैपायन भनिएको हो । उनी ऋषि पराशर तथा मत्स्यगन्धा वा सत्यवतीका छोरा हुन् । यिनी अष्टचिरञ्जीवीमध्येका एक हुन् ।

ऋग्वेद मूल हो । यसमा ज्ञान, कर्म, साधना, गीत सङ्गीत, तन्त्र, मन्त्र, औषधि आदिको जानकारी छ । यजुर्वेदमा कर्मकाण्डको ज्ञान धेरै छ । सामवेदमा गीत र सङ्गीतको ज्ञान धेरै छ । अथर्ववेदमा तन्त्र, मन्त्र, विज्ञान, कृषि र औषधिको ज्ञान छ । सबै वेदहरूमा विज्ञान छ । ज्ञान छ । ज्ञान र विज्ञान मिलाउने कला छ ।

वेदव्यासले महाभारत लेखे । अठार पुराणको जननी त्यही हो । व्यासको संयोजकत्वमा उनका चेलाचेलीले अठार पुराण लेखेको

देखिन्छ । पुराणहरुबीच भएको फरकले यस कुराको ज्ञानकारी हुन्छ । डा.बद्री पोखरेलले अठार पुराणको सङ्क्षिप्त नेपाली अनुवाद गरेका छन् । अठार पुराणहरू यस प्रकार छन्-

१. विष्णु पुराण	२. मत्स्य पुराण
३. भविष्य पुराण	४. कुर्म पुराण
५. गरुड पुराण	६. बराह पुराण
७. अग्नि पुराण	८. वामन पुरण
९. महाभागवत पुराण	१०. स्कन्द पुराण
११. शिव पुराण	१२. ब्रहमाण्ड पुराण
१३. मार्कण्डेय पुराण	१४ लिङ्ग पुराण
१५. वायु पुराण	१६. नारद पुराण
१७. ब्रह्मवैवर्त पुराण	१८. पद्म पुराण

व्यासकै शब्दमा ती पुराणहरूको सार हो-परोपकार गरे पुण्य वा धर्म हुन्छ । अरूलाई मन, वचन, वा कर्मले दुःख दिए पाप हुन्छ । यही कुरालाई मूल संस्कृतमा यसरी लेखिएको छ :

अष्टादश पुराणेषु व्यासस्य वचनद्वयम् ।
परोपकारः पुण्याय पापाय परपीडनम् ।

पौराणिक ग्रन्थमा धेरै ठाउँमा व्यास देखिन्छन् । ती व्यासहरू एउटै होइनन भन्ने कुरा तलको सूचीबाट थाहा हुन्छ । भिन्न भिन्न व्यासहरू भिन्न ठाउँमा जन्मेका हुन् । तर ती सबैले वेदलाई पुनर्व्यवस्थापन गरेका हुन् । सहज बनाएका हुन् । यसरी हेर्दा व्यासहरू पनि बुद्ध वा जनक जस्तै एकै नामका धेरै व्यक्तिले त्यही काम गरेका हुन् भन्ने कुरा बुझ्नुपर्छ ।

वेदव्यासको लेख्ने तागतबारे भनाइ छ- भगवान् गणेशमा छिटो लेख्ने क्षमता थियो । त्यसैले पहिले पहिलेका लेखाइमा श्रीगणेशाय नमः लेख्ने चलन चलेको हो । गणेश जस्तै छिटो लेख्न सकौं भनेर त्यसो गरिएको हो । वेदव्यासमा चाहिँ छिटो सोच्ने र भन्ने तागत थियो । त्यसैले एक अर्काले शर्त राखे । त्यो शर्त हो- गणेशले कलम नरोक्ने । अर्थात लेखिरहने । व्यासले भनिरहने । गणेशले चाहिँ व्यासले भनेको कुरो बुझेर लेख्नुपर्ने । त्यही शर्तमा अठार पुराण तथा केही उपनिषद्हरू लेखिएका

हुन् । पश्चिमी दुनियाँमा इलियड र ओडेसी नामका ठूला ग्रन्थहरू छन् । ती दुवै ग्रन्थ जोड्दा पनि महाभारत ग्रन्थ ठूलो हुन्छ । यो ग्रन्थ संस्कृत भाषामा लेखिएको छ । अहिले यो पुस्तक विभिन्न भाषामा अनुवाद भएको छ । नेपालीमा पनि महाभारत पाइन्छ ।

वेदव्यासले योगभाष्यमा टीका लेखेका छन् । टीका लेख्ने भनेको त्यो किताबको विस्तृत अर्थ लेख्ने भनेको हो । यसबाहेक उनले ब्रह्मसूत्र पनि लेखेका छन् । ब्रह्म, परमात्मा, हिरण्यगर्भ, वा ब्रह्म ऊर्जा जे भने पनि एउटै कुरा हो । त्यस्तो कुराको जानकारी दिने पुस्तकलाई ब्रह्मसूत्र भनिएको हो । नेपालको तनहूँ जिल्लाको दमौलीमा व्यास गुफा छ । त्यहाँ वेदव्यासले तपस्या गरेको मानिन्छ । वेदव्यासका चेलाहरूमध्येका जैमिनीको नामबाट वाग्लुङ्ग जिल्लामा नगरपालिकाको नाम राखिएको छ । सोही नगरपालिकामा जैमिनी ऋषिले तपस्या गरेको आश्रम पर्दछ ।

व्यास भनेको उपाधी हो । द्वापर युगदेखि हालसम्ममा यो उपाधी पाउनेहरू २८ जना छन् । ती सबैले वेदको पुनर्व्यवस्थापन गरेको देखिन्छ । ती २८ जनाको नाम यस प्रकार छ ।

◆ स्वयंभुव ◆ प्रजापति अथवा मनु ◆ उषानस ◆ वृहस्पति ◆ सावित्री ◆ मृत्यु ◆ इन्द्र	◆ वशिष्ठ ◆ सारसत्व ◆ त्रिधामन ◆ त्रिभ्रिषण ◆ भारद्वाज ◆ अन्तरिक्ष ◆ वप्र
◆ त्रयरुण ◆ धनञ्जय ◆ कृतञ्जय ◆ ऋण ◆ भारद्वाज ◆ गौतम ◆ उत्तम वा हर्यात्मा	◆ वेन ◆ राजश्रव ◆ सामसुश्मापना वा त्रिणाविन्दू ◆ रक्षा (भृगुवंशी) वा वाल्मीकि ◆ शक्ति ◆ व्यास ◆ कृष्णद्वैपायन

२१

ऋषि वाल्मीकि

संस्कृतका आदिकवि हुन वाल्मीकि ऋषि । उनले संस्कृतमै रामयाण लेखे । उनको रामायणलाई वाल्मीकि रामायण भनिन्छ । इपू पाचौंदेखि सातौं शताब्दीको बीचमा यो रामायण लेखिएको मानिन्छ । त्यसमा २४ हजार श्लोक छन् । सात काण्डमा यो पुस्तक विभाजित छ । वाल्मीकि अग्नि शर्माको नाममा जन्मे । हुर्के । गरीवीको कारणले पेट भर्नका लागि डाकु बने । त्यो बेला उनको नाम रत्नाकर हो । डाकुको रूपमा सप्तर्षिहरूलाई भेटे । तिनीहरूलाई पनि उनले लुटे । त्यो देखेर नारद ऋषिले उनलाई राम शब्द जपेर तपस्या गर्न सुझाए । तपस्यारत हुँदा उनको शरीर वरिपरि धमिराहरूले गुँड बनाए । धमिराको गुँडभित्रको रामको जपले उनको डाकुपना मऱ्यो । उनी सिद्ध बने । रामभक्त बने । आराध्य बने ।

धमिराले उठाएको माटाको ढिस्कालाई संस्कृतमा वाल्मीकि भनिन्छ । त्यही नामबाट फेरिएका रत्नाकरको नाम वाल्मीकि भयो । वाल्मीकि दया र करुणाका खानी थिए । एक दिन उनले यौन क्रियामा रमाएका चखेवा जोडीलाई व्याधाले मारेको देखे । त्यो दृश्यले उनलाई मर्माहत बनायो । त्यतिबेलै उनमा कविता फुऱ्यो । त्यो कविता यस प्रकारको थियो:

मा निषाद प्रतिष्ठां त्वमगमः शाश्वतीः समाः ।
यत्क्रौञ्चमिथुनादेकमवधीः काममोहितम् ॥'

त्यो कविताले उनमा कवि क्षमता देखायो । त्यही क्षमता उपयोग गरेर उनले रामायण लेखे । त्यस्ता महान् लेखक वाल्मीकिका अनेकन मन्दिरहरू छन् । वाल्मिीकि मत पनि छ । भक्ति लेखनमा उनी प्रशिद्ध छन् । नेपालका आदिकवि भानुभक्तले उनकै रामायणलाई नेपाली भाषामा भावानुवाद गरेका हुन् । रामायणका अनेकन संस्करण छन् । आध्यात्म रामायण । वाशिष्ठ रामायण । आनन्द रामायण । अद्भूत रामायण । तुलसीकृत रामायण । नेपालका थारूहरूको पनि महाभारतलाई वड्कीमार भनिन्छ । भागवत पुराणलाई चाहिं सख्यानाँच भनिन्छ । रामायण छ । त्यसलाई राम विहेग्रा भनिन्छ ।

२२

सन्त कवीरदास

सन्त कवीर दास पन्ध्रौँ शताब्दीका व्यक्ति हुन् । उनी सुफी हुन् । बनारसका मुस्लिम परिवारमा हुर्केका उनी गुरु रामानन्दका चेला पनि हुन् । उनले वेद तथा कुरान दुवैमा समालोचनात्मक चिन्तन दिएका छन् । उनी भक्तिगीतका लेखक तथा गायक हुन् । उनको उपदेश हो- अहं अर्थात् घमण्ड छोड । सत्य बुझ्ने उपाय त्यही हो । यस कारण उनले धर्मको देखौवापनको हर्दम विरोध गरे ।

उनको जीवनीबारे विभिन्न मत छन् । कसैले भन्छन् -उनी कुमारी बाहुन आमाबाट जन्मे । लोक लज्जाले गर्दा उनकी आमाले उनलाई नदी किनारामा छोडिदिइन् । बालक कवीरलाई मुस्लिम जुलाहा वा धुनी आमाबाबुले पाले । कसैले भन्छन्- उनी जन्मले मुस्लिम हुन् । कर्मले हिन्दू बने । नाथ सम्प्रदाय अपनाए । कसैले भन्छन् -उनी अविवाहित थिए । कोही भन्छन् उनी विवाहित थिए । धनियाँ उनकी पत्नी हुन् । कमल छोरो हो । कमला छोरी हुन् ।

जन्म जस्तै कवीरको मृत्यु पनि विवादास्पद छ । उनी मरेपछि हिन्दू र मुस्लिमले आआफ्ना तरीकाले मृत्यु संस्कार गर्ने कुरा गरे । त्यहीँ विवाद भयो । झडप भयो । झडप हुँदै गर्दा कवीरको लाश पनि

अलप भयो । लाशको ठाउँमा गुलावको फूल देखियो ।

कवीरले अनेकन भक्तिगीत लेखे । गाए । उनका गीत शिख धर्मावलम्बीको धर्मग्रन्थ गुरु ग्रन्थ साहिबमा पनि सङ्ग्रहित छ। बजारमा कवीर ग्रन्थावली पनि पाइन्छ । तिनमा कवीरका अनेकन दोहाहरू प्रचलित छन् । ती दोहाहरूको नमूना यस प्रकार छ ।

जिन खोजा तिन पाइया, गहरे पानी पैठ,
मैं बपुरा बूडन डरा, रहा किनारे बैठ ।
बुरा जो देखन मैं चला, बुरा न मिलिया कोय,
जो दिल खोजा आपना, मुझसे बुरा न कोय ।
पोथी पढी पढी जग मुआ, पण्डित भया न कोय,
ढाई आखर प्रेम का, पढ़े सो पण्डित होय ।
माला फेरत जुग भया, फिरा न मन का फेर,
कर का मनका डार दे, मन का मनका फेर ।
अति का भला न बोलना, अति की भली न चूप,
अति का भला न बरसना, अति की भली न धूप ।
हिन्दू कहें मोहि राम पियारा, तुर्क कहें रहमाना,
आपस में दोउ लड़ी-लड़ी मुए, मरम न कोउ जाना ।
तन को जोगी सब करें, मन को बिरला कोई ।
सब सिद्धि सहजे पाइए, जे मन जोगी होइ ।
गुरु पारसको अन्तरो जानत है सब सन्त
वह लोहा कन्चन करे ये करि लये महन्त

सन्त कवीरले हिंसाको सधैं विरोध गरे । पर्दाभित्र बसेका महिलाहरूलाई पर्दा बाहिर आउन आह्वान गरे । कवीरको यही सोच बोकेका कवीरपन्थीहरू पनि नेपालमा भेटिन्छन् । कवीरका मठ र गुठीहरू पनि छन् । तराई मधेसमा यस्ता मठ तथा गुठीहरू भेटिन्छन् । कवीरदासका दोहा जनजनमा कण्ठस्थ छन् ।

२३

भृकुटी

तिब्वतमा बुद्ध धर्म फैलाउने महिला हुन् भृकुटी । उनले नेवारी कलालाई तिब्वतमा प्रवेश गराइन्। नेपालका नेवारहरूलाई तिब्वतमा लगेर उनले यो काम सम्पन्न गरेकी हुन्। त्यहाँ उनले बुद्ध मूर्ति बनाइन्। पोताला दरबार बनाइन् । स्हुलगखाङ्ग बनाइन् । तिब्बती भाषामा त्यसको अर्थ हो -ज्ञानको घर । त्यही घरलाई अहिले जोस्हाङ्ग भनिन्छ । जोस्हाङ्ग भनेको भगवान्को घर हो । भृकुटीले बोधीसत्वका अनेकन मन्दिरहरू बनाइन् । भनिन्छ -त्यो मन्दिरको फेद तिब्वतमा छ। टुप्पो बेइजिङमा छ ।

भृकुटीलाई हरित तारा पनि भनिन्छ। बेसा उनको अर्को नाम हो । यसबाहेक उनका अनेकन नाम छन् । ती नामहरू हुन् :

१. पहेलो ताराको रूपमा भृकुटी
२. अमिताव साधनाको रूपमा भृकुटी
३. ज्वालामालिनीको रूपमा भृकुटी
४. यक्षको रूपमा भृकुटी
५. हयग्रीवको रूपमा भृकुटी
६. वीरङ्गनाको रूपमा भृकुटी
७. अमरसिंहको रूपमा भृकुटी

भृकुटी नेपालका राजा अंशुवर्माकी छोरी हुन् । उनको विवाह तिब्बतका तत्कालीन राजा स्रोङ्चनगोम्पोसँग भएको थियो । स्रोङ्चनगोम्पोले पछि चीनकी राजकुमारी वेनचेङ्गसँग पनि विहा गरे । वेनचेङ्गलाई श्वेततारा पनि भनिन्छ । यी दुवै रानीहरू मिलेर नेपाल, तिब्वत र चीनबीच राम्रो सम्बन्ध बनाए । चीन तथा तिब्वतमा बुद्ध धर्म फैलाए । यसले गर्दा स्रोङ्चनगोम्पोका दुबै रानीहरू ऐतिहासिक तथा धार्मिक व्यक्तिको रूपमा प्रशिद्ध छन् ।

भृकुटी शब्द तिब्वती भाषाको बृ-बत्तुमवाट बनेको मानिन्छ । उनको नेपाली नाम के थियो भन्ने बारे खासै जानकारी पाइन्न ।

२४

गुरू नानक

शिख धर्मका संस्थापक हुन् गुरु नानक । यो धर्मले आध्यात्मिक, सामाजिक, राजनीतिक कुरालाई एकसाथ हिंडाएको छ । प्रार्थनाबाट अध्यात्म चिनाएको छ। मानवीय दिमागलाई इमान्दार बनाएर सामाजिक व्यक्ति बनाएको छ । समानता, भ्रातृत्व, प्रेम, र मानव कल्याणबाट राजनीति सिकाएको छ ।

यो धर्मको विश्वास हो आसा दि वर तथा सिद्धघोष्त । आसा दि वर भनेको गुरु नानकका २४ श्लोक हुन् । सिद्धघोष्त भनेको सिद्धहरूसँगको सङ्गत हो । गुरु ग्रन्थ साहिबा गुरुहरूका शिक्षा तथा दीक्षाको सङ्ग्रह हो । यसैलाई शिख धर्मावलम्वीको धर्मग्रन्थ मानिन्छ । त्यसैमा आसा दि वर तथा सिद्धघोष्तका सन्देशहरू छन् ।

ईश्वरको बोली सुन्ने तथा मानवीय दिमाग बदल्ने यो धर्मका लक्ष्यहरू हुन् । त्यसैले यो धर्ममा प्रार्थना तथा भक्ति गरे पुग्छ । यसका लागि तीन तरिका अपनाउनुपर्छ । ती हुन् :

- वन्द शहाको (सँगै खाने, एकले अर्कोलाई सघाउने, तथा विचार एवं अनुभवको आदान प्रदान गर्ने)
- किरात करो (इमान्दारीसाथ काम गर्ने)

- नाम जपो (ध्यान गर्ने)

शिखहरूमा १० गुरु मान्ने चलन छ । तीमध्ये गुरु गोविन्द मान्नेहरू पनि छन् । उनीहरूका ५ वटा परम्परा छन् । ती हुन् :

- केश नकाटने
- कङ्गा अर्थात काठको काँगियो बोक्ने
- कर अर्थात भगवान्सँगको बलियो विश्वास देखाउने सङ्केतको फलामको चुरा लगाउने
- कृपाण अर्थात दया र आशीर्वाद सहितको तरवार लिने
- कचेरा अर्थात शिख पहिचानको सुरुवाल लगाउने

खालसाको चिन्तन चाहिँ गुरु गोविन्दले दिए । खालसा भनेको सङ्गठित क्लब हो । दान सङ्ग्रह गर्ने संस्था हो ।

गुरु नानकदेखि हालसम्मका गुरुहरूले दिएका ज्ञानहरू ग्रन्थ साहिवमा उल्लेख छन् । ती ज्ञानहरू यस प्रकारका छन् ।

- मानव जाति एक हो । ठूलो सानो कोही छैन ।
- ईश्वर सूर्यजस्ता हुन् । सबैलाई ताप दिन्छन् ।
- सामाजिक सदभाव र सबैको समान आयमा जोड दिनुपर्छ
- महिलालाई सम्मान गर्नुपर्छ
- ईश्वर एउटै छन् । दयावान् छन् । पूजनीय छन् । मुक्तिदाता पनि तिनै हुन् ।
- ईश्वरको मर्जीले हामी जन्मने र मर्ने गर्छौं ।

२५

महावीर

जैन धर्मका २४ गुरुहरू छन् । तिनलाई तीर्थाङ्कर भनिन्छ । महावीर वर्धमान २४औं तीर्थाङ्कर हुन् । बुद्धका समकालीन महावीरले ५ वटा कुरा सिकाए । यसो गर्नाले मोक्ष हुन्छ भन्ने चिन्तन दिए । ती हुन् :

- अहिंसा (यसका लागि जैनहरू मुखमा पट्टीसमेत लगाउँछन्)
- सत्य
- अस्तेय (चोरी नगर्नु) ।
- ब्रम्हचर्य
- अपरिग्रह (कुनै पनि चीजका लागि मरिहत्ते नगर्नु वा निर्लिप्त नहुनु)

सत्य जटिल हुन्छ। यसैले सत्य बुझ्न महावीरले अनेकान्तवादको चिन्तन दिए । अनेकान्तवाद भनेको एउटै कुरालाई अनेकौं कोणबाट हेर्नु हो। त्यति गरेपछि मात्रै सत्य बुझिन्छ। त्यसबाहेक महावीरले स्यादवाद र नयवादको पनि शिक्षा दिए। स्यादवाद भनेको अभ्यस्त सत्य हो । नयवाद भनेको अभ्यस्त सत्यमा पुग्ने आधारभूमि हो ।

जैन आगममा महावीरका भनाइहरू सङ्ग्रहित छन् । यही आगमलाई स्वेताम्बर र दिगम्बरले फरक अर्थमा बुझे बुझाइएको पाइन्छ। स्वेताम्बर भनेको सेतो कपडा लगाउने जैनहरू हुन्। दिगम्बर

भनेको नाङ्गै बस्ने जैनहरू हुन् ।

जैनहरू आत्माको अमरत्व स्वीकार्छन् । कैवल्य वा मुक्ति स्वीकार्छन् । पुनर्जन्म स्वीकार्छन् । यति गर्दा पनि उनीहरूको विश्वास हो -श्रृष्टिका देवता हुन्नन् । प्रकृति स्वयं चक्रीय हुन्छ । त्यसमा द्रव्य, जीव (वदलिने आत्मा) र अजीव हुन्छ । यही तीन कुराले गर्दा स्वत: श्रृष्टि हुन्छ । यसरी चक्रमा रहने मानव जीवनलाई असल कर्मको माध्यमले मुक्त गर्न सकिन्छ । हालसम्मका अर्थात २४ तीर्थाङ्करहरूको सूची यस प्रकारको छ ।

• ऋषभ	• सुपर्षभनाथ	• विमलनाथ	• मल्लिनाथ
• अजितनाथ	• चन्द्रप्रभा	• अनन्तनाथ	• मुनिशुभ्रता
• सम्भवनाथ	• पुष्पदन्त	• धर्मनाथ	• नमिनाथ
• अभिनन्दननाथ	• शीतलनाथ	• शान्तिनाथ	• नेमिनाथजी
• सुमतिनाथ	• श्रेयांशनाथ	• कुन्थुनाथ	• पर्शभ
• पद्मप्रभा	• वसुपुज्य	• अरनाथ	• महावीर

२६

अब्राहमिक धर्म

इस्लाम, इसाइ, र यहुदी तीनवटा छुट्टाछुट्टै धर्म हुन् । अब्राहम (इब्राहिम) यी तीनवटै धर्मका साझा पुर्खा हुन् । तीनवटै धर्मको संयुक्त नाम अब्राहमिक धर्म हो । जेरुसेलम तीनवटै धर्मको साझा तीर्थस्थल हो । तीनै थरी एकेश्वरवादी हुन् । इस्लामले अल्लाह मान्छ (कुरान ११२:१) । इसाइले पिता, पुत्र, र पवित्र आत्मालाई मिलाएर एक देव भन्छ (म्याथ्यू: २८:१९) । यहुदीले जेहोवालाई मान्छ (ड्युतोरोनोमी ६:४) । इस्लामका संस्थापक पैगम्बर मोहम्मद हुन् । इसाईका संस्थापक जिसस क्राइस्ट हुन् । यहुदीका संस्थापक अब्राहम हुन् । इस्लामको कुरान, इसाईको बाइबल र यहुदीको हिब्रू तनख (तोराहा, नवी र केतुवीम सहित) धर्मग्रन्थ हुन् ।

इस्लामको विश्वासमा जिजस पैगम्बर मात्र हुन् (कुरान, ५:७) । इसाईका विश्वासमा उनी ट्रिनिटीका कुमारी आमा मेरीमार्फत जन्मेका सच्चा देवता (निसेनी क्रिड) हुन् । यहुदीको विश्वासमा उनी सामान्य यहुदी मात्र हुन् । मसिहा पनि होइनन् । दैवी शक्ति पनि होइनन् ।

इस्लामको विश्वासमा जिजस सुलीमा चढाइएका थिएनन् (कुरान, ४:१५७) । बरु अल्लाहले स्वर्ग लगेका थिए (कुरान, ४:१५८) । इसाईको विश्वासमा जिसस सुलीमा चढाइए, मारिए र गाडिए । गाडिएको

ठाउँबाट तीन दिनपछि उनी ब्युँतिए र स्वर्ग गए (निसेनी क्रिड)। यहुदीको विश्वासमा "म ईश्वर हुँ" भनेकोले नै जिससलाई सुलीमा चढाइएको हो।

मुस्लिमहरूले पैगम्बर मोहम्मदलाई देवदूत गाब्रियलले अल्लाहले दिएको कुरान हस्तान्तरण गरेको हुनाले अल्लाह र गाब्रियलको खातिरदारी गर्छन्। इसाइले ट्रिनिटीले मेरीमार्फत जिजस पठाइदिएकोमा खातिरदारी गर्छन्। यहुदीले भने दैवी शक्तिको मात्र खातिरदारी गर्छन्।

इस्लामको विश्वासमा मान्छे पापी भएर जन्मदैन। बरु आफ्नो कामले पापी बन्न सक्छ। कयामतका दिनमा अल्लाहले त्यसको छिनोफानो गर्छन्। मृतकलाई न्याय दिने अल्लाहको दिनलाई कयामत भन्दछन्। इसाईको निम्ति आदमले ईश्वरको आज्ञा उल्लङ्घन गरेको पापले गर्दा हामी पापी भएरै जन्मन्छौं। जिजस त्यही पाप मोचनका निम्ति सुली चढेका हुन् (रोमन्स ५: १२-१७)। यहुदीको निम्ति हामी पापी भएर जन्मदैनौं। बरु योम किपुरको दिनमा पापको छिनोफानो हुन्छ।

इस्लामको विश्वासमा मोक्षका लागि असल र ठीक काम गर्नुपर्छ (कुरान, २३:१०१-१०३)। इसाईको विश्वासमा जिससको दया र विश्वासमा मोक्ष मिल्छ (इफेसियन्स, २:८ र ९)। यहुदीको विश्वासमा असल काम, प्रार्थना र ईश्वरको दयाले मोक्ष मिल्छ। इस्लामको विश्वास अनुसार पाप गरेमा जहन्नू (नरक)मा जानुपर्छ। इसाइको विश्वासमा नरक जानैपर्छ (म्याथ्यु, २५:४६)। यहुदीको विश्वासमा केही समय नर्कमा बस्नुपर्छ।

इस्लाममा सीया र सुन्नी छन्। इसाइमा अर्थोडक्स, प्रोटेष्टेण्ट, र रोमन क्याथोलिक छन्। यहुदीमा हासिदिक, कन्जरभेटिभ, र रिफर्म छन्। यस बाहेक इस्लाम, इसाई, तथा यहुदीका अनेकन शाखा प्रशाखा छन्। फरक मान्यताका कारण। फरक व्याख्याका कारण। फरक बुझाइका कारण। संसारका सबै धर्मको हालत त्यही हो।

इस्लामले पाँच कुरामा विश्वास गर्छ

(क) एउटा ईश्वर अर्थात् अल्लाहमा विश्वास,

(ख) सलत, दिनको पाँच पटक प्रार्थना गर्ने वा नमाज पढ्ने अनिवार्यता,

(ग) जकात अर्थात् आफ्नो आम्दानीको २.५% दान गर्ने संस्थागत प्रवन्ध,

(घ) रोजा अर्थात् हिजेरी संवत्को रमदान महिनामा बस्ने एक महिनाको व्रत,

(ङ) हज अर्थात् जीवनमा एक पटक गर्नुपर्ने साउदी अरेवियाको मक्कामा भएको कावाको यात्रा ।

नेपालमा १५ औं शताब्दीमा इस्लाम वा मुसलमानको आगमन भएको देखिन्छ । इसाईहरू भने सन १७१५ मा आएको देखिन्छ । यहुदी धर्मावलम्बी चाहिँ नेपालमा छैनन् । यसबाहेक नेपालमा केही वहाइ धर्मावलम्बीहरू छन् ।

२७

मदार बाबा

मदार बाबा इरानी हुन् । उनी इस्लामी सुफी हुन् । तपस्या गर्ने क्रममा उनी नेपाल आइपुगेका हुन् । उनले तपस्या गरेको ठाउँ पूर्वपश्चिम राजमार्गको बर्दघाट नजीक नवलपरासीको पहाडी जङ्गल हो । उनको नाम वलीउद्धिन ख्वाजा मोहम्मद हो । उनैलाई मदार शाह बाबा पनि भनिन्छ । अहिले मदार बाबा भनेको तिनै मदारवाबाको तपस्थल हो । चिहानस्थल पनि हो । इस्लामी संस्कारमा त्यसैलाई मजार भनिन्छ ।

मदार बाबाको मजारमा शिवरात्रीको दिनमा विशाल मेला लाग्छ । स्वदेश तथा विदेशका भक्तजनहरू सो मेलामा पुग्छन् । मेलामा विभिन्न धर्मावलम्वीहरूको उपस्थिति हुन्छ । सवैले आ-आफनो आस्था र विश्वासअनुसार मदार बाबाको मजारमा श्रद्धा भक्ति तथा पूजा आजा गर्छन् । ध्यान गर्छन् । वर माग्छन् । दुवा माग्छन् । आशीर्वाद माग्छन् । त्यहाँ अहिले भएका मदार बावा चौथा हुन् । यस अघिका तीनवटै मदार वावाको मजार त्यहीँ छ । यो ठाउँ धार्मिक सहिष्णुताको अनुपम स्थल मानिन्छ । यसले अठारौं शताब्दीमा हिन्दू र मुसलमान मिलेर धरानको चतरामा बनाएको औलिया बाबा मन्दिरको सम्झना गराउँछ । हिन्दूहरूले औलिया बाबा मन्दिर भनेको त्यही स्थललाई मुस्लिमहरूले औलिया बाबा मठ भन्दछन् । दुवैथरि एकै ठाउँमा आफनो धार्मिक आस्था व्यक्त गर्छन् ।



२८

शिवपुरी बाबा

यात्रा, संवाद, अनुभूति र अध्ययनका संयोग हुन् शिवपुरी बाबा । उनले अल्वर्ट आइस्टाइनलाई चुनौती गरे । उनको प्रश्न थियो -एक र एक जोड्दा दुई हुन्छ भन्ने छैन । भन्न सजिलोका लागि एक र एक जोड्दा दुई भनिएको हो । यो भनाइले औसत गणित मात्र देखाउँछ । तर सत्य त्यो होइन । सत्य सधैं सापेक्ष हुन्छ भन्ने पनि छैन । उनले जर्ज वनार्ड सलाई पनि चुनौती गरे । पशिचमाहरू समयका दास हौ भनिदिए । बनारस हिन्दू विश्वविद्यालयको उपकुलपति बन्न अनुरोध गर्दा पनि उनले चाहेनन् । उनले भने- मलाई नाम पनि चाहिन्न । इज्जत पनि चाहिन्न । यस्तो कुरा भन्ने व्यक्ति हुन् - स्वामी गोविन्दानन्द भारती । नेपालमा चाहिँ उनलाई शिवपुरी बाबा भनिन्छ ।

भारतको केरलामा जन्मेका शिवपुरी बाबाले १८ वर्षको उमेरमै घर छोडे । विश्वका अनेकौं देशको भ्रमण गरे । हिन्दू, बौद्ध, इस्लाम, इसाई, जैन, फारसी आदि धर्म तथा दर्शनको अध्ययन गरे । ती धर्मका तीर्थस्थलहरूको भ्रमण गरे । तिनका विज्ञहरूसँग संवाद गरे । जीवनभर उनले २५००० माइल यात्रा गरे । त्योमध्ये ८० प्रतिशत चाहिँ पैदल यात्रा गरे ।

शिवबुरी बाबाले २५ वर्ष भारतको जङ्गलमा बिताए । ५० वर्षको उमेरमा ब्रह्म चिने । ७० वर्षको उमेरमा आफनो जन्मस्थान पुगे । त्यसपछि नेपाल आए । १३५ वर्ष बाँचेर उनले सन् १९६३ को जनवरीमा काठमाडौंको पशुपतिस्थानमा देहत्याग गरे । त्यहीँ ध्रुवस्थलीमा उनको समाधी छ ।

शिवपुरी बाबाले अनेकौं उपदेश दिए। स्वदेशी तथा विदेशीहरूले उनका बारेमा पुस्तक लेखेका छन् । उनका केही सन्देशहरू यस प्रकारका छन् :

- ठीक समयमा नियमित ढङ्गले काम गर ।
- आजलाई छोड भोलिको चिन्तन गर
- योग, ध्यान र समाधी गर्ने हो भने मन र बुद्धिलाई अनुशासनमा राख्न सकिन्छ ।
- ईश्वर अन्तिम सत्य हो । त्यसको चिन्तन गर । पूजा गर ।
- कर्तव्य, नैतिकता र पूजाले जीवन सफल बनाउँछ ।
- फोकटमा कसैको केही पनि नलेऊ
- काम गर्दा ईश्वरको सम्झना गर
- अरूलाई दोस्याएर आफ्नो कर्तव्य नगर्ने व्यक्ति मानव भनिन लायक हुन्न ।

यसरी सम्यक् जीवन जिउन शिवपुरी बाबाले तीनवटा अनुशासन सिकाए । पहिलो, शरीर र बुद्धिलाई स्वस्थ्य राख । दोस्रो, दिमागलाई चिन्तामुक्त र शान्त बनाउ । तेस्रो, मन र बुद्धिभन्दा परको चिन्तन गर ।

२९

खप्तडबाबा

वैदिक ज्ञानका खानी हुन् खप्तड बाबा । औषधि विज्ञानका ज्ञाता हुन् । योग साधक हुन् । विचारक हुन् । भारतको काश्मिरमा जन्मेका यिनले काशीमा धार्मिक दर्शन पढे । तीर्थाटनको क्रममा उनी नेपाल आइपुगे । अध्ययन तथा अनुसन्धानमा रुचि भएका खप्तड बाबाले डोटी, बझाङ्ग, तथा अछामको सीमामा पर्ने यक्ष भूमि चिने । शक भूमि चिने । त्यही भूमिमा पुगेर उनले आफ्नो आश्रम बनाए । चरीचरन मात्र भएको ठाउँलाई पवित्र भूमि बनाइदिए । पर्यटक स्थल वनाइदिए । अन्तरराष्ट्रिय जगत्मा चिनिने भूमि बनाइ दिए ।

श्री १००८ ब्रह्मविद् परहंस योगी सच्चिदानन्द सरस्वती उपाधि पाएका बावा खप्तड क्षेत्रमा बसेका हुनाले खप्तड बाबा कहलिए । उनका ६ वटा पुस्तक प्रकाशित भएका छन् । किताबको शीर्षकले नै त्यसको विषयवस्तुको जानकारी दिन्छ । ती किताबहरू हुन् :

१. स्वास्थ्य विज्ञान
२. योग विज्ञान
३. नारी धर्म तथा पुरुष धर्म
४. आत्मज्ञान

५. म र मेरो कर्तव्य

६. विचार विज्ञान

सन् १९८६ मा नेपाल आएका खप्तड बाबाले आयुर्वेद, प्राकृतिक चिकित्सा तथा जडीबुटीको प्रयोगमा जोड दिए । योग र ध्यानमा लाग्न प्रेरित गरे । धार्मिक ग्रन्थ पढ्न र सत्सङ्ग गर्न सुझाए । खप्तड बाबा सन १९२७ मा जन्मिएका थिए । विसं २०५३ सालमा डोटीमा उनको देहावसान भयो । नेपालका सबै राजनीतिज्ञहरूले उनको दीक्षा तथा सल्लाह लिने गरेका थिए ।

३०

स्वर्गद्वारी बाबा

स्वर्गद्वारी बाबा वेदका प्रचारक हुन् । प्रसारक हुन् । गाईका संरक्षक हुन्। अतिथिका सेवक हुन्। गरिबप्रति संवेदनशील हुन्। उपकार मुखी हुन्। बालबालिकालाई नैतिक तथा सदाचारको पाठ सिकाउने गुरु हुन् । धर्म तथा सांस्कृतिक संरक्षक हुन् । उनले गरेका कामहरू यस प्रकारका थिए :

- वेदका ज्ञानहरूको विस्तार र प्रसार गरे
- गरिबहरूको आवास बनाए
- बालवालिकालाई संस्कृत पढ्नका लागि गुरुकुल खोली सञ्चालन गरे
- दर्शनार्थीहरूलाई निशुल्क तथा कम शुल्कमा भोजन तथा आवासको व्यवस्था गरे
- सांस्कृतिक सम्पदाको संरक्षण गरे
- गाई पालनका लागि गौशाला बनाए
- स्वर्गद्वारी मन्दिरको नियमित पूजा तथा सञ्चालनका लागि गुठी राखे
- नित्यपूजा आजाको लागि दाताहरूको ढड्डा खडा गरे

स्वर्गद्वारी प्युठान जिल्लामा पर्छ । त्यो ठाउँमा हाल स्वर्गद्वारी बाबा भनिने गुरु महाराज नारायण खत्री पुगे । त्यहाँ उनले पाँच पाण्डबको पालाको दही तथा डढेको चामल भेट्टाए । त्यस ठाउँलाई पवित्र देवभूमिको रूपमा स्थापना गरे । त्यही क्रममा उनी स्वामी हंसानन्दको नामले परिवर्तित भए । ती नारायण खत्री वा हंसानन्द वा स्वर्गद्वारी बाबा वा स्वामीजीको देहावसान पनि त्यहीँ भयो ।

३१

महागुरु फाल्गुनन्द

फाल्गुनन्द बालककालदेखि नै पूजा पाठमा रमाउँथे । युवा भएपछि उनी जोसमनी सन्त परम्परामा दीक्षित भए । सोही दीक्षा अनुसार उनले तात्कालीन दश लिम्बूवान सत्रथुमका वरिष्ठहरूलाई बोलाए । पाँचथरको लेबेकुटीमा सम्वत् १९८८ वैशाख २४ गते भएको सो भेलामा उनले सत्यहाङ मुचुल्का जारी गरे । सत्यहाङ मुचुल्कामा भएका तथा उनका अन्य सन्देशहरू यस प्रकारका थिए :

- जाँड रक्सी नखाऊ ।
- आफ्नो पुर्ख्यौली पहिचान नबिर्स ।
- माङको सेवा गर ।
- युमा थेवाको आराधना गर ।
- माङहिङ निर्माण गर ।
- छोराको बिहामा दाम लिने परम्परा बन्द गर ।
- मृतआत्मालाई अदुवा फलफूल तथा चामल चढाऊ ।
- प्रकृतिको पूजा गर ।
- आकासको पूजा गर ।
- पूजा गर्दा नैवेद्य र फूलपाती चढाऊ ।

- हत्या हिंसा बन्द गर ।
- छोरा र छोरीलाई समान शिक्षा देऊ ।
- श्रीजङ्गा लिपिमा पढ्ने पढाउने गर ।
- स्वदेशी कपडा लगाऊ ।

किराँत धर्मका गुरु फाल्गुनन्द संवत् १९४२ कार्तिक २५ गते इलामको इभाङ ५ चुक्चिनाभ्वामा जन्मिए । उनी जगनवाज र हंसमतीका सन्तान हुन् । फाल्गुनन्दको न्वारनको नाम नरध्वज लिङदेन हो । उनलाई फलामको चुरा लगाइदिने गरिएको थियो । रोग निको हुन्छ भनेर त्यसो गरिएको थियो । बलिया एवं फलामको चुरा लगाएको हुनाले उनलाई फलाम सिंह पनि भन्ने गरिन्थ्यो । २०६६ साल मंसीर १६ गते उनलाई राष्ट्रिय विभूतिको मान्यता दिइएको थियो ।

जीविकोपार्जनका लागि फाल्गुनन्द बेलायती सेनामा पनि भर्ना भए । अहिंसाका पुजारी फाल्गुनन्दको मन त्यहाँ रमेन । जागीर छोडेर उनी नेपाल फर्किए । नेपालमा उनले सत्यहाङ मुचुल्कामा उल्लेखित कामहरूमा जन समुदायलाई शिक्षित, दीक्षित तथा प्रयोग गर्ने बारे तयार बनाए ।



३२

योगी नरहरिनाथ

योगी नरहरिनाथ इतिहासकार हुन् । संस्कृतिविद् हुन् । समाज सुधारक हुन् । "हिन्दू राज्य, राजा, तथा राष्ट्रप्रेम" उनको नारा हो । उनी क्रियाशील भएका क्षेत्रहरू हुन् :

- सांस्कृतिक पुनरुत्थान
- ऐतिहासिक जागरण
- पुर्खाको सम्मान
- नेपाली पहिचान
- सामाजिक सुधार
- यज्ञ होमहोमादिको संस्थागत विकास
- पुर्खाले राखेका शीलालेख, ताम्रपत्र, भोजपत्र, ताडपत्र आदिको अध्ययन तथा प्रचारप्रसार
- संस्कृत भाषा, साहित्य, ज्ञान, विज्ञानको जगेर्ना तथा विस्तार
- राष्ट्र र राष्ट्रियता, राष्ट्रभक्तिमा जोड
- वंशावलीहरूको खोजी

गोरखनाथ सम्प्रदाय वा नाथ सम्प्रदायमा दीक्षित भएपछि उनको नाम योगी नरहरिनाथ भएको हो । उनको वाल्यकालको नाम बलवीर सिंह ऋक्सेन थापा हो । उनी सन् १९१५ मा कालिकोटमा

जन्मिएका हुन् । ललित सिंह तथा गौरी देवीका सन्तान भएर जन्मेका उनको शिक्षादीक्षा भारतमा भयो । योगीजीले ६०० वटा किताब लेखेका छन् । उनका केही किताबहरू २८ भाषामा अनुदित छन् । उनी आफैं पनि धेरै भाषाहरू बोल्थे । ती भाषाहरूमा लेख्ने पनि गर्थे । उनका मुख्य पुस्तकहरू यस प्रकारका छन् ।

- गोरखा वंशावली
- योगी वंशावली
- देवमाला वंशावली
- पशुपतिमातम्: शिवधर्मशास्त्रम्
- हाम्रो देश दर्शन
- इतिहास प्रकाशमा सन्धिपत्रसङ्ग्रह
- ऐतिहासिक यात्रा
- दिव्य उपदेश
- योगी नरहरिनाथ अभिनन्दन ग्रन्थ
- श्रीमद्पशुपतिपुराणम्
- मच्छेन्द्रपद्यसतकम्
- हिन्दूधर्म-हिन्दूसंस्कृति-हिन्दूसभ्यता विषयेषु
- गोरखा सैनिक इतिहास

नरहरिनाथ फिरन्ता योगी हुन् । आफू गएको ठाउँमा अनेकन सामाजिक, सांस्कृतिक, धार्मिक कार्य गर्ने तथा उपदेशहरू दिने भएकाले उनलाई "डुलुवा पशुपति" पनि भनिन्थ्यो । आफ्नो जीवनकालमा उनले १२९ वटा कोटीहोम लगाएका थिए ।

सन २००३ मा उनी काठमाडौंको मृगस्थलीमा सदाको लागि अस्त भए । योगीजीले गरेका केही कामहरू यस प्रकारका छन् :

- दाङको बेलझुण्डीमा संस्कृत विश्वविद्यालय स्थापना गरे
- कोटीहोम गरिएका स्थानहरूमा गुरुकुल स्थापना गरे
- जातजातीय छुवाछुत विरुद्ध आवाज उठाए
- पशुपतिमा सबै धर्मावलम्बीहरूलाई प्रवेश दिनुपर्छ भन्ने आवाज उठाए
- देशका सबैजसो मठ मन्दिरमा भएका शिलालेख तथा ताम्रपत्रहरूको सङ्कलन गरे । अध्ययन गरे ।

३३

डा. स्वामी प्रपन्नाचार्य

स्वामी प्रपन्नाचार्य पूर्वीय दर्शनका ज्ञाता हुन् । उनले वेदमा विद्यावारिधी उपाधी हासिल गरेका थिए । अनुसन्धान, लेखन तथा प्रवचन उनको जीवनको पहिचान थियो । दैनिकी थियो । उनको बारेमा जानकारी दिने तीनवटा पुस्तक छन् ।

- हिन्दू विज्ञान
- वेदमा के छ ?
- स्वामी प्रपन्नाचार्यको मरणोपरान्त छापिएको संस्मरण

"म आजीवन भिखारी, आजीवन यात्री, र आजीवन विद्यार्थी हुँ"। डा. स्वामी प्रपन्नाचार्यको यो भनाइले उनको आर्थिक एवं सामाजिक जीवन थाहा हुन्छ। जीवनशैली थाहा हुन्छ। शैक्षिक तागत थाहा हुन्छ। यस्ता स्वामी प्रपन्नाचार्यले ५० भन्दा बढी पुस्तकहरू लेखे । नेपाल, भारत, तथा म्यान्मारबाट १०० भन्दा बढी सम्मान पाए ।

पाँचथरमा सन् १९२३ मा जन्मेर सन २०१५मा काठमाडौंमा समाधिस्थ भएका स्वामी प्रपन्नाचार्यका अनेकन नामहरू थिए। गाउँमा उनलाई काले राई भनिन्थ्यो । भारतमा पढ्ने क्रममा उनको नाम गीतानन्द भयो । तदन्तर सीताराम दिलदास रह्यो । त्यसपछि स्वामी

रामकृष्ण नाम रह्यो । त्यसपछि उनी प्रपन्नाचार्य बने । अन्तमा उनी स्वामी प्रपन्नाचार्य बने । ३० वर्षको उमेरमा पढ्न शुरु गरेका स्वामी प्रपन्नाचार्यले विद्यावारिधि गर्नु भनेको आफैँमा अनुपम आदर्श हो । भारतमा रहँदा सरस्वती देवीको घरमा काम गर्दैगर्दा उनले सावाँ अक्षर चिनेका थिए । त्यस्ता व्यक्तिले संस्कतमै विद्यावारिधि गरे । त्यो पनि वेदमा । यो अर्को आदर्श हो ।

सरल स्वभाव, सिधा अभिव्यक्ति, अनन्त देशप्रेम, र पुर्खाको ज्ञानमा अपार सम्मान स्वामीजीको पहिचान थियो । त्यसमा प्राज्ञिक कुरा मिसाउने संस्कारले उनका लेखहरूको आधिकारिकता प्रमाणित गर्ने गर्थ्यो । गाउँले बोलीमा दर्शनका गहिरा कुरा सम्झाउने उनको अचम्मको तागत थियो ।

३४

बाला गुरु षडानन्द

षडानन्द समाजसेवी हुन् । साधु हुन् । शिक्षाप्रेमी हुन् । धार्मिक व्यक्ति हुन् । नैतिक शिक्षाका प्रचारक हुन् । रुमालमा बसेर अरुणनदी तर्ने योगी हुन् । समाज सुधारक हुन् । उनी सिद्ध हुन् । सिद्धि प्राप्त गरेकाले उनले श्री १०८ पदवी प्राप्त गरेका थिए । यसका लागि उनले २४ पटक गायत्री पुरश्चरण गरे । २४ लाख पटक गायत्री मन्त्र जपेपछि एक पुरश्चरण हुन्छ । उनले गरेका कामहरू यस प्रकारका छन् :

- युवा तथा बालबालकिकाको खेलकुदका लागि टुँडिखेल निर्माण
- वातावरण संरक्षणका लागि फलफूलसहितको सामुदायिक वनपालन
- किसानका उपजहरूको किनबेचका लागि हाटबजार सञ्चालन
- रामनवमी मेलाको शुरुआत
- दास तथा सतीप्रथा उन्मूलनमा सहयोग
- सबैले संस्कृत पढ्न पाउने गरी संस्कृत पाठशालाको स्थापना
- सबैलाई नैतिक शिक्षा दिने प्रबन्ध

व्रतबन्धकै दिनमा षडानन्द अधिकारीले घर छोडे । १०

वर्षसम्म गुरुकुलमा बसेर पढे । भोजपुरको दिङलाको गढी गाउँमा लक्ष्मी नारायण र रुक्मिणीबाट उनी जन्मेका थिए । बाल्यकालमै आफूले सुनेका कुरा अरूलाई सिकाउने गर्थे । त्यो तागत भएका उनलाई गाउँलेहरूले षडू भने । बाल गुरु भने । पछि तिनै षडानन्द बालागुरुको नामले प्रसिद्ध भए । उनका नाममा हुलाक टिकट पनि जारी भएको छ ।



३५

योगमाया

महिला अधिकारवादीको नाममा सात जनाको नाम लिने गरिन्छ । मालाला युसुफजाई, बेट्टी फ्रिडेन, केट शेफर्ड, इम्मेलिन प्याँकहर्स्ट, लुक्रेसिया मोट्ट, सोजुर्नेर ट्रुथ, मेरी वाल्स्टोनक्राफ्ट । दुर्भाग्य के हो भने त्यसमा योगमायाको नाम छैन । योगमायाले गरेका कामहरू यस प्रकारका थिए :

- धार्मिक र सास्कृतिक विद्रोह । यसका लागि उनी आफैं नमुना बनिन् । पुनर्विवाहकी नमुना । विधुवा विवाहकी नमुना ।
- महिला अधिकारको निम्ति सन् १९१८ मा नारी समिति गठन गरिन् ।
- सती प्रथाको विरोध गरिन् ।
- धर्म राज्यको वकालत गरिन् ।
- जातजातीय छुवाछुतविरुद्धको व्यावहारिक नमुना बनिन् । उनका शिष्यमा दलितहरू पनि थिए । उनकी सहकर्मी पनि दलित नै थिइन् । तिनै दलित महिलाले दिएको नामले नै योगमायालाई “शक्ति हजुर” भनी बोलाइन्थ्यो ।
- साहू, सत्ताको ताबेदारी गर्ने जागिरदार, तथा शासकका विरुद्ध आन्दोलन गरिन् ।

- महिला, बालहिंसा, तथा यौन हिंसाको विरोध गरिन् ।
- तत्कालीन सरकारले उनको कुरा नसुनेपछि आफना शिष्यहरू सहित नदीमा डुबेर जीवन लीला समाप्त गरिन् ।

योगमाया तपस्वी हुन् । उनले लुगा लगाएर तथा नाङ्गै बसेर गुफाभित्र तपस्या तथा योग साधना गरिन् । उनका समाज सुधारक काम देखेर तात्कालीन राणा सरकारले उनलाई जेल हाल्यो । जेलबाट बाहिर आउँदा पनि उनले आफ्नो अभियान छोडिनन् । जोसमनी सन्त परम्परामा दीक्षित योगमायाले आफ्नी छोरी तथा अरूहरू गरी ६७ जना शिष्यहरू लिई अरुण नदीमा डुबेर राणा सरकारले गरेको दमनका विरोधमा प्राणको अहुती दिइन् । तर ती कोको थिए ? भन्ने कुराको खोजी हुनै बाँकी छ ।

सन् १८६७ मा भोजपुरको मझुवाबेसी नेपाले डाँडामा नेउपाने परिवारमा जन्मिएकी योगमायाले सन् १९४१ मा जलसमाधी लिएकी थिइन् । त्यतिबेला अहिले अधिकारकर्मीहरूले जप्ने नामका महिलाहरू अस्तित्वमै थिएनन्। अहिले सम्म पनि नेपाली महिला अधिकारकर्मीहरूले उनलाई अन्तरराष्ट्रियकरण गर्न सकेका छैनन् । सरकारले पनि यो कुरालाई अघि बढाउन सकेको छैन । उनको नाममा योगमाया आयुर्वेद विश्वविद्यालय बन्ने बनाइने प्रक्रिया चाहिं चलेको छ ।



३६

सन्त ज्ञानदिलदास

सन्त ज्ञानदिल दास वेद तथा पुराणका ज्ञाता थिए । कवि थिए । झ्याउरे छन्दमा निर्गुणवादी भजन लेख्थे । समाज सुधारक थिए । शिक्षा प्रेमी थिए । जोसमनी सन्त परम्परामा दीक्षित ज्ञानदिल दासले निम्न कार्यहरू गरेका थिए :

- जातजातीय छुवाछूतविरोधी अभियान
- लैङ्गिक समता र समानताको निम्ति अभियान
- धार्मिक विभेदको अन्त्य
- शिक्षाको प्रचार प्रसार
- जङ्गबहादुर राणाले ल्याएको मुलुकी ऐनको विरोध
- सामाजिक समानताको वकालत

जन्मले श्रीकृष्ण लामिछाने नाम भएका व्यक्ति कर्मले सन्त ज्ञानदिल दास भएका थिए । इलामको फिक्कल नजिक ई.सं. १८२१ मा यिनी जन्मिएका थिए । ई.सं. १८८३ मा सिक्किममा यिनको देहावसान भयो । यिनले सन् १८७७ मा निर्गुण ब्रह्मको चिन्तन गरी झ्याउरे छन्दमा उदय लहरी भन्ने भक्तिगीत लेखे । सन्त ज्ञान दिल दासको नाममा हुलाक टिकट पनि छापिएको छ ।



३७

स्वामी डा. रामानन्द गिरी

संस्कृत तथा पूर्वीय दर्शनका ज्ञाता हुन् स्वामी डा.रामानन्द गिरी। महेश सन्यास आश्रम तथा महेश संस्कृत गुरुकुलम्का संस्थापक हुन् उनी। महेशानन्दका चेला हुन् उनी। त्रिभुवन विश्वविद्यालयका साङ्ख्य वेदान्तका स्नातकोत्तर हुन् उनी। त्यहींबाट उनले राजर्षि जनकको विदेह सिद्धान्तमा विद्यावारिधि गरेका हुन्। स्वामी डा.रामानन्द गिरीका २० वटा पुस्तकहरु प्रकाशित छन्। ती मध्ये केही किताबहरु यस प्रकार छन् :

- रामगीता
- देवीगीता
- दुर्गासप्तसती
- श्रीमद्भभागवतगीता
- श्रीशिवमहिमास्तोत्रम्
- इशादि दश उपनिषद्
- अध्यात्म रामायण

यसबाहेक उनले देवघाट, कास्की, झापा, बनेपा तथा देशका अन्य भागमा गुरुकुल स्थापना गरेका छन्। देवघाटको गुरुकुल भव्य र व्यवस्थित छ।

२००३ सालमा धादिङ्गमा जन्मेका उनले शान्ति शिक्षाको वकालत गरे। वैदिक शिक्षाको प्रचारप्रसार गरे। अद्वैत वेदान्तमा अनेकन प्रवचनहरु दिए। ब्रह्म नै सत्य हो भन्ने चिन्तन हो अद्वैत वेदान्त। त्यही ब्रह्मको प्रकट रुप हो जीवात्म। पुरुष र प्रकृतिको विवादमा अद्वैत वेदान्तले आफनो टुङ्गो दिन्छ। यसले भन्छ प्रकृति माया हो। पुरुष अविनाशी हो। त्यही अविनाशीबाट नाशवान प्रकृति जन्मन्छ। त्यसैमा बिलाउँछ। ब्रह्मसूत्र, भागवत गीता र षड्दर्शन यही चिन्तनमा घुमेका छन्। आदि शंकराचार्यको चिन्तन यही हो। विज्ञानको शब्दावलीमा डा. रामानन्द स्वामीले उर्जा प्रथम अनि पदार्थ दोश्रो भन्ने चिन्तन बोके। त्यही चिन्तन उपर प्रवचन दिए। यो चिन्तनले भन्छ जीवित हुँदै मानव मुक्ति सम्भव छ। यो विदेह मुक्तिको चिन्तन होइन। जीवनमुक्ति भनेको जीवित अवस्थामै मुक्ति हुने चिन्तन हो। विदेहमुक्ति भनेको मृत्युपछिको मुक्ति हो। अङ्ग्रेजी, नेपाली, संस्कृत तथा हिन्दीका विज्ञ डा. स्वामी रामानन्द गिरीका यस्ता प्रवचनहरु युट्युवमा सुन्न र हेर्न पाइन्छ। किताबमा पढ्न पाइन्छ।

७१ वर्षको उमेरमा निमोनियाबाट मृत्युवरण गरेका स्वामीजीको शवलाई देवघाटमा जलसमाधिस्थ गरिएको थियो। उनले स्थापना गरेका गुरुकुलहरुमा मूलधारको पढाइ तथा पुर्ख्यौली पढाइको सन्तुलन छ। तनहुँको देवघाटमा आफना गुरु महेशानन्दको नाममा स्थापित गुरुकुलमा आश्रम छ। गुरुकुल पनि छ। वैदिक धर्म र आर्य संस्कृतिको रक्षा, प्रचार, तथा विकास गर्ने उद्देश्यले ती आश्रम तथा गुरुकुल बनाइएका हुन्। ती संस्थाहरुको माध्यमबाट स्वामीजीले मानवता, राष्ट्रियता, विश्वबन्धुत्व संस्थाको उद्देश्य हो। सो गुरुकुलमा निम्नमाध्यमिक तहदेखि नेपाल संस्कृत विश्वविद्यालयको सहकार्यमा उत्तरमध्यमा, शास्त्री तथा आचार्यको पढाइ हुने गरेको छ। गुठी तथा दान दातव्यबाट चलेको सो आश्रम तथा आवासीय गुरुकुलमा पूर्वीय तथा पश्चिमी शिक्षा दिइन्छ। हाल उहाँकै चेला स्वामी रमणनन्दले त्यसको जिम्मा लिनु भएको छ।

३८

विराट राजाको दरबारको भग्नावशेष

विराट राजाको नामबाट बिराटनगर बनेको हो । उनकै राजमा महाभारत ग्रन्थमा उल्लेखित पाँच पाण्डवहरू गुप्तवासको लागि नेपाल पसेको देखिन्छ। यसका अनेकन उदाहरणहरू छन्। झापाको किचक वध। मोरङ्गको भिमसेनको डाडु । खुर्कोटको हतियार लुकाएको रुख । वृहन्नला भएर विराट राजाकी छोरीलाई अर्जुनले नाँच सिकाएको कथा । झापामा अर्जुन बसेको अर्जुनचौतारी । यसरी हेर्दा पाँच पाण्डवको विवेक, बुद्धि, दुःख, गुप्तवास बस्ने तरिका सबै कुराको जानकारी यहीँ हुन्छ। पाण्डवहरू लुकेको ठाउँको नाम हो वेदेयारी । जोगवनीमा अर्जुनले दिव्यास्त्रको साधना गरेका थिए । किचक विराट राजाका सेना प्रमुख र नाताले भाइ थिए । उनको दाँत पनि भेटिएको छ । विराट राजाको क्षेत्रमा पाइएका ३१०० वर्ष पुराना सामग्रीहरू निम्न प्रकारका छन् ।



खण्ड ४

राजनीतिक ज्ञानहरू

१

श्री ५ पृथ्वीनारायण शाह

बाइसे तथा चौबीसे राजा रजौटाहरूलाई जितेर अहिलेको नेपाल बनाउने व्यक्ति हुन् बडा महाराजाधिराज श्री ५ पृथ्वीनारायण शाह । राजाहरूका पनि राजा भएकाले उनलाई बडामहाराज भनिएको हो । आफैँ ढाल, तरबार र बन्दुक बोकेर लडाइँ लड्ने राजा हुन् पृथ्वी नारायण शाह । उनका भाइभारदार र सामान्य जनताहरू पनि उनको अभियानमा संलग्न थिए । उनले जितेका बाइसे तथा चौबीसे राज्यहरू यस प्रकारका थिए :

वाइसे राज्यहरू	चौबीसे राज्यहरू
जुम्ला, डोटी, जाजरकोट, बाजुरा, गजुर, बिस्कोट, माल्नेटा, थलहरा, दुल्लु, दैलेख, दाङ्ग, सल्यान, चिल्ली, फलाबाघ, जेहरी, दरमार, मुसीकोट, आठबीस गोतम, मजल, रुकुम, दुरायल, दमार ।	अर्घा, बझाङ्ग, भीरकोट, बुटवल, ढोर, धुर्कोट, गल्कोट, घिरिङ्ग, गरहूँ, गोरखा, गुल्मी, इस्मा, काश्की, काञ्ची, लमजुङ्ग, मुसीकोट, नुवाकोट, पैंयुँ, पाल्पा, प्युठान, पर्वत, रिसिङ्ग, सतहूँ, तनहूँ

काठमाडौँ उपत्यकाका पाटन, भक्तपुर, र काठमाडौँलाई पनि उनले जिते । मकवानपुर जिते । अनि उनी तराई मधेसको विजयका लागि निस्के । त्यस क्रममा उनले विजयपुर जिते । त्यस बेलाको पूर्वी मधेस विजयपुर, चैनपुर र मोरङ्गमा बाँडिएको थियो । त्यसपछि उनले सिरहा, सप्तरी पनि जिते । रौतहट र पर्सा जिते । तराई मधेसका यी जिल्लाहरू उनले तत्कालीन भारतमा शासन गरिरहेको इष्टइन्डिया कम्पनीलाई जितेर लिएका थिए । त्यसपछि उनी बाँके बर्दियातिर लागे । अर्थात् नयाँ मुलुक भनिने बाँके, बर्दिया, कैलाली र कञ्चनपुरको क्षेत्रतिर ध्यान दिए । इष्टयण्डिया कम्पनीले नेपालको ऋण तिर्न नसकेकाले गर्दा श्री ३ जङ्गबहादुर राणाले यी क्षेत्रहरूलाई नेपालमा मिलाएका थिए ।

पृथ्वीनारायण शाह पछिका बहादुर शाहले पनि राज्य विस्तारको काम जारी राखे । यसक्रममा नेपालीहरू पूर्वमा तिष्टा तथा सतलज नदीसम्म पुगेका थिए । पश्चिममा काँगडासम्म नेपालको सीमा पुऱ्याएका थिए । तर सन् १८१० को सुगौली सन्धी तथा सन् १९५० को नेपाल भारत सन्धीअनुसार हालको नेपालको सीमा बनेको हो । यसक्रममा नेपालको केही भूभाग भारतमा र भारतको केही भूभाग नेपालमा पारी मिलाइएको थियो । यसरी राज्य विस्तार गरी सिङ्गो नेपाल बनाउने पृथ्वीनाराण्ण शाह राष्ट्रनिर्माता हुन् । एकीकरणका नायक हुन् । त्यसैले उनलाई नेपालको विष्मार्क पनि भनिन्छ । विष्मार्कले चाहिँ जर्मनीको एकीकरण गरेका थिए ।

दरबारमा गुरु राखेर ज्योतिषी तथा युद्धकला सिकेका पृथ्वीनारायण शाहले जीवनभर लडाइँ गरे । त्यति हुँदाहुँदै पनि उनले निम्नलिखित कामहरू गरेका थिए ।

- दिव्योपदेश लेखेर आफना अनुभव तथा चिन्तन जनता सामु राखे
- ठूला छिमेकीसँग मिलेर बस्नका लागि सन्तुलित परराष्ट्र नीति सुझाए र अपनाए पनि
- विदेशी कपडा नलगाउने र स्वदेशमै कपडा उत्पादन बढाउने प्रवन्ध मिलाए
- भञ्याङ्ग तथा नाकामा ढोका बनाई देशको सुरक्षागर्ने नीति अपनाए

• प्रजा मोटा भया दरवार बलियो हुन्छ भन्ने सन्देश दिएर सबै शासकहरूलाई प्रजा वा जनतालाई आर्थिक रूपले सम्पन्न बनाउने सन्देश दिए

पृथ्वी नारायण शाहका बारेमा स्वदेशी तथा विदेशीहरूले अनेकन पुस्तकहरू लेखेका छन् । ५२ वर्षको उमेरमा संवत् १७७५ मा पृथ्वीनारायण शाहको मृत्यु भयो । उनीपछि नेपालमा उनकै वंशका निम्नलिखित राजाहरूले राज गरेका थिए ।



२

बिसे नगर्ची

बिसे नगर्ची, मणिराम गाइने र बाङ्गे सार्की नेपाल एकीकरण अभियानका तीन खम्बा हुन् । गोरखाकै रैथाने यी तीन दलितहरूले श्री ५ पृथ्वीनाराणण शाहलाई हर तरहले सघाए । बिसे नगर्चीले आर्थिक सल्लाहकार भएर । मणिराम गाइनेले सञ्चार प्रमुख भएर । बाङ्गे सार्कीले अपूर्ति प्रमुख भएर । तीनैजना अत्यन्त व्यावहारिक व्यक्ति थिए ।

लडाइँमा रकम कसरी जम्मा गर्ने ? राजा पृथ्वी नारायण शाहको यो पीडालाई बिसे नगर्चीले रु १ दिए । त्यो साङ्केतिक सल्लाह थियो । हर कुरिया वा घरसँग रकम उठाउने । लडाइँ कसरी जित्ने ? बिसे (विश्व वा विश्वेश्वर वा विश्वास) नगर्चीले अर्को सल्लाह दिए- म पनि लडाइँमा सँगै जान्छु । यसको सङ्केत थियो- हरेक घरका युवा लडाकु बन्ने । त्यस्तै कालु पाण्डे काजी वा प्रधानमन्त्री भएपछि बिसे नगर्चीकोमा सल्लाह माग्न गए । उनले सोधेँ- काजी बनौं कि नबनौं ? बिसेको सल्लाह थियो -राजाले विश्वास गरेपछि काम गर्नुपर्छ ।

सैनिकको मनोबल बढाउन बिसे नगर्चीले गीत गाए । सङ्गीत सुनाए । यसरी बिसे नगर्चीको व्यावहारिक साथ र सल्लाह पाएका पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरिछाडे । त्यही भएर बिसेलाई

पृथ्वीनारायण शाहले "नगर्ची" उपाधी दिएका थिए । जन्मले बिसे दर्जी, दमाई अथवा परियार हुन् ।

कसरी जनस्तरमा सूचना पुऱ्याउने । लडाइँ हुँदै छ भन्ने सूचना । लडाइँ जितियो भन्ने सूचना । लडाइँ जितिन्छ भन्ने सूचना । लडाइँ जित्नैपर्छ भन्ने सूचना । मनिराम गाइनेले यसको जिम्मा लिए । उनको सहज तरिका थियो - सबाई, गाथा, तथा कर्खा गाउने । बहादुरीका सबाई, गाथा, तथा कर्खा । सम्भावनाका सबाई, गाथा, तथा कर्खा । जितेका सबाई, गाथा, तथा कर्खा । जित्दै गरेका सबाई, गाथा, तथा कर्खा । सबाई भनेको गीतिलय हो । कर्खा भनेको सारङ्गी बजाएर सन्देश दिने तरिका हो । गाथा भनेको इतिहास हो । कथा हो । घटना हो । अझै पनि गन्धर्वहरूका पुराना गीतमा बहादुरीका ती कथाहरू सुनिन्छन् । सञ्चारको सुविधा नभएको त्यो बेलामा मणिराम गाइनेको त्यो चिन्तन र गाउँगाउँ सन्देश प्रवाह गर्ने तरिकाले अत्यन्त राम्रो काम गरेको थियो । मणिराम हाल गन्धर्व भनिने जात समूहका व्यक्ति हुन् । वेदमा देवराज इन्द्रलाई गन्धर्व भनिन्छ ।

बाङ्गे सार्कीले लडाकुका लागि चाहिने जुत्ताको डिजाइन वनाए । नचिप्लने जुत्ता उनको डिजाइन थियो । सजिलो कम्मरपेटी उनको डिजाइन थियो । सजिलो खुकुरीको दाप उनैले बनाएका थिए । लडाइँको मोर्चामा लडाकुहरूको साथमै रहेर हर तरहले उनीहरूलाई सघाउने काम गर्ने बाङ्गे सार्की नै थिए ।

३

दङ्गीशरण थारू

दाङ्गका राजा हुन् दंङ्गीशरण । दाङ्ग दङ्गौरा थारूको पुर्ख्यौली थात थलो हो । पूर्वी तराई कोचिला थारूको बस्ती हो । मध्य तराईमा कथरिया थारूको बस्ती छ । पश्चिम तराईमा दङ्गौरा थारूको आवादी छ । त्यहीँ राना थारूहरू पनि छन् । थारूहरू भूत्वाको पूजा गर्छन् । भूत्वा भनेको पञ्चभौतिक तत्व हो । पृथ्वी, अप, तेज, वायु, आकास । त्यही पञ्तत्त्वका प्रतिनिधि हुन्- बेहडा बाबा । दङ्गौराहरूले त्यही विश्वास गर्छन् । त्यसैले उनीहरू बेहडा बाबाको पूजा गर्छन् । यस्तै विश्वास अन्यत्रका थारूहरूमा पनि पाइन्छ । त्यसैले उनीहरू बेहडा बाबालाई स्थान अनुसारको पूजा र मान्यता गर्छन् ।

साविकको उरर्हार गाउँविकास समितिमा दङ्गीशरणको राज्य थियो । सुकौरी त्यसको राजधानी थियो । दाङ्गको नारायणपुरको मन्थुरिया मन्दिरको पुजारीले अहिले पनि दङ्गीशरणको पूजा गर्छन् । उनको स्तोत्र गाउँछन् । माघीमा पनि दंङ्गीशरणको पूजा हुन्छ । विवाह कर्ममा पनि यी राजाको स्तुति गाइन्छ । सबै थारूले त्यसो गर्छन् कि गर्दैनन् भन्ने चाहिँ खोजको विषय हो ।

थारूहरू चारवटा ग्रन्थहरू छन् । गुरुवाचक जलमौकी,

फूलबार, वडकीमार र राम बिहेग्रा गुरुवाचक जलमौकीमा पृथ्वी उत्पत्तिको कथा छ । फूलवारमा सृष्टि विस्तारको वर्णन छ । बडकी भनेको ठूलो हो । छोटकी भनेको सानो हो । मार भनेको चाहिँ लडाइँ हो । अर्थात् महाभारतको युद्ध बडकी मार हो । रामायणको युद्ध छोटकी मार हो । थारू लोक संस्कृतिले गीतबाट यी दुबै मारका कुरा बचाएका छन् । त्यसको सङ्कलन गरेका छन् । हिमाल बुक्सले २०५५ सालमा छापेको पुस्तकले यो विषयमा प्रकाश पारेको छ ।

थारूहरूमा राज्य सञ्चालनको सांस्कृतिक ज्ञान छ । उनीहरूका भलमन्सा/बडघर/महतो निर्वाचित नेता हुन् । यसले जाति व्यवस्थापनको ज्ञान दिन्छ । मुखियाले बडघरको सहायक भई काम गर्छन् । उर्गानले बडघरको चौकीदारको काम गर्छन् । चिराकीले रातको रक्षकको काम गर्छन् । गुर्वा वा ओझाले चिकित्सकको काम गर्छन् । यसरी हेर्दा थारूहरूमा प्रशासकीय ज्ञान छ । व्यवस्थापकीय ज्ञान छ । राज्य सञ्चालनको ज्ञान छ । कस्को काम के हो भनी वर्गीकरण गर्ने तरिकाबाट हेर्दा विकेन्द्रीकरणको राम्रो अभ्यास छ । अधिकार प्रत्यायोजनको असली अभ्यास छ । खानामा, बसाइ व्यवस्थामा, स्रोतको बाँडफाँडमा पनि उनीहरूको उतिकै जानकारी छ । यो जानकारी थारू संस्कृतिको गहन अध्ययनले थाहा हुन्छ । यी सबै कुराको व्यवस्थापन गर्ने काममा दङ्गीशरणजस्ता थारू राजाहरूको योगदान छ । तर कुन राजाको कति, कसरी र कस्तो योगदान छ भन्ने जानकारी चाहिँ हालसम्म लिपिवद्ध गर्ने गराउने काम भएको छैन ।

४

रैथाने ज्ञान र सीप

मधेस, पहाड र हिमालमा नेपाली बस्छौं । जहाँ बसे पनि हामीले परम्परागत सीप देख्छौं । ज्ञान सुन्छौं । तिनको नेतृत्व गर्ने रैथाने व्यक्ति भेटछौं । तिनका आ-आफना उपाधी छन् । मधेसमा जातैपिच्छे हुने माइजन/मान्जन/माइन्जन छन् । बातरका मान्जन र

नायक छन् । यादवका माइजन छन् । थारूका बडघर/महतो/भलमन्सा छन् । पञ्चायती गर्ने संस्कार छ । मुस्लिमका मौलवी/मौलाना/मुफ्ती छन् । तामाङ्गमा चोहो, बोन्पो, ताम्बा, लामा छन् । दलित समूहमा अनेकन सीपका धनीहरू छन् । त्यस्तै शेरचन तुलाचन तथा नेवारका थकाली छन् । बाहुन क्षेत्रीका पुरोहित छन् । गुरुङ्गका ध्याब्रैं छन् । राईका विजुवा तथा लिम्बूका फेदाङ्गवा छन् । ती सबै संस्कारमा बने बनाइएका नेतृत्व हुन् । तिनको ज्ञान तिन्कै समाजले स्वीकारेको हुन्छ । उनीहरूले नै संस्कारमा भएका ज्ञानहरूलाई निरन्तरता दिन्छन् । एक अर्कासँग सिकेर । एक अर्कालाई सिकाएर तर तिनका सबैखाले ज्ञान तथा सीपहरूको सङ्गठित रूपमा सङ्कलन गरिएको छैन । ती सीप तथा ज्ञानहरूमा फाटफुटे अनुसन्धान मात्र भएको छ । अर्थात् व्यापक अनुसन्धान पनि गरिएको छैन । तिनको उद्यमीकरण तथा बजारीकरण पनि गरिएको छैन । ती ज्ञान तथा सीपहरूलाई विद्यालय, कलेज तथा विश्वविद्यालयमा पठनपाठन गर्नका लागि पाठ्यक्रम, पाठयपुस्तक, तथा पाठयसामग्री बनाइएका पनि छैनन् । त्यसका ज्ञाताहरूलाई तिनको जानकारीमा जोडेर थप पढन पाउने व्यवस्था पनि गरिएको छैन । तिनलाई स्रोतव्यक्तिको रूपमा उपयोग गर्ने संस्कार पनि बनेको छैन । तर पनि ती ज्ञान तथा सीपहरू समाजमा दिगो रूपमा रहेका छन् ।

विश्वकर्मा, मिजार र परियारहरूका सीपहरूको अनुशीलनले भन्छ- उनीहरू वैदिक तथा उपनिषदीय ज्ञानका अथक बाहक हुन् । गतिला अनुसन्धाता हुन् । विशिष्टता बोकेका विज्ञहरू हुन् । एकअर्काको पेशामा सघाउनेहरूका अनुपम नमूना हुन् । उदाहरणहरू पर्याप्त छन् । सानो उदाहरण दिउँ । विश्वकर्माले दमाहा बनाउनका लागि तामाको भाँडा बनाउने ज्ञान तथा सीप जाने । ऋग्वेदमा दुन्दुभी भनिने सो वाजा बनाउने सीप अथर्ववेदमा छ । छान्दोग्योपनिषद्मा छ । त्यही सीप तथा ज्ञानलाई विश्वकर्माहरूले आजसम्म पनि बचाएका छन् । तर त्यो भाँडोको मुखमा कुन छाला राख्नाले राम्ररी बज्छ भन्ने ज्ञान तथा सीप उनीहरूमा छैन । मिजार समुदायले यो ज्ञान तथा सीप बोकेको छ । उनीहरू चाहिँ छालाका पारखी हुन् । विज्ञ हुन् । उनीहरूको यो ज्ञान

पनि अथर्ववेदमा उपलब्ध छ । त्यसैगरी परियारहरूले बाजा बजाउन र गीत गाउन जानेका छन् । यो सीप तथा ज्ञान सामवेदमा छ । यसरी हेर्दा उनीहरूबीचको शक्ति पृथक्कीकरण, विज्ञताको एकाधिकार र अधिकार प्रत्यायोजन पनि अपूर्व खालको छ । जुम्लाका गोविन्द नेपालीको मौलिक ज्ञानको कला सिद्धान्त २०७७ ले त उनीहरूको ज्ञान तथा सीपमा अनेकन सिद्धान्तको प्रयोग भएको कुरासमेत उल्लेख गरेको छ। जल, जमीन र हावाको आधारमा दलितहरूले अनेकन सामग्रीहरू बनाउने तथा तिनको प्रयोग गर्ने कुरासमेत उनले उजागर गरेका छ। तर दुर्भाग्य के हो भने त्यस्ता ज्ञान तथा सीपहरू विद्यालय, कलेज तथा विश्वविद्यालयहरूमा पढाइने गरिएको छैन । त्यसबारे व्यवस्थित अनुसन्धानहरू पनि भएका छैनन्। ती ज्ञान तथा सीपमा पाठ्यक्रम तथा पाठ्यपुस्तकले खोजेका कुन कुन कुरा छन् ? कुन कुन कुरा छैनन् भनी लेखाजोखा पनि गरिएको छैन । यही हालत जनजाति, मधेसी, मुस्लिम, तथा महिलाका ज्ञान तथा सीपमा पनि लागू हुन्छ । व्यावसायिक तथा प्राविधिक शिक्षाको वक़ालत गर्ने जनता, सरकार, तथा बुद्धिजीवीको पनि यस सम्बन्धमा ध्यान नजानु भनेको दुःखद पक्ष हो । ती सीपहरूको उद्यमीकरण तथा बजारीकरण पनि उत्तिकै महत्त्वपूर्ण छ भन्ने कुरा पनि स्वीकार नहुनु अर्को पीडादायक स्थिति हो । स्वदेशका रैथाने सीप, ज्ञान तथा विज्ञको प्रयोग नगरी आयातीत सोचका सीपको मात्र वकालत गर्नुले त बौद्धिक दिवालियापनकै उदाहरण दिएको देखिन्छ ।

५

पुख्र्यौली ज्ञानको क्षेत्र बुझ्ने आधारहरू

मिथिला राज्य कहाँ पर्छ ? भनी बुझ्न भारतवर्ष, भरतखण्ड, आर्यावर्त, हिमवत्खण्ड, जम्बुद्वीप र अहिलेको राजनीतिक नेपाल तथा भारतलाई एकसाथ बुझ्नुपर्छ । यसरी बुझ्दा राजर्षि जनक वा गोनु झा, वा विद्यापतिको मिथिला अहिलेको नेपाल र भारत दुवैतिर पर्छ भनी जान्नुपर्छ । सबैलाई मिलाएर हेर्दा मिथिला भनेको हिमालयको दक्षिण, गण्डकीको पूर्व, गङ्गा तथा महानन्दा नदीको मैदानदेखि उत्तरको भूभाग भन्ने बुझिन्छ। राजा जनकको मृत्युपछि त्यही भूभागलाई मगध, पाटलीपुत्र, वैशाली, तिरहुत आदि आठ राज्यमा बाँडिएको देखिन्छ ।

प्राचीन लेख अनुसार उत्तरमा हिमालय र दक्षिणमा समुद्रको बीचमा पर्ने ठाउँलाई भारतवर्ष भनिन्छ । पहिलेको भारवर्षभित्र अहिले अनेकन देशहरू छन् ।

खण्ड भनेको राज्य हो । भरतखण्ड भनेको भारतीय उपमहाद्वीप भित्रको एउटा राज्य हो । कुरुखण्ड, पाञ्चालखण्ड, वत्सखण्ड, मत्सखण्ड । यस्ता अनेकन खण्डहरू भारतीय उपमहाद्वीपमा थिए । नेपाल, ब्रह्मदेश (वर्मा हाल म्यान्मार) खण्डका उदाहरण हुन् ।

आर्यावर्त भनेको सुसंस्कृत बासिन्दाहरू भएको ठाउँ भन्ने बुझिन्छ । हाल भारतको मध्यभागमा रहेको विन्ध्याचल पर्वतदेखि उत्तर; हिमालयदेखि दक्षिण; अरब सागरदेखि पूर्व; प्रशान्त महासागरदेखि पश्चिमको भूभागलाई आयावर्त मानिन्छ । कसै कसैले हाल भारतमा पर्ने गङ्गा तथा यमुना नदीको क्षेत्रलाई आर्यावर्त भनेको पनि पाइन्छ । आर्यावर्तमा पनि नेपाल लगायत धेरै देशहरू पर्दछन् ।

जम्बूद्वीप भनेको हालको एशिया महादेश हो भन्नेहरू पनि छन् । मार्कण्डेय पुराणले चाहिँ यो क्षेत्रको गोलोखण्डलाई जम्बूद्वीप मानेको छ। श्रीमद्भभागवतले विपरीत दिनरात हुने भूखण्डलाई जम्बूद्वीप भनेको छ। महाभारतले समथर मैदानलाई जम्बूद्वीप ठानेको छ। बुद्ध र जैन शास्त्रहरूले यही भूखण्डको मानवबस्तीलाई जम्बूद्वीप भनेका छन्। यसरी हेर्दा जम्बूद्वीप भनेको अहिलेको भारतको ९ गुणा भूमि हो ।

हिमवत्खण्ड भनेको चाहिँ आर्यावर्त अन्तर्गतको हिमाली भेग भन्ने बुझिन्छ। त्यसैले तागाधारीले सङ्कल्प गर्दा भारतवर्षे, भरतखण्डे, आर्यावर्तान्तरगते, जम्बूद्वीपे, हिमवतखण्डे, नेपाल देशे भनिएको हो । यही कुरा राजर्षि जनकको मिथिला राज्यमा पनि लागू हुन्छ । अर्थात् जसरी अहिलेको भारत पनि भारतवर्ष, भरतखण्ड, आर्यावर्तान्तरगत, जम्बूद्वीपमा पर्छ मिथिला राज्य पनि त्यही अन्तर्गत पर्ने ठाउँ हो ।

माथिको परिवेशमा हेर्दा अहिलेको भारतमा नै भारतवर्ष, आर्यावर्त, भरतखण्ड, हिमवत्खण्ड, जबमूद्वीप, मिथिलाक्षेत्र आदिका सबै ज्ञान बने बनाइएका हुन् भनी लेख्नु र लेखाइनु भारतीय विद्वानहरूको अन्यायपूर्ण काम हो। यस्ता कार्यहरूबारे सबै क्षेत्रले सजग हुनु जरुरी छ।

जरो किलो प्रतिष्ठान नेपालद्वारा प्रकाशित पुस्तकहरू :













मूल्य रु. १५०/-

9 789937 938631

जरो किलो प्रतिष्ठान नेपाल